"सुखी र समृद्ध मैवाखोलाको आधार; अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"

# मैवाखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ
प्रदेश नं. १, नेपाल

# प्रथम आवधिक विकास योजना

(आ.व.२०७९/८० - २०८४/८५)

(जेष्ठ, २०८०)

**मैवाखोला गाउँपालिकाको प्रथम आवधिक विकास योजना** (२०७९/८०-२०८४/८५)


**सहयोगी संस्था :**

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

कलवलगुरी, भद्रपुर, झापा, कोशी प्रदेश

**सहजीकरण :**

स्ट्रेन्थ इन्जिनियरिङ्ग कम्पनी प्रा. लि.

पुरानो बानेश्वर, काठमाडौं

**तयार गर्ने/प्रकाशक :**

मैवाखोला गाउँपालिका



सर्वाधिकार : प्रकाशकमा



प्रकाशन वर्ष : २०८०

# मन्तब्य



नेपाल सरकारले तय गरेको दीर्घकालिन लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"**, १ नं प्रदेश सरकारले तय गरेको **"स्वच्छ, सुखी र समुन्त प्रदेश"** राखेर तयार गरेको आवधिक योजना तथा स्थानीय सरकारले पनि स्वभाविक रुपमा संविधानले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी आफ्नो दिगो विकासका लक्ष्य हाँसिल गर्न योजनावद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्ने निर्णय बमोजिम मैवाखोला गाउँपालिकाको प्रथम आवधिक योजना २०८०/८१ - २०८४/८५ तयार गरिएको छ।

समुन्द्र सतहबाट न्यूनतम ८०० मि. देखि ४२०० मि.सम्म उचाईमा अवस्थित, जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका को कुल क्षेत्रफल १३८ वर्ग किमि रहेको छ। प्राकृतिक सम्पदाको हिसाबले ५४ प्रतिशत वन क्षेत्रले, २६ प्रतिशत खेतीयोग्य जमिनले, १६ प्रतिशत बुट्यान तथा झाडी क्षेत्रले ढाकेकाले वन तथा जैविक विवधताका क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ। तीनजुरे मिल्के जलजले तथा गुँरास क्षेत्र, झरना र पोखरीहरु लगाएत सुन्दर पर्यटकीय गन्तब्यहरुले भरिपूर्ण यस पालिकाका बहुसंख्यक स्थानीयहरु कृषि पेशामा खासगरी अलैंची लगाएत नगदेवालमा संलग्न रही जिविकोपार्जनको मुख्य आधार रहेकोले कृषि र पर्यटनलाई अग्रणी विकासको आधार मानेर गाउँपालिकाको विकासको नारा ***"सुखी र समृद्ध मैवाखोलाको आधार : अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"*** भनेर तय गरिएको छ।

मैवाखोला गाउँपालिकालाई हालसम्म कुनै पनि रणनैतीक सडकले छुन नसकेकाले यस गाउँपालिका ताप्लेजुङ जिल्लाको अति विकट स्थानीय तहमा पर्दछ। संघ र प्रदेशसँगको सहकार्य समन्वयमा वसन्तपुर, गुफा, दोभान सडक वैकल्पिक सहायक राजमार्ग रहेको छ जुन सडकलाई गाउँपालिकाले पालिकाले गौरवको आयेजना समेत समावेस गरेको छ यस वाहेक साँघु - भ्याउपोखरी - मिल्के - गोरुजुरे - सभापोखरी -जलजले - असाङलुङ पर्यटकीय पदमार्ग, बहुउद्धेशिय प्रशासनिक भवन, गुँरास पार्क, १५ शैयाको पालिका अस्पताल, शित भण्डार, मदन स्मृति रंगशाला, मानेडाँडा भ्यू पोईन्ट पर्यटकीय क्षेत्र,एकिकृत वस्ती परियोजना विकास लगाएत बिभिन्न १२ वटा आयोजनालाई गौरवका आयोजनाका रुपमा प्राथमिकिकरण गरिएको छ। यस वाहेक अन्न विभिन्न बिषयगत योजना १३८ गरी जम्मा १५० योजना आवधिक योजना अवधिमा सम्पन्न गर्ने तथा उक्त आयोजनाहरु सम्पन्न गर्नलाई करिव ६ अरव लाग्ने प्रारम्भिक अनुमान गरिएको छ।

मैवाखोला सहित बिभिन्न जलाधारहरुले सिमसार सहितका प्राकृतिक सम्पदा, ऐतिहासिक तथा साँस्कृतिक विशेषताहरु भएको यस मैवाखोलागाउँपालिकामा, जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना अनुसार योजनावद्ध विकास गर्न यो प्रतिवेदन एउटा मार्गदर्शक रुपरेखा हुनेछ। हाम्रो स्रोत र साधनहरुलाई सवै आधारभुत तहमा रहेका जनताहरुको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार गरी आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगोविकासको सिद्धान्त अनुसार योजनाहरु तय गर्नको निम्ती यो दस्तावेज तयार भएको छ। हाम्रो आफ्नो कार्यकालको करिव एक वर्ष सकिने वेलासम्म योजनाबद्ध विकासको शुरुवातको लागि गाउँपालिकाले **प्रथम पञ्च वर्षिय आवधिक विकास योजना** ( आ. व. २०८०/८१ - २०८४/८५ ) निर्माण गरेको छ र सोही बमोजिम वार्षिक कार्यक्रम तय गर्दै यस आवधिक योजनाको अवधिभित्र राखेको लक्ष्य प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु।

यो आवधिक विकास योजना, जन सहभागितामूलक योजना तर्जुमा पद्धति अपनाई तयार गरिएको छ। यो योजना तयार गर्न महत्वपूर्ण सहयोग गर्ने गाउँपालिकाका कार्यपालिका सदस्यहरुज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण कर्माचारीहरुज्यू एवं सरोकारवाला सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु। साथसाथै यो आवधिक विकास योजना निर्माणमा सहयोगी प्रदेश अनुशन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगढी झापा, परामर्शदाता संस्था लगायत स्थानीय क्लव, समूह लगायत संस्थाहरु र सम्पूर्ण गाउँवासीहरु प्रति समेत हार्दिक नमन गर्दछु।

धन्यवाद।

श्री विजय प्रकाश वनेम
गाउँपालिका अध्यक्ष

# मन्तब्य



नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न सबै तहका सरकारहरुको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको स्रोत संकलन तथा परिचालका लागि जिम्मेवार बनाएको छ । यसै कममा स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक विकास योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी पनि संविधानले स्थानीय तहलाई सुम्पेको छ ।

वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुऱ्याउँछ । विना योजना सिमित श्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ सेवाको प्रभावकारितालाई गुणस्तरिय र चिरस्थायी बनाउन तथा सन्तुलित विकासलाई मूर्तरुप दिन एवम् विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि वढाउन यो आवधिक योजनाको आवश्यकता अपरिहार्य छ ।

ताप्लेजुङ्ग जिल्लाको पनि दुर्गम पालिका भनेर चिनिने यस गाउँपालिका उर्भरा कृषियोगय जमिन, अलैची, अम्रिसो , अधुवा अकवरे, ओलन ( ५ अ ) सहित बिभिन्न नगदे वाली उत्पादनको मुख्य केन्द्र पनि हो । तीनजुरे मिल्के जलजले गुराँस क्षेत्र, माङमाया छागाँ, छाँमा रिङबु झरना, सिङदो लुङ मैवा झरना, चाँदनी झरना, बोझे पोखरी, भ्याँउ पोखरी, लाम पोखरी, पोथी पोखरी, गुराँस पोखरी, हेङगावरह पोखरी, भुते पोखरी, लालीवास्तोला झरना, रेडपाण्डा, गुराँस पार्क, जारे ढुङ्गा, रमिते ढुङ्गा लगाएतका आकर्शक पर्यटकीय गन्तब्यहरु समेत यहाँका प्राकृतिक सम्पदाहरु हुन । यहाँ बसोबास गर्ने जातजातिहरु मध्ये लिम्बूको बाहुल्यताका साथै शेर्पा, तामाङ, कामी र ब्राम्हण (पहाड) रहेका छन् । यस्तै बिविधतायुक्त अवसरहरुलाई ध्यानमा राखेर समग्र क्षेत्रको समानुपातिक विकासका लागि मैवाखोलागाउँपालिकाको प्रथम आवधिक योजना तयार गरिएको हो ।

आवधिक विकास योजना तर्जुमाको मूल उद्देश्य भनेको गाउँपालिकामा देखिएको विकासका समस्यालाई रणनैतिक हिसाबले सम्बोधन गरी योजनावद्ध विकासको माध्यमबाट गाउँवासीहरुको समृद्धिमा टेवा पुऱ्याउन सक्ने योजनाको खाका तयार गर्नु हो । तसर्थ स्थानीय तहमै संभावना देखिएका अवसरहरु र उपलब्ध हुने श्रोत साधनको अधिकतम उपयोग गरी गाउँपालिकाको विकासका लागि एकीकृत रणनीतिको आवश्यकता पर्न गएकोले गाउँपालिकामा कार्यरत सबै सेवा प्रदायकहरूको विकासका सवालमा समान बुझाई र समन्वयात्मक भूमिका कायम भई विकासको साझा सपनाको रुपमा यस आवधिक विकास योजनाले महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

श्री कमल कुमारी लिम्बु

गाउँपालिका उपाध्यक्ष

# मन्तब्य



नेपालको संविधान २०७२ ले सङ्घीयताको अवधारणाका रुपमा रहेकोसन्निकटताको सिद्धान्त अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधिकरण गरिएको छ। संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरुले स्थानीय, प्रदेश, र संघ सरकारहरुको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरुको बारेमा स्पष्टता गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरुको प्रस्ताव गरेको छ। साथै स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आवधिक योजना तयार गर्न निर्देशन गरेको छ।
त्यसैगरी राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश अनुशन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगढी झापाले तयार पारेको कार्यशर्तको आधार लिएर यस गाउँपालिकाको प्रथम आवधिक योजना तयार गरिएको छ।

मुल रुपमा पर्यटनको विकास, कृषिमा आधुनिकीकरण तथा पशुपालनको व्यवसायीकरण, सुन्दर पर्यटकीय स्थानहरुमा सहज पहुँच तथा व्यवस्थित बनाई सुनमा सुगन्ध बनाउने, ग्रामिण उद्योग विकास, स्वास्थ एवं सचेत नागरिक सहितको न्यायपूर्ण समाज विकास निर्माणमा एउटा महत्वपूर्ण मार्गनिर्देशक दस्तावेज बन्नेछ र मैवाखोलाबासीको जीवनस्तर सुधार गर्दै दिगो विकास र समृद्धि हाँसिल गर्ने दिशामा यस आवधिक योजनाले योगदान पुऱ्याउँछ भन्ने विश्वास लिएको छु।

यस गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले पनि यसमा लक्षित गरिएका विषयगत लक्ष्यहरु, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु दुरगामी प्रभाव पार्ने खालका हुने हुँदा कार्यपालिकामा पर्याप्त छलफल तथा अर्न्तक्रियाबाट निष्कर्ष निकालिएको छ। योजना छनौट गर्दा धेरै महत्वकांछी नभई, सकेसम्म यथार्थपरक, व्यवहारिक, लागु हुन सक्ने र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने गरी योजना तर्जुमा गरिएको छ। आर्थिक वर्ष (०८०।८१ - ०८४।८५) का लागि तय गरिएको यस आवधिक योजनाले यस अवधिभित्र बन्ने वार्षिक कार्यक्रम पनि यही बमोजिम बन्दै जानेछन् र यसले लक्ष्य गरेको उपलब्धि हाँसिल हुनेछ भन्ने विश्वास लिएको छु।

यो आवधिक योजना तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नु हुने आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नु हुने सबै कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य लगायत सम्पूर्ण कर्मचारी साथीहरुप्रति धन्यवाद दिन चाहन्छु। साथै यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परामर्शदातालाई विशेष आभार प्रकट गर्न चाहन्छु।

धन्यवाद।

श्री लक्ष्मीमाया गोम्देन
नि. प्रमुख प्रशासकिय अधिकृत

## विषयसूची


परिच्छेद एक : परिचय........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजना तर्जुमा उद्देश्य........ १

१.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र ........ १

१.४ नीतिगत र कानुनी व्यवस्था ........ २

१.५ आवधिक योजनाको क्रियाकलाप तथा चरण........ २

१.५.१ सन्दर्भ सामग्रीको अध्ययन........ २

१.५.२ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण........ ३

१.५.३ तथ्याङ्क संकलन तथा जि.आ.एस नक्सा ........ ३

१.५.४ वडागत छलफल ........ ३

१.५.५ योजना तर्जुमा कार्यशाला........ ३

१.५.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी........ ४

१.५.७ प्रमाणीकरण........ ४

१.५.८ अन्तिम प्रतिवेदन पेश........ ४

१.६ सीमाहरु........ ४

परिच्छेद दुई : गाउँपालिकाको वस्तुस्थिती ........ ५

२.१ गाउँपालिकाको परिचय........ ५

२.१.१ भौगोलिक अवस्थिति ........ ५

२.१.२ राजनीतिक तथा प्रशासनिक विभाजन ........ ५

२.१.३ भूउपयोग........ ६

२.१.४ वडा विभाजन........ ७

२.१.५ जनसंख्या........ ७

२.१.६ जातजाति र धर्म ........ ७

२.२ आर्थिक विकासको अवस्था........ ८

२.२.१ कृषि तथा पशुपंक्षीपालन........ ८

२.२.२ बैङ्क, सहकारी तथा वित्तीय संस्था........ ८

२.२.३ उद्योग व्यापार व्यवसाय ........ ८

२.२.४ पर्यटन विकास ........ ९

२.३ सामाजिक विकासको अवस्था........ ९

२.३.१ शिक्षा क्षेत्र ........ ९

२.३.२ स्वास्थ्य क्षेत्र........ ९

२.३.३ खानेपानी व्यवस्थापन तथा सरसफाई ........ ९

२.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण........ १०

२.३.५ युवा तथा खेलकुद........ १०

२.४ पूर्वाधार विकासको अवस्था ........ १०

२.४.१ ग्रामीण विकास तथा वस्ती व्यवस्थापन......१०
२.४.२ सिँचाइ......११
२.४.३ विद्युत तथा नवीकरणीय ऊर्जा......११
२.४.४ सडक, यातायात तथा पुलपुलेसा......१२
२.४.५ सूचना तथा सञ्चार प्रविधि......१२
२.५ वन, वातावरण तथा विपद व्यवस्थापनको अवस्था......१३
२.५.१ वन तथा जैविक विविधता......१३
२.५.२ भू तथा जलाधार व्यवस्थापन......१३
२.५.३ वातावरण तथा स्वच्छता......१३
२.५.४ विपद व्यवस्थापन......१३
२.६ संस्थागत विकासको अवस्था......१४
२.६.१ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह......१४
२.६.२ वित्तिय स्रोत परिचालन......१४
परिच्छेद तीन : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण......१५
३.१ दीर्घकालीन सोच......१५
३.२ समष्टिगत लक्ष्य......१५
३.३ विषय क्षेत्रगत उद्देश्य......१५
३.४ समष्टिगत रणनीति......१५
३.५ गाउँपालिकाका समृद्धि सम्वाहक......१६
३.६ गाउँपालिकाको मुख्य आयोजना......१८
३.७ गाउँपालिकाको परिमाणात्मक लक्ष्य......१८
३.८ राजश्व प्रक्षेपण......२०
परिच्छेद चारः आर्थिक क्षेत्र......२२
४.१ कृषि विकास......२२
४.२ पशुपक्षी विकास......३१
४.३ सहकारी क्षेत्र......३७
४.४ उद्योग तथा व्यवसाय......४१
४.५ पर्यटन......४७
४.६ श्रम तथा रोजगार......५३
परिच्छेद पाँचः सामाजिक क्षेत्र......५८
५.१ शिक्षा......५८
५.२ स्वास्थ्य तथा पोषण......६७
५.३ खानेपानी तथा सरसफाइ......७५
५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण......८०
५. ५ युवा तथा खेलकुद......८८
५.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण......९२

परिच्छेद छः पूर्वाधार क्षेत्र ........ ९६
६.१ ग्रामीण विकास तथा वस्ती व्यवस्थापन ........ ९६
६.२ सिँचाइ ........ १०१
६.३ विद्युत तथा नवीकरणीय ऊर्जा ........ १०६
६.४ सडक, यातायात तथा पुलपुलेसा ........ ११०
६.५ सूचना तथा सञ्चार प्रविधि ........ ११७
परिच्छेद सात : वन, वातावरण तथा विपद व्यवस्थापन ........ १२१
७.१ वन तथा जैविक विविधता ........ १२१
७.२ भू तथा जलाधार व्यवस्थापन ........ १२६
७.३ वातावरण तथा स्वच्छता ........ १३०
७.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ........ १३५
परिच्छेद आठः सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था ........ १४०
८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता ........ १४०
८.२ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह ........ १४५
८.३ वित्तिय श्रोत परिचालन ........ १५१
८.४ योजना व्यवस्थापन ........ १५६
परिच्छेद ९ : श्रोत व्यवस्थापन ........ १६२
९.१ श्रोत व्यवस्थापन ........ १६२
परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था ........ १६३
१०.१ योजनाको कार्यान्वयन ........ १६३
१०.२ अनुगमन तथा मूल्याङ्कन ........ १६३
१०.३ मध्यावधि मूल्याङ्कन ........ १६४
१०.४ अनुगमन मूल्याङ्कन खाका ........ १६४
अनुसूचीहरु ........ १६६
अनुसूची १ः वडागत आयोजनाहरु ........ १६६
अनुसूची २ः आवधिक योजना निर्माणको चरणगत फोटोहरु ........ १७९

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

राजनीतिक व्यवस्थाको रुपान्तरणसँगै वि.सं. २०१३ सालदेखि शुरु भएको नेपालको योजनाबद्ध विकास प्रणालीमा पनि रुपान्तरण आएको छ । रुपान्तरित संघीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्न निर्माण गरिएको वर्तमान संविधानले संघ, प्रदेश तथा स्थानीय तहवीच सहकार्य, समन्वय तथा सहअस्थित्वका आधारमा समग्र देशको समृद्धिको आधार तय गर्ने कुरालाई अंगिकार गरेको छ । संविधानले राज्य शक्तिको वाँडफाँड तथा वित्तिय स्रोत हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि समान हैसियत प्रदान गरेको छ भने समग्र देशको तिव्र विकासका लागि तीन तहका सरकार बिच परिपुरकताको सम्वन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ । यस संदर्भमा, संघीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनावद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय सरकारले पनि संघीय तथा प्रदेश सरकारको विकाससँग तादाम्यता मिलाउन आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा निर्देशिका, स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धि निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

संघीय सरकारले जारी गरेका ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाका आधारमा तय गर्नु पर्ने नीतिगत व्यवस्था गरेको छ । अर्कोतर्फ संयुक्त राष्ट्र संघले घोषणा गरेको दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले आवधिक विकास योजना निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

## १.२ आवधिक योजना तर्जुमा उद्देश्य

- गाउँपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकासको खाका कोर्ने ।
- पन्ध्रौ पञ्चवर्षीय योजनाको आधार पत्र तथा संयुक्त राष्ट्र संघका दिगो विकासका लक्ष्यहरु तथा प्रदेश १ का लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउने ।
- गाउँपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- आवधिक योजना कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समिक्षा सूचकहरुको खाका तयार पार्ने ।
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्गनिर्देशित गर्ने ।
- समष्टि र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने ।
- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मुर्तरुप दिन सक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## १.३ आवधिक योजना तर्जुमाको कार्यक्षेत्र

यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरू निम्नानुसार छन् :

१. गाउँपालिकाको वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा वित्तीय व्यवस्था) को विश्लेषण

२. गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका सम्भावना तथा अवसरको विश्लेषण

३. गाउँपालिकाको क्षेत्र तथा उपक्षेत्रगत लक्ष्य, उद्देश्य, परिणाम तथा कार्यक्रमको पहिचान एवम् विश्लेषण

४. तर्कबद्ध प्रणाली (Logical Framework Approach) का आधारमा विषयगत प्रतिफल, असर तथा प्रभाव तहको विश्लेषण

५. संघ, प्रदेश, अन्तरपालिका सम्बन्धका साथै सार्वजनिक, निजी र सहकारी साझेदारी सम्बन्धको विश्लेषण

६. गाउँपालिकाका अन्तरसम्बन्धीत विषयहरुको विश्लेषण

७. गाउँ गौरवका आयोजना, रुपान्तरणकारी आयोजना तथा आयोजना बैंक तयारी

८. आवधिक योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको खाका तयार

## १.४ नीतिगत र कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, संघीय एवं प्रदेशीय कानून र नीति एवं स्थानीय कानून, नीति र स्थानीय तहको अधिकार नै स्थानीय तहको विकासको मार्गचित्र निर्माणका आधारहरु हुन र सोही वमोजिम स्थानीय तहले बिकास निर्माणका खाकाहरु कोरिनु पर्ने हुन्छ । त्यसैगरी नेपालको संविधान, २०७२ अनुसार राज्यले सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, खाद्य सम्बन्धी, स्वास्थ्य, श्रम, रोजगारी, शिक्षा, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिइएकोले त्यस्ता पक्षहरुलाई आवधिक विकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गर्नुपर्ने हुन्छ । आवधिक विकास योजना तर्जुमा गर्ने सन्दर्भमा यस कार्यलाई नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय सरकारको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय तहको कार्यसूचीमा समेत सूचीकृत गरिसकेको छ ।

त्यसैगरी नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा गर्न सक्ने, कार्यान्वयन गर्न सक्ने र सरकारका तीनै तहहरु वीच आपसी सामान्जस्यता समेत हुनुपर्ने कुरामा जोड दिइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट पालिकाहरुका लागि पारिवारिक तथा संस्थागत तथ्याङ्क र सूचना संकलनका लागि मोवाइल एप समेत जारी भई तदनुसार वस्तुगत विवरण तयार गरिनु पर्ने व्यवस्था गरेको छ ।

गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, दीगो विकास, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (३) मा उल्लेख भएको छ ।

राष्ट्रिय योजना आयोगवाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) तयार पारिएको छ । यस अनुसार स्थानीय तहवाट योजना तर्जुमा गर्दा अपनाउनुपर्ने आधारहरु (नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दीगो बिकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावना हरु र राजनीतिक दलका घोषणापत्र) र तीनै तहका सरकारहरुको वीच आवधिक लक्ष्य वीच अन्तर सम्बनध हुनुपर्ने कुरा उल्लेख भएको छ ।

## १.५ आवधिक योजनाको क्रियाकलाप तथा चरण

### १.५.१ सन्दर्भ सामग्रीको अध्ययन

गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि गाउँपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख, रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त गाउँपालिकाको समग्र सम्भावना तथा

चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग अन्तर्गतका ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोगले तयार पारेको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति योजना आयोगले तयार पारेको प्रदेशको वस्तुस्थिती विवरण अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका राजनीतिक पार्टीका प्रतिवद्धता पत्र तथा अन्य सम्बन्धित श्रोत सामाग्रीको अध्ययन गरियो । उल्लेखित अध्ययनहरुको आधारमा गाउँपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### १.५.२ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदिको सहभागितामा संघीय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा एक दिने अभिमूखिकरण कार्यशाला सञ्चालन गरियो । अभिमुखीकरण कार्यशालाको मुख्य उद्देश्य आवधिक योजनाको महत्व र आवश्यकताबारे स्थानीय स्तरमा सुसुचित गर्नु तथा गाउँपालिकाको योजना तर्जुमाका लागि गाउँपालिकाका सरोकारवालाहरुको सहभागिता हुने गरी विषयगत समितिहरु (मुल समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा बिपद व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति)को गठन गर्नु थियो । मुल समिति गाउँपालिका अध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव हुने गरी गठन गरियो भने विषयगत समिति कार्यपालिकाका विषय क्षेत्रगत संयोजकको संयोजकत्वमा गठन गरियो ।

### १.५.३ तथ्याङ्क संकलन तथा जि.आ.एस नक्सा

आवधिक योजना तर्जुमा पूर्व गाउँपालिकाको जनसांख्यिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि गाउँपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क तथा गाउँपालिकाको पार्श्वचित्रको प्रयोग गरिएको छ । तथ्यमा आधारित योजनाले मात्र गाउँपालिकाको सोच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा गाउँपालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई अघि बढाईएको छ । साथै गाउँपालिकाको श्रोत नक्शा तयारी, भू–व्यवस्थापन, तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्याङ्क संकलन तथा GIS Mapping को उद्देश्य गाउँपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गर्नु हुनेछ । यसबाट गाउँपालिकाले आवधिक योजनामा क्षेत्रगत रुपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ ।

### १.५.४ वडागत छलफल

गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानविय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गरी ती क्षेत्रको उच्चतम सदुपयोगका लागि वडावासीले महसुस गरेका अवसर तथा समस्याहरुको चित्रण गर्न वडा स्तरीय छलफल गरिएको छ । वडा स्तरीय छलफलमा वडागत सम्भावना/अवसर तथा समस्या/चुनौतीको समुहगत क्रियाकलापका आधारमा छलफल गरिएको छ । छलफलमा प्रत्येक वडा अन्तर्गतका राजनीतिक प्रतिनिधि, शिक्षक, स्थानीय जानकार, कृषक, आमा समुह, निजी क्षेत्र लगायतका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गराइएको छ । वडागत छलफलको मुख्य उद्देश्य समग्र गाउँपालिकाको सम्भावना/अवसर तथा समस्या/चुनौतीको अवस्था ऊजागर गर्नु तथा आवधिक योजनाले समेट्ने वडा स्तरीय प्रमुख आयोजनाहरुको सूची तयार पारेको छे ।

### १.५.५ योजना तर्जुमा कार्यशाला

गाउँपालिकाको योजना तर्जुमा प्रकृयालाई पूर्णता दिन ३ दिने योजना तर्जुमा कार्यशाला आयोजना गरियो । योजना तर्जुमा कार्यशालामा आवधिक योजनाको अवधारणाको तथा योजनाका सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा छलफल गरियो । परिवर्तित राजनीतिक व्यवस्थाले निर्माण गरेका संघ, प्रदेश तथा स्थानीय सरकारवीचको अन्तरसम्बन्ध, स्थानीय तहको विकासका लागि आवधिक योजनाको महत्व तथा मध्यमकालिन खर्च संरचनाको प्रारुप र महत्वका बारे छलफल भएको गरियो । गाउँपालिकाको वस्तुस्थिती चित्रण तथा समष्टिगत सम्भावना/अवसर तथा समस्या/चुनौतीको समुहगत कृयाकलापका आधारमा छलफल गरियो भने गाउँपालिकाले उपलब्ध गराएको तथ्याङ्कका आधारमा सूचक निर्माण गरिएको थियो भने गाउँपालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्नुका साथै विषय क्षेत्रगत लक्ष्य, उद्देश्य तथा

रणनीति तथा मुख्य कार्यक्रम बारे छलफल गरियो । यसका साथै गाउँपालिकाका गौरवका आयोजना तथा वडागत मुख्य आयोजना छनौटको काम पनि गरियो ।

### १.५.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

गाउँपालिकाको वडागत छलफल, तथ्याङ्क संकलन तथा योजना तर्जुमा कार्यशालाका प्लेनरी छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषणका आधारमा आवधिक योजनाको खाका तयार गरेको छ । आवधिक योजनाको खाकाले गाउँपालिकाको वस्तुगत अवस्था, क्षेत्रगत अवस्था लक्ष्य, उद्देश्य तथा रणनीतिका साथै कार्यनीति र मुख्य कार्यक्रमलाई समेट्नुका साथै राजश्व प्रक्षेपण, क्षेत्रगत बजेट विनियोजन तथा अनुगमन मुल्याङ्कन खाकालाई पनि समेटेको छ । यसरी गाउँपालिकाको पार्श्व चित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा गाउँपालिकाको पाँच बर्षे ( २०८०/०८१-२०८४/०८५) योजना तयार भएको छ ।

### १.५.७ प्रमाणीकरण

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजनाको प्रारम्भिक खाका तयार भएको छ । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि गाउँपालिकाका सम्वन्धित सरोकारहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गरिने छ । प्रमाणीकरणमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझाव संकलन गरिनेछ ।

### १.५.८ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको प्रारम्भिक खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरिनेछ ।

## १.६ सीमाहरु


भरपर्दो र बलियो तथ्याङ्कीय अधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । पर्याप्त तथ्याङ्क र सूचनामा जति बढी योजना तर्जुमा प्रक्रिया अधारित हुन सक्यो त्यो योजना त्यति नै बढी वस्तुपरक र वैज्ञानिक हुन जान्छ । तथापि प्राप्त तथ्याङकलाइ छलफल समेतबाट परिक्षण गरी यथार्थको नजिक पुग्ने प्रयास र सोही अधारमा गाउँ क्षेत्रको आवधिक योजना तर्जुमा गर्ने गरी अध्ययनको सिमा निर्धारण गरिएको थियो । यस आवधिक योजनाले गाउँपालिका क्षेत्रलाई मात्र समेटेको छ ।

# परिच्छेद दुई : गाउँपालिकाको वस्तुस्थिती

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले ८७° ३२' ५.३४'' पूर्वी देशान्तर र २७° २१' ३.८७'' उत्तरी अक्षांशमा अवस्थित मैवाखोला गाउँपालिकाको कुल क्षेत्रफल १३७.८२ वर्ग कि.मि. रहेको छ । जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम ८०० मि. देखि ४२०० मि.सम्म फैलिएको छ ।




उचाई अनुसारको नक्सा

### २.१.२ राजनीतिक तथा प्रशासनिक विभाजन

मैवाखोला पूर्वी नेपालको मेची अञ्चल अन्तरगत ताप्लेजुङ्ग जिल्लाको दक्षिण भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो । वि.स. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा ताप्लेजुङ्ग जिल्लामाा साविकको फाकुम्बा, साँघु र ढुङ्गेसाँघु गाउँ विकास समितिहरुलाई मिलाएर मैवाखोला गाउँपालिका बनाईएको हो । मैवाखोला गाउँपालिकाको क्षेत्रफल १३८ वर्ग किलोमीटर रहेको छ । यो गाउँपालिकालाई ६ वडामा विभाजन गरिएको छ । जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल जनसंख्या १०२१३ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको चैनपुर नगरपालिका, उत्तरपूर्वमा ताप्लेजुङ्ग जिल्लाकै मेरिङदेन गाउँपालिका तथा दक्षिणमा तेह्रथुम जिल्लाको मन्छयायाम गाउँपालिकासम्म फैलिएको छ ।

जनसंख्या : १०२१३

क्षेत्रफल : १३८ वर्ग कि.मी.

केन्द्र : साविक साँघु गा.वि.स.को कार्यालय


सिमाना :

पूर्व : ताप्लेजुङ्ग जिल्लाको आठराई त्रिवेणी

पश्चिम : पश्चिममा संखुवासभा जिल्लाको गाउँपालिका चैनपुर र पन्चखपन न.पा.

उत्तर : उत्तरपूर्वमा ताप्लेजुङ्ग जिल्लाकै मेरिङदेन

दक्षिण : तेह्रथुम जिल्लाको मन्छयायाम गाउँपालिका





स्थान नक्सा

### २.१.३ भूउपयोग

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर भूमि भएको गाउँपालिका हो । यहाँको २६ प्रतिशत जमिन खेतीपातीको लागि उपयोगी देखिन्छ । त्यसैगरी ५४ प्रतिशत जमिन वनजंगलले, १६ प्रतिशत बुट्यान तथा झाडीले, ३ प्रतिशत जमिन बसोबास क्षेत्र र १ प्रतिशत बालुवा र बगर क्षेत्रले ओगटेको छ । गाउँपालिकाको ठूलो क्षेत्रफल वनजंगल क्षेत्रले ढाकेको देखिन्छ ।

| | भू उपयोगको अवस्था | | |
|---|---|---|---|
| **क स** | **विवरण** | **क्षेत्रफल (वर्ग कि.मि)** | **प्रतिशत** |
| १ | वसोवास क्षेत्र | ४.२५ | **३** |
| २ | कृषि योग्य क्षेत्र | ३५.४१ | **२६** |
| ३ | वन क्षेत्र | ७४.८३ | **५४** |
| ४ | बुट्यान तथा झाडी | २२.२९ | **१६** |
| ५ | बालुवा र बगर क्षेत्र | १.२२ | **१** |
| | **जम्मा** | **१३८** | **१००** |
| श्रोत : जि आई एस नक्सा | | | |



भू उपयोग नक्सा

### २.१.४ वडा विभाजन

| क.सं. | वडाको नाम | क्षेत्रफल (वर्ग कि. मि.) | साविकका वडा नं. | केन्द्र |
|---|---|---|---|---|
| १ | ढुङ्गेसाँघु | ८.३६ | १ - ५ | ढुङ्गेसाँघु |
| २ | ढुङ्गेसाँघु | १८.९८ | ६ - ९ | लेकुवा |
| ३ | साँघु | १४.७० | १ - ६ | साघुपाटी |
| ४ | साँघु | २९.१७ | ७ - ९ | ताम्राङ |
| ५ | फाकुम्वा | ८.७० | १ - ४ | देवलढुङ्गा |
| ६ | फाकुम्वा | ५७.९१ | ५ - ९ | साङलुपा |
| कुल | | १३७.८२ | | |

### २.१.५ जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार मैवाखोला गाउँपालिकाको कुल जनसंख्या १०,२१३ मध्ये पुरुष ५१५३ र महिला ५०६० रहेको छ भने कुल घरधुरी २२४९ तथा औषत जनघनत्व ७४ रहेको छ। क्षेत्रफलको आधारमा वडा नं. ६ सबैभन्दा ठूलो वडा (५७.९१ वर्ग कि.मि.) तथा वडा नं. १ सबैभन्दा सानो (८.३६ वर्ग कि.मि.) रहेको छ। ६ वटा वडाहरुमध्ये सबैभन्दा वढी जनसंख्या क्रमश वडा नं. १ (१८८१) र वडा नं. ५ (१८६३) रहेको छ भने अर्को तर्फ सबैभन्दा कम जनसंख्या क्रमश वडा नं. ६ (१५११) र वडा नं. ४ (१५५७) रहेको छ।

| क.सं. | वडाको नाम | राष्ट्रिय जनगणना २०७८ अनुसार | | | |
|---|---|---|---|---|---|
| | | घर परिवार संख्या | जम्मा | पुरुष | महिला |
| १ | ढुङ्गेसाँघु | ४१५ | १८८१ | ९१४ | ९३७ |
| २ | ढुङ्गेसाँघु | ३४४ | १५९९ | ८०२ | ७९७ |
| ३ | साँघु | ४३२ | १८०२ | ९०७ | ८९५ |
| ४ | साँघु | ३३९ | १५५७ | ७७० | ७८७ |
| ५ | फाकुम्वा | ३९१ | १८६३ | ९७४ | ८८९ |
| ६ | फाकुम्वा | ३२८ | १५११ | ७८६ | ७२५ |
| कुल | | २२४९ | १०२१३ | ५१५३ | ५०६० |

### २.१.६ जातजाति र धर्म

यस गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु मध्ये लिम्बूको बाहुल्यता सबैभन्दा बढी रहेको छ। साथै शेर्पा, तामाङ, कामी र ब्राम्हण (पहाड) को बसोबास रहेको देखिन्छ।

यस गाउँपालिकामा बसोबास गर्ने जनसंख्यामध्ये भाषाभाषीको हिसावले हेर्दा लिम्बू भाषा बोल्नेको संख्या सबैभन्दा बढी रहेको छ। साथै शेर्पा, नेपाली, तामाङ र नेवारी भाषा प्रयोग गर्ने गरेको पाईन्छ।

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा पशुपंक्षीपालन

गाउँपालिकामा खाद्यान्न तर्फ धान, मकै, गहुँ, कोदो आदि उत्पादन हुँदै आएको पाइन्छ। तुलनात्मक रुपमा धान भन्दा गाउँपालिका क्षेत्रभित्र मकै र गहुँको उत्पादन वढी हुँदै आएको पाइन्छ। तेलहन, मसलाजन्य र नगदेवालीको तुलनामा नगदेवालीको खेती व्यापक पाइन्छ। पालिका क्षेत्रभित्र अलैंची खेती र आलु खेती धेरै हुने गरको छ। गाउँपालिका क्षेत्रभित्र फलफुलहरुको खेती हुँदै आएको पाइन्छ। यसै क्रममा लिची, किवि, सुन्तला, कागती, एभोकाडो खेती रहेका छन्। जडिबुटी जस्तैः चिराईतो, सतुवा आदिलाई पनि व्यवसायिक रुपमा पकेट क्षेत्र विस्तार गर्ने संभावना रहेको छ।

किसानहरुले आफैले बनाएको मल र रासायनिक मल दुवै प्रयोग गरेर यहाँ कृषि कार्य गर्दछन्। यहाँको कृषी उत्पादन आफ्नै जिल्ला र नजिकका जिल्लामा खपत हुन्छ भने चामल, दाल, तेल आदि तराइका जिल्ला साथै भारतबाट पनि आयात हुन्छ। तरकारी खेती, किवी लगायतका फलफुलको खेती, अलैची, अम्लिसो, अदुवा लगायतका नगदे बालीको उत्पादन, स्थानिय आवश्यकता पुरा हुने गरी खाद्यान्न उत्पादनको सम्भावना यस गाउँपालिकामा छ। यस क्षेत्रको अधिकांश उत्पादन स्थानीय बजारमा खपत हुने गरेको छ।

पशुपंक्षीतर्फ गाई, भैसी, बाखा, भेडा, सुँगुर, बँगुर, कुखुरा पालन सबैजसो घरपरिवारले गरेको दखिन्छ। पशुपंक्षीपालनबाट उत्पादन हुने दुध, माछा, मासु वाह्य क्षेत्रहरुमा निर्यात हुँदै आएको छ। उन्नत घाँस, चिस्यान केन्द्र, दुध सङ्कलन केन्द्र, पशु एम्वुलेन्स, हाटवजार र विक्री वितरणको कमिले विविध समस्या हुँदा व्यवसायिकपालनमा पर्याप्त कठिनाइहरु देखिन्छ।

| विवरण | वार्षिक **उत्पादन** |
|---|---|
| दूध ( लिटर) | १६,००,४०२ |
| मासु (के.जी.) | १,७८,३४५ |
| अण्डा (गोटा) | १,२०,३५० |
| छुर्पी ( के.जी.) | ४५० |
| ऊन ( के.जी.) | ९१० |

व्यवसायिक पशुपन्छी संख्या ५० वटा रहेको, कृषक आवद्ध समूह ५८ वटा रहेको, पशु औषधी पसल २ वटा रहेको, पशु प्राविधिक ८ जना रहेको, नश्ल सुधार - बोका १७ वटा, साढे ६ वटा, बुंगुर २ वटा २५ वटा रहेको, कृत्रिम गर्भधारण १० वटा रहेको, घुम्ती शिविर वर्षेनी ७ पटक हुनु, पशुबिमा संख्या २५० रहेको (बाखा १३७, गाई १३), दूध संकलन केन्द्र २ वटा रहेका छन्। पशु स्वास्थ्य उपचार ६ देखि १० हजार सम्म हुने, परिजिवि ५ देखि ८ हजार सम्म हुने गरेको छ।

### २.२.२ बैङ्क, सहकारी तथा वित्तीय संस्था

यस गाउँपालिमा कृषि सहकारी संस्थाहरुमा माछापोखरी, सिंहकप्लो ढुङ्गेसाँघु, मैवातेड्प सहित, मिल्के साँघु, तुयाली र साना विकास कृषि सहकारी संस्था रहेका छन्। बचत तथा ऋण सहकारी संस्थाहरुमा मानेभञ्ज्याङ कृषि सहकारी संस्था, मैवाखोला ग्रामीण सहका संस्था, सनराइज बैंक लिमिटेड, छिमेकी र मिर्मिरे माइक्रोफाइनान्स संस्था रहेका छन्। यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता बैंकबाट भुक्तानी गर्ने प्रणाली लागु गरिएको छ। नेपाल सरकारको प्रत्येक नेपालीको बैङ्क खाता भन्ने नारालाई साकार बनाउन, व्यक्तिको बचत गर्ने बानीको विकास गर्न र हरेक आर्थिक क्रियाकलापलाई बैंकिङ प्रणालीमा आबद्ध गर्नका लागि विभिन्न जनचेतनाका कार्यक्रम सञ्चालन गरी जनतालाई सुसुचित गर्ने कार्य गरिएको छ।

### २.२.३ उद्योग व्यापार व्यवसाय

सन २०१८ मा भएको एक आर्थिक सर्भेक्षण अनुसार मैवाखोला गाउँपालिका क्षेत्रभित्र ३१० उद्योग व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ भने ७८६ जनसंख्या यस क्षेत्रमा कार्यरत रहेको देखिन्छ। यस अनुसार कृषि, वन तथा माछा व्यवसायसंग सम्वन्धित ७ वटा, उत्पादनसंग सम्वन्धित ५१ वटा, खानी, विजुली, ग्याँस, पानी तथा निर्माणसंग सम्वन्धित १४ वटा, थोक तथा खुद्रा व्यवसायहरु १०२ वटा, यातायात, गोदाम, सूचना तथा संचारसंग सम्वन्धित ३ वटा, होटेल रेष्टुरेण्टसंग सम्वन्धित १८ वटा, वित्तीय, शिक्षा, स्वास्थ्य सेवासंग सम्वन्धित व्यवसायहरु क्रमशः ३, ३० र ३१ वटा र घरजग्गा

कोरोवार, परामर्शसेवा, मनोरञ्जन, कला एवं प्रशासनिक कार्य आदिसंग सम्वन्धित ५१ वटा उद्योग व्यवसायहरु पालिका क्षेत्रभित्र क्रियाशील रहेको देखिन्छ ।

### २.२.४ पर्यटन विकास

यस गाउँपालिकामा प्राकृतिक एवम् पर्यटकिय स्थलहरु प्रशस्त मात्रामा रहेका छन् । तीनजुरे मिल्के जलजले गुराँस क्षेत्र, माङमाया छागाँ, छाँमा रिङबु झरना, सिङदो लुङ मैवा झरना, चाँदनी झरना, बोझ्के पोखरी, झ्याँउ पोखरी, लाम पोखरी, पोथी पोखरी, गुराँस पोखरी, हेङगावरह पोखरी, भुते पोखरी, लालीवास्तोला झरना, रेडपाण्डा, गुराँस पार्क, जारे ढुङ्गा, रमिते ढुङ्गा जस्ता ठाउँ रहेका छन् । धार्मिक पर्यटन अन्तर्गत मेन्छ्यायाम, मुलपानी देवी, महादेव थान, गुम्बाहरु रहेको, सांस्कृतिक पर्यटन अन्तर्गत ओसाङलुङ्. घङयुम्बा गुफा, लिम्बु. तामाङ. शेर्पा, गुरुङ, ब्राह्मण, क्षेत्री, मगरको संस्कृति रहेको, ऐतिहासिक पर्यटन अन्तर्गत सायम्बाहाङ धर्मशाला पार्टी रहेको, राजनीतिक पर्यटन अन्तर्गत जननेता मदन भण्डारीको जन्म घर रहेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ शिक्षा क्षेत्र

राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ७९.९ प्रतिशत रहेको जसमध्ये पुरुष साक्षरता ८५.४ प्रतिशत र महिला साक्षरता ७४.२ प्रतिशत रहेको छ । यस गाउँपालिकामा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहका गरी २९ वटा विद्यालयहरु रहेका छन् भने प्राविधिक धारका २ वटा विद्यालयरहेका छन् । जनसंख्याको आधारमा विद्यालयहरु पर्याप्त छन् । शत प्रतिशत विद्यालय भर्ना हुने गरेको र यस गाउँपालिका साक्षर पालिका घोषणा भईसकेको छ । एउटा विद्यालयमा नर्सको व्यवस्था भएको, विद्यालय सुधार योजना निर्माण भएको, केहि विद्यालयमा आइ.सि.टि, साइन्स ल्याब र पुस्तकालय भएको, भौतिक पूर्वाधार रहेको, तालिम प्राप्त शिक्षक, शैक्षिक गुणस्तर प्राप्तिका लागि प्रयास भएको छ । दिवा खाजाको व्यवस्था, मातृभाषामा पठनपाठन, इन्टरनेट सुविधा, विद्यालयलाई कुलत/धुर्मपान र मध्यपान रहित बनाइएको, विद्यालयमा बालविकास सहजकर्ता भएको, केहि विद्यालय हरित विद्यालय रहेको अवस्था छ ।


### २.३.२ स्वास्थ्य क्षेत्र

यस गाउँपालिकाको ५ वटा वडामा स्वास्थ्य संस्थाहरु रहेका छन् भने प्राथमिक स्वास्थ्य केन्द्र ढंङ्गेसाघुँ १५ शैयाको अस्पतालको निर्माणाधिन रहेको छ । स्वाथ्य संस्थाहरुमा नि:शुल्क औषधीहरु रहेको, बर्थिङ सेन्टर रहेको, वर्थिङ सेन्टरमा लाभान्वित गर्भवतीहरु रहेको, गाउँघर क्लिनिक, खोप क्लिनिक रहेको, शिघ्र कुपोषित र मध्यम कुपोषित बालबालिकाहरुको उपचार कक्ष रहेको, एम्बुलेन्स सेवा, खोप कार्यक्रम सञ्चालनमा रहेका छन् । यस गाउँपालिकाले पाँच वर्ष भित्रमा एक जना मेडिकल अधिकृत उत्पादन गर्ने लक्ष्य राखेको छ ।

वालवालिकामा कुपोषण खासगरी उमेर अनुसार कम तौल अझै शुन्य संख्यामा आउन सकिरहेको छैन । झाडापखला, स्वासप्रस्वास जस्ता सङ्क्रामण रोगहरुवाट स्थानीयहरु प्रभावित हुँदै आएका छन । यसतर्फ स्वास्थ्य सचेतनाको आवश्यकता रहेको महसुस हुन्छ । तापनि महामारीवाट ज्यान गुमाउनेहरुको संख्या शुन्य छ । मातृमृत्य, नवजात तथा शिशुको मृत्यु, ५ वर्ष मुनीका वालवालिका मृत्युमा उल्लेखनीय प्रगति हासिल भएको छ । यसतर्फ मृत्युदर करीव करीव शुन्य दरमा रहेको पाइन्छ ।

### २.३.३ खानेपानी व्यवस्थापन तथा सरसफाई

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी २२४९ मध्ये करीव ७३.५ प्रतिशत अर्थात १६५२ घरधुरीमा पाइपलाइनको निजीधारा जडान भएको पाइन्छ । यस अनुसार अझैपनि करीव २७ प्रतिशत घरधुरीमा खानेपानीको निजी धारा उपलब्ध हुन वाँकी रहेको देखिन्छ । यसैगरी सार्वजनिक धारावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या ५४९ अर्थात करीव २४.४ प्रतिशत र सुरक्षित कुवावाट खानेपानी उपभोग गर्ने घरधुरी ०.४ प्रतिशत रहेको छ । यसरी



सुरक्षित खानेपानी उपभोग गर्ने घरधुरी करीव ९७.९ प्रतिशत रहेको देखिन्छ भने असुरक्षित खुल्ला कुवा, ढुङ्गेधारा एवं नदीखोलावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करीव २.१ प्रतिशत रहेको देखिन्छ ।

यसैगरी शौचालय तर्फ राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ८४.२ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलव्ध भएको देखिन्छ भने करीव १५.८ प्रतिशत घरधुरीलाई व्यवस्थित शौचालयको व्यवस्था हुन सकेको छैन । ढल सहितको शौचालय भएका घरधुरी संख्या करीव १.७ प्रतिशत छन् भने सेफ्टिट्याङ्की भएकाको संख्या करीव ८२.५ प्रतिशत छ । त्यसैगरी १३.६ प्रतिशत घरधुरीमा खाल्डे चर्पी प्रयोगमा आएको पाइन्छ भने सार्वजनिक शौचालय प्रयोग गर्ने ०.४ प्रतिशत र शौचालयको पहुँच नपुगेकाहरु १.७ प्रतिशत रहेका छन् ।

### २.३.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मैवाखोला गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५०६० अर्थात ४९.५४ प्रतिशत रहेको छ । त्यसै गरी महिला घरमुलीको ०.५ प्रतिशत रहेको छ । त्यसैगरी महिलाको स्वामित्वमा घर तथा जग्गा ६.४ प्रतिशतको रहेकोछ । लैङ्गिक अनुपातका हिसाबले हेर्दा यस गाउँपालिकामा १०१.८४ पुरुष प्रति १०० महिला रहेको छ । ६० वर्ष भन्दा माथिको उमेर समुहको जनसंख्या ८५७ प्रतिशत रहेको छ भने १५ वर्ष भन्दा मुनिको उमेर समुहको जनसंख्या २९.२ प्रतिशत रहेको छ ।

कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा जनजाति तथा दलित महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । पालिका क्षेत्रभित्र सवै वडाहरुमा आमा र महिला समूहहरु क्रियाशील छन् । पालिका क्षेत्रभित्र १ वटा महिला सहकारी संस्था क्रियाशील रहेको पाइन्छ भने महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय ३३ वटा रहेका छन् । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरु पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ ।


### २.३.५ युवा तथा खेलकुद

यस गाउँपालिकामा १५ देखि ३९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४१.७ प्रतिशत रहेको छ, जसमा पुरुष २१.१ प्रतिशत र महिला २०.६ प्रतिशत रहेको छ । पालिकाका सवै वडाहरुमा खेल मैदान निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । सबै वडामा खेलमैदान निर्माणका लागि अनुदानका लागि उचित पहल भएको छ । वडा स्तरीय र गाँउ स्तरीय खेलकुद कार्यक्रम सञ्चालन भएका छन् भने खेलकुद सम्वन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन, खेलमैदान सुधार र खेलकुदका सामाग्री वितरण लगायतका कार्य सञ्चालन भएका छन् । यहाँ युवा क्लवहरु पर्याप्त रहेको, व्यवसाहिक सिप भएको तथा प्राविधिक शिक्षा प्राप्त युवा केही मात्रामा रहेको, मदन भण्डारी स्मृती बहुउद्देश्य रंगशाला निर्माणाधिन रहेको, स्थानिय स्तरका लोपोन्मुख खेलहरु रहेको
(डण्डिबियो, भलिबल), ६ वटा वडामा साना साना खेलमैदान रहेका छन् ।


## २.४ पूर्वाधार विकासको अवस्था


### २.४.१ ग्रामीण विकास तथा वस्ती व्यवस्थापन

राष्ट्रिय जनगणना २०७८ अनुसार, परिवार संख्या मध्ये ८९.९ प्रतिशतले आफ्नै स्वामित्वको आवासमा र बाँकी मध्ये ७.४ प्रतिशतले भाडाका आवासमा बसोबास गरेको पाइन्छ । संस्थागत तथा व्यावसायिक भवन ०.४ प्रतिशत छन् ।



यस गाउँपालिकामा ८८.६ प्रतिशत जति आवासीय भवन माटोको जोडाइमा ढुङ्गा र ईटाको गारोले बनेका छन् । त्यसैगरी जस्ता तथा टिनले छाएको घर ८४.१ प्रतिशत रहेको छ भने खर, पराल, छ्वालीले छाएको घर १३.९ प्रतिशत रहेको छ । राष्ट्रिय भवन संहिताको कमजोर कार्यान्वयनले पनि निर्मित भवन भूकम्पीय दृष्टिकोणले कमजोर देखिन्छ र खरको छानामुक्त गाउँपालिका बनाउने कार्य भइरहेको छ ।









## २.४.२ सिँचाइ

मैवाखोला गाउँपालिकामा पानीका मुहानहरु प्रशस्त छन् । भइरहेका साना-ठूला मुहानहरुमा माङमाया, तेरुवा लोदुम्वा, नेङवा खोला, युमिचा, चैया खोला पर्दछन् । गाउँपालिकामा सिँचाईको कुनै ठूलो योजना नरहेको र परम्परागत शैलीमा कुलोहरु निर्माण गरेर सिँचाई गरिरहेको अवस्था रहेको छ ।

## २.४.३ विद्युत तथा नवीकरणीय ऊर्जा

मैवाखोला गाउँपालिकामा लघु विद्युत ६० प्रतिशत रहेको छ भने हालसालै वडा नं. १ देखि ६ वडा सम्म केन्द्रिय प्रसारन लाईन विस्तारको कार्य हुँदै छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, ७९.३ प्रतिशत परिवारको विद्युत सेवामा पहुँच पुगेको छ भने १६.४ प्रतिशत परिवारले सोलार प्रयोग गर्दछन् । खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धेरै दाउरा (९८.४ प्रतिशत) को प्रयोग भएको देखिन्छ ।






## २.४.४ सडक, यातायात तथा पुलपुलेसा

मैवाखोला गाउँपालिकालाई हालसम्म कुनै पनि रणनैतीक सडकले छुन नसकेकाले यस गाउँपालिका ताप्लेजुङ जिल्लाको अति विकट स्थानीय तहमा पर्दछ । संघ र प्रदेशसँगको सहकार्य समन्वयमा वसन्तपुर, गुफा, दोभान सडक (६५ कि.मि. लम्बाई र १५ मि. चौडाई) वैकल्पिक सहायक राजमार्ग रहेको छ । तिनजुरे मिल्के जलजले (सुनसरी, संखुवासभा, ताप्लेजुङ) सँगको सहकार्य समन्वयमा पर्यटकीय पदमार्गको डि.पि.आर तयार भएको छ । साथै साँघु - झ्याउपोखरी - मिल्के - गोरुजुरे - सभापोखरी -जलजले - असाङलुङ पर्यटकीय पदमार्गको अवधारणा रहेको छ । यस गाउापालिकामा हाल २३ वटा झोलुङ्गे पुल रहेका छन् भने याङ्देली पुल, टिम्मुरे लोदुम्बा, माङमाया, चल्ले गरी ४ वटा पक्की पुलको मुख्य आवश्यकता रहेको छ ।

यहाँ सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा प्राय टेक्टर, जिप, बस, मोटरसाइकलहरूको प्रयोग गरिएको देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बस बिसौनीको अभाव रहेको छ । आन्तरिक यातायातको भरपर्दो सडक सुविधा नभएकोले गाउँपालिकामा आन्तरिक यातायात सेवा सुचारु भएको छैन । यद्यपी गाउँपालिकाबाट दैनिक रूपमा वसन्तपुर, हिले, धनकुटा, धरान जाने यातायात सञ्चालनमा रहेको छ । यस बाहेक निजी सवारी भाडामा लिएर जुनसुकै ठाउँ जान सकिन्छ ।

## २.४.५ सूचना तथा सञ्चार प्रविधि

वि. स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाका ४८ प्रतिशत घरपरिवारमा रेडियो रहेको देखिन्छ भने २३.४ प्रतिशत घरपरिवारमा टेलिभिजन रहेको देखिन्छ । त्यसैगरी ल्याण्डलाइन टेलिफोन प्रयोग गर्ने घरपरिवार १.१ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा साधारण मोवाइल प्रयोग  गर्ने घरपरिवार ८४.६ प्रतिशत रहेको छ भने स्मार्ट मोवाइल प्रयोग गर्ने घरपरिवार ५२.४ प्रतिशत रहेको छ । कम्प्यूटर तथा ल्याटप प्रयोग गर्ने घरपरिवार २.८ प्रतिशत रहेको छ  भने इन्टरनेट प्रयोग  गर्ने घरपरिवार ५.३ प्रतिशत रहेको छ । पालिकामा सूचना, संचार तथा प्रविधि विकासका क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको भए पनि गाउँपालिका कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने पालिका र वडा कार्यालयमा निशुल्क इन्टरनेटको व्यवस्था गरिएको छ तर यो प्रभावकारी भने छैन ।

## २.५ वन, वातावरण तथा विपद व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

मैवाखोला गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ५४ प्रतिशत वन क्षेत्रले, २६ प्रतिशत खेतीयोग्य जमिनले, १६ प्रतिशत बुट्यान तथा झाडी क्षेत्रले र १ प्रतिशत बालुवा तथा बगर क्षेत्रले भू-भाग ओगटेको देखिन्छ । कुनै पनि स्थानको समग्र भू-आवरण मध्ये ४० प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनको हिसाबले सुखद विषय हो । यद्यपी सो वनको पूर्णत सदुपयोग र वैज्ञानिक व्यवस्थापन र खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको समेत राम्रो सम्भावना देखिन्छ ।
यहाँ साझेदारी वन र राष्ट्रिय वनहरु छन् भने धार्मिक वन छैन र सामुदायिक वनको संख्या १३ वटा अभिलेख भएको छ । यहाँ प्राकृतिक रुपमा चिराइतो, विख्मा, पाँच अम्ले, सतुवा, पदमचाल, कुड्‌ही, तितेपाती, यार्सागुम्बा, विष, पाखन्वेद, ठूलो ओखती, टिम्बुर, चिम्फीङ खानक्पा, खोकिम, हडचुर, भिरमौरीको मह, भुतकेश, वनलसुन आदि जडिबुटीहरु पाइन्छन् । रेड पाण्डा र डाँफेको अभिलेख हिमालयन संरक्षणले गर्दै आएको छ । यहाँ हिंसात्मक जनावर, भालु, सर्प, बाघको आतंक खासै रहेको छैन । यहाँका वासीहरुसँग मालिङगो, बाँसका गैरकाष्ठ हस्तकलाका वस्तु (डोको नाम्लो, हातेकागज, डालो, थुन्से आदि) निर्माण गर्ने सीप रहेको छ ।

### २.५.२ भू तथा जलाधार व्यवस्थापन

यस गाउँपालिकामा लाम्पोखरी-३, वोझनी पोखरी-४, भ्याऊ पोखरी-३, छाँगा रिङबु-४, चाँदनी झरना, माछा पोखरी-१, छाँगा टार-२/३, सिन्धोलुङ्ग गोरुजुरे, हात्तीसुडे, रमिते, महबीर-१, फूङफाङ झरनाहरु रहेका छन् । साथै पहिरो नियन्त्रण गर्नुपर्ने संवेदनशिल क्षेत्रहरु नेरुवाखोला दायाँ बाँया, फटेङ्गे पुछार, चैया खोला, साङ्‌लुपा, साम्तुङ, सेलुवा खोला किनारा तथा फुक्पाङ् खोला आसपास रहेका छन् ।

### २.५.३ वातावरण तथा स्वच्छता

यस गाउँपालिकामा फोहोरमैलातर्फ घर, आँगन, कार्यालय तथा अस्पतालको फोहोरमैला विसर्जन गर्ने अभ्यास रहेको पाइन्छ । फोहोरको वर्गीकरण गरी सुरक्षित विसर्जन हुन सकिरहेको छैन र बजार क्षेत्रमा सतह ढलको व्यवस्था प्रभावकारी हुन सकेको छैन । घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा बाल्ने अभ्यास कायम छ । घरहरुमा सुधारिएको चुल्हो जडान गर्ने अभ्यास रहेको छ । सार्वजनिक शौचालयको अवधारणालाई व्यवस्थित रुपमा सञ्चालन तथा निरन्तरता दिन सकेको छैन । गाउँपालिकामा डम्पिङ साइट निर्माण गर्ने योजना रहेको छ । वातावरण स्वच्छ राख्न लालिगुँरास, वेत, बाँस, अम्लिसो, चाँप आदि वृक्षरोपण हुने गरको छ ।

### २.५.४ विपद व्यवस्थापन

मैवाखोला गाउँपालिकामा विपद व्यवस्थापन सम्बन्धी आपतकालिन प्रतिकार्य सञ्चालन केन्द्र रहेको, राहत सामाग्रीको व्यवस्थापन रहेको, प्राथमिक उपचार केन्द्र रहेको, समुदायमा आधारित विपद जोखिम व्यवस्थापन समिति क्रियाशिल रहेको, विपद जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण भएको, पालिकामा विपद व्यवस्थापन कोष रहेको र उक्त कोषमा १० लाख रकम रहेको, विपद पूर्व तयारी रहेको, आपतकालिन उद्धारका साधनहरुमा एम्बुलेन्स रहेको, तालिम प्राप्त आपतकालिन तथा स्वयंसेवक जनशक्तिको व्यवस्था रहको, खुल्ला क्षेत्र तथा मैदानको व्यवस्थामा विद्यालयहरुको खेल मैदान रहेको, विपद प्रतिकार्यको लागि आपतकालिन नमूना अभ्यास भएको, तालिम प्राप्त जनशक्तिले नमूना अभ्यास गरेको, सरोकारवाला संघ संस्थाहरुसँग विपद व्यवस्थापनको लागि समन्वय तथा साझा कार्यक्रमहरु सञ्चालन भएको, भौतिक संरचना तथा भवन संहिता लगायतका निर्देशिका तथा मापदण्ड अनुसार निर्माणको शुरुवात भएको, पालिकाले विपद व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरेको जस्ता राम्रा पक्षहरु रहेका छन् । तर भूकम्प प्रतिरोधात्मक निजी घरहरु निर्माण गर्ने प्रयासहरु अति न्यून छ ।

यस गाउँपालिकामा जलवायु उत्थानशिल योजना बनेको, जलवायु परिवर्तनसँग सम्बन्धित क्यालेण्डर तयार भएका र सोही अनुसारको खेतीपाती प्राणली अवलम्वन हुने गरेको, जलवायु जोखिम न्यूनिकरणको निम्ति वृक्षरोपण कार्यक्रम रहेको, लालिगुराँस वृक्षरोपण कार्य अघि बढेको जस्ता राम्रा पक्षहरु रहेका छन् ।

## २.६ संस्थागत विकासको अवस्था

### २.६.१ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह

यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, सभा, न्यायिक समिति र वडासमितिहरु आफ्नो जिम्मेवारी अनुसार कियाशील रहेका छन् । यस गाउँपालिका निर्माण भएर राजपत्रमा प्रकाशित भई हालसम्म १२ ऐन, ३ नियमावली, २२ कार्यविधि स्वीकृत भइसकेको छ । यहाँ हाल २७ जना स्विकृत र ४१ जना दरबन्दी कर्मचारी संख्या रहेको छ । डिजिटल नागरिक वडा पत्र सञ्चालनमा आएको छ। साथै बालमैत्री भवनहरु निर्माण हुँदै गरेको, वार्षिक नीति कार्यकम्रको तर्जुमामा नगरिक समाज लगायत स्थानीयहरुको सहभागिता भएको, नियमित आन्तरिक तथा बाह्य लेखा परिक्षण हुने गरेको, विषयगत समितिहरु गठन भई सञ्चालन भएको, न्यायिक समिति सक्रिय रुपमा कार्यरत रहेको छ । न्यायिक समितिबाट मुद्दाहरुको सुनुवाई भएको छ । सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन् । ऐन नियम तथा कार्यविधिहरु बनाई कार्यान्वयन हुनु, सार्वजनिक उत्तरदायित्वका औजारहरु प्रयोगमा आउनु, वेवसाइटमा वार्षिक योजना पुस्तिका हुनु, गाउँपालिकाको वार्षिक आयव्यय सार्वजनिक हुनु जस्ता राम्रा पक्षहरु रहेका छन् ।

### २.६.२ वित्तिय स्रोत परिचालन

गाउँपालिकामा विधायन, सुशासन, लेखा, राजश्व लगायतका विभिन्न समिति तथा उपसमितिहरु गठन गरी स्थानीय शासन सञ्चालनको अभ्यास भएको छ । स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोवार सञ्चालन भएको छ । आर्थिक वर्ष २०७९/८० को कुल वार्षिक वजेट ३७,५४,२२००० रहेको छ जसमध्ये चालु ७,०४,९९,४०० र पुँजिगत ३०,४९,२२,६०० रहेको छ । साथै कुल आन्तरिक आय ३५,००,००० रहेको छ । लक्षित वर्गलाई बजेट व्यवस्था भएको छ । सार्वजनिक निजी साझेदारी अभ्यास सुरु भएको, लागत सहभगिता कार्यक्रम भएको, डिजिटल लेखा प्रणाली रहेको, राजश्वको निति कार्यक्रम कार्यन्वयन रहेको छ । राजश्वका श्रोतहरु व्यापार व्यवसाय, जडिबुटि जिवजन्तु कर, स्थानीय पूर्वाधार शुल्क, सिफारिस सेवा शुल्क, वित्तिय संस्था समुह दर्ता शुल्क आदि रहेका छन् ।

# परिच्छेद तीन : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण

## ३.१ दीर्घकालीन सोच

संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेर तीनै तहबीच समान सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको सहकारिताबाट मात्र राज्यले सोचेको समृद्धिको सपना पूरा हुने कुराको परिकल्पना गरेको छ । तसर्थ स्थानीय सरकारले निर्माण गर्ने योजना संघीय र प्रादेशिक योजनाको आधार स्तम्भमा तय गर्नु पर्ने हुन्छ । मैवाखोला गाउँपालिकाको हकमा पनि दिगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौं पञ्च वर्षीय योजना, प्रदेशले अंगिकार गरेको प्रादेशिक योजना, अन्तरपालिका सम्वन्ध तथा गाउँपालिकाको वस्तुस्थिति र स्थानीय आवश्यकताका आधारमा योजना तर्जुमा गर्नु पर्ने देखिन्छ ।

विकासका अपार सम्भाव्यता बोकेको यो गाउँपालिकामा विकासका सम्भावनाहरुलाई समृद्धिमा रुपान्तरण गर्न दुरदृष्टि राखी योजनाबद्ध हिसाबले प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक छ। मैवाखोला गाउँपालिकाको विकास प्रारुपले नेपाल सरकारको "**समृद्ध नेपाल सुखी नेपाली**" तथा प्रदेश नं. १ सरकारको "**स्वच्छ, सुखी र समुन्नत प्रदेश**" को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै मैवाखोला गाउँपालिकाले दीर्घकालीन सोचलाई पुर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तरवस्तुको सम्वोधन हुन सक्छ । अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी गाउँपालिकाले आफ्नो सोच निर्धारण गर्नु पर्ने हुन्छ। मैवाखोला गाउँपालिकाले दीर्घकालीन सोचको निर्माण गर्नका लागि कार्यपालिका तथा विषयगत शाखाहरुको सहभागितामा सम्पन्न आवधिक विकास योजना तर्जुमा कार्यशालाले मैवाखोला गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

**"सुखी र समृद्ध मैवाखोलाको आधार; अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"**

## ३.२ समष्टिगत लक्ष्य

मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै अर्गानिक कृषि, दिगो पर्यटन लगायत सामाजिक तथा पूर्वाधार विकास गरी आय र रोजगारीका माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक वृद्धि गर्ने ।

## ३.३ विषय क्षेत्रगत उद्देश्य

- गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरुमा पहुँच सुनिश्चित गर्नु ।
- गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल तथा जडिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि, वनमा आधारित उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरु प्रवर्द्धन गर्नु ।
- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरु समावेशी र समन्यायीक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी सर्वाङ्गीण विकास गर्नु ।
- गाउँपालिकाको सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपदहरुको समुचित व्यवस्थापन गर्नु ।
- गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

## ३.४ समष्टिगत रणनीति

| |
|---|
| उद्देश्य नं. १ गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरुमा पहुँच सुनिश्चित गर्नु । |
| रणनीतिहरु<br>• केन्द्र र प्रदेश सरकारसँग साभेदारीमा गाउँपालिका भित्रका प्रमुख सडकहरुको निर्माण, पुल र सामुदायिक भवन तथा गाउँपालिकाको भवन निर्माण गर्ने ।<br>• विद्युत, टेलिफोन सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने ।<br>• भौतिक पूर्वाधारहरुको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने । |

| |
|---|
| • भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्ने । |
| उद्देश्य नं. २ गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल तथा जडिबुटीको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि, वन, खनिजमा आधारित उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरु प्रवर्द्धन गर्नु । |
| रणनीतिहरु<br>• स्थानीय श्रोतको पहिचान र उपयोगमा आधारित आर्थिक विकास गर्ने ।<br>• उद्योग, वन पैदावार, कृषि तथा पशुपालनको विकासमा स्थानीय जनतासँग सहकार्य गर्ने साथै यस क्षेत्रमा अगाडि बढन चाहने व्यवसायीहरुलाई गाउँपालिकाले अनुकुलता प्रदान गर्ने ।<br>• स्थानीय श्रोत साधनमा आधारित उद्योग तथा व्यवसायहरुको विकासका लागि भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने ।<br>• वन र कृषिमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने । |
| उद्देश्य नं. ३ गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरु समावेशी र समन्यायीक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी सर्वाङ्गीण विकास गर्नु । |
| रणनीतिहरु<br>• गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने ।<br>• युवाहरुलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरवमा सरिक गराउने ।<br>• परम्परागत मौलिक संस्कृति भाषा, र परम्पराको जगेर्ना गर्ने ।<br>• स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने ।<br>• सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने । |
| उद्देश्य नं. ४ गाउँपालिकाको सांस्कृतिक तथा प्राकृतिक वातावरणीय धरोहरहरुको संरक्षण तथा संवर्द्धन गर्नुका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरुवाट उत्पन्न विपदहरुको समुचित व्यवस्थापन गर्नु । |
| रणनीतिहरु<br>• गाउँपालिकाका प्राकृतिक र सांस्कृतिक श्रोतहरुको सूची अद्यावधिक गर्ने ।<br>• उद्योग लगायत आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने ।<br>• प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रविधिको अधिकतम उपयोग गर्ने ।<br>• विपद व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरुसँग सहकार्य गर्ने । |
| उद्देश्य नं. ५ गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरु पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउनु । |
| रणनीतिहरु<br>• गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरु खोजी गर्दै वित्तीय आत्मनिर्भरता तर्फ अघि बढाउने ।<br>• केन्द्र र प्रदेश तथा अन्य श्रोतहरुबाट प्राप्त वित्तीय श्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने ।<br>• विकेन्द्रीकरणको अवधारणा अनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने ।<br>• जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अवलम्बन गर्ने ।<br>• गाउँपालिकाबाट हुने निर्णय र सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र समयवद्धतालाई अवलम्बन गर्ने । |

## ३.५ गाउँपालिकाका समृद्धि सम्वाहक

- संघ र प्रदेशसँगको सहकार्य समन्वयमा वसन्तपुर, गुफा, दोभान सडक (६५ कि.मि. लम्बाई र १५ मि. चौडाई) वैकल्पिक सहायक राजमार्ग रहेको छ ।
- तिनजुरे मिल्के जलजले (सुनसरी, संखुवासभा, ताप्लेजुङ) सँगको सहकार्य समन्वयमा पर्यटकीय पदमार्गको डि.पि.आर तयार भएको छ ।
- साँघु - झ्याउपोखरी - मिल्के - गोरुजुरे - सभापोखरी -जलजले - असाडलुङ पर्यटकीय पदमार्गको अवधारणा रहेको छ ।
- प्रशासनिक भवनको डि.पि.आर तयार भएको छ ।

- गुँरास पार्क जैविक विविधताको डि.पि.आर तयार भएको छ ।
- १७ करोडको ठेक्का भई १५ शैयाको अस्पताल ठेक्का सकेर काम शुरु भएको छ ।
- लघु विद्युत ६० प्रतिशत रहेको छ ।
- नारायण माध्यामिक विद्यालय, नमुना मैवाखोला माध्यामिक विद्यालयमा कम्प्युटर इन्जिनियरिङ्ग शुरुवात भएको छ ।
- याङ्देली पुल, टिम्मुरे लोदुम्बा, माङमाया, चल्ले गरी ४ वटा पक्की पुलको आवश्यकतालाई पूरा गरेर पहुँचमा सहजता ल्याउन सकिने छ ।
- प्रदेशसँगको समन्वयमा चल्ले चित्रे मुडे लाली बुङ्धाक मुख्य मन्त्री ग्रामीण सडक रहेको छ । (१५ मि. चौडाई)
- दोभान तिरतिरे खार्ते फाकुम्बादेखि साम्तोङ्ग सम्मको सडक खण्डको नेरुवा खार्ते मोटरेबल पुलको डि.पि.आर तयार भएको छ ।
- मदन स्मृति रंगशालाको काम शुरु भएको छ ।
- अन्तर जिल्लाको अन्तर पालिका समन्वयमा लालीगुँरास, मेन्छयाम, धर्मदेवी, पाँचखपन चैनपुरसँयग पर्यटन प्रवर्द्धन तथा आर्थिक विकासको लागि सहकार्य भएको छ ।
- ताप्लेजुङ जिल्ला अन्तर पालिका स्तरीय समन्वयमा कृषि र स्वास्थ्यमा स्तानक शिक्षा सञ्चालन गर्न सकिने छ ।

**बाह्य पक्षसँग,**

- GWT (Gurkha Welfare Trust) खानेपानी सरसफाई विपद २०८२ सम्म रहने छ ।
- HPF (Human Practice Foundation) द्वारा विद्यालय भवन निर्माण, शिक्षक तालिम, ल्याब निर्माणमा सहयोग रहेको छ ।
- युनाइटेड वर्ल्ड स्कूल रहेको छ ।
- जैविक विविधता सम्बन्धी कार्य गर्ने हिमाली संरक्षण मञ्च रहेको छ ।

**लगानी गर्न सक्ने क्षेत्रहरु,**

- कृषि - गैर खाद्यमा अलैची र खाद्यमा धान, मकै, आलु र बेसार रहेको छ ।
- गुँरास पर्यापर्यटन, साहसिक पर्यटन र साँस्कृतिक पर्यटन - शेर्पा, लिम्बुको साथै पर्यटकीय अनुसन्धानको संभाव्यता रहेको छ ।
- जलश्रोत उर्जा मैवाखोला १८ मेघावाट PPA, १२ मेघावाट अध्ययनको क्रममा रहेको छ ।

### समष्टिगत चुनौतीहरु :

वैकल्पिक सहायक राजमार्गमा न्यून बजेट, कार्यमा ढिलासुस्ती र संघबाट श्रोत विनियोजनबाट नभएको अवस्था छ । गुँरास पार्क निर्माणमा न्यून बजेट र श्रोत अपर्याप्तता रहेको छ । प्रशासनिक भवन नभएको, औद्योगिक ग्राम नभएको अवस्था छ । १५ शैयाको अस्पताल निर्माणमा निर्माण व्यवसायीको तर्फबाट काममा ढिलासुस्ती भइरहेको छ । कम्प्युटर इन्जिनियरिङ्ग पठनपाठनमा दक्ष शिक्षकको कमी, भौतिक पूर्वाधार तथा उपकरणको कमी, स्मार्ट बोर्ड, सि.सि. टि.भि. आदिको कमी रहेको छ । मुख्य मन्त्री ग्रामीण सडक तथा पुलहरु निर्माणमा पनि श्रोत सुनिश्चित छैन, बनिरहेको संरचना पनि गुणस्तरहिन रहेको र काम ढिलासुस्ती भएको छ । मदन स्मृति रंगशालाको अवधारणा अधुरो रहेको र श्रोत अनिश्चित छ । अन्तर जिल्लाको अन्तर पालिका आयोजनाहरुमा लाभ बाँडफाँडमा समस्या छ । **लगानीयोग्य कृषि क्षेत्रको** उत्पादन मूल्य अत्यन्तै न्यून हुनु, प्रत्यक्ष बजारमा पहुँच नहुनु, सिंचाई सुविधा दिगो नहुनु, प्राविधिक ज्ञानको कमी र प्रचार प्रसारको कमी रहेको जस्ता समस्या छन् । वस्तीहरु छरिएर रहेको र सबै गाउँमा आवश्यक पूर्वाधार पुऱ्याउन कठिन र एकिकृत वस्ती विकास गर्नुपर्ने देखिन्छ ।

### समष्टिगत विकासका आधारहरु :

वसन्तपुर, गुफा, दोभान सडकलाई वैकल्पिक राजमार्गको सूचीबाट हटाएर छुट्टै राजमार्ग सूचित गरी बहु वर्षिय ठेक्का व्यवस्थापन गर्नुपर्ने, मैवाखोला गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्ने, ठेक्का खोलेर समयमै बहुउद्देश्यीय भवन सम्पन्न गर्नुपर्ने, गुँरास पार्कको डि.पि.आर परिमार्जन गरी आयोजना कार्यान्वयन गर्नुपर्ने, औद्योगिक ग्राम स्थापनाको संभाव्यता अध्ययन गर्ने, १५ शैयाको अस्पताल कार्य तालिका अनुरुप काम सम्पन्न गर्न लगाउनुपर्ने, नारायण माध्यामिक विद्यालय, नमुना मैवाखोला माध्यामिक विद्यालयलाई प्रविधियुक्त तथा गुणस्तरीय बनाउनुपर्ने, पक्की पुलहरु निर्माण गर्न संभाव्यता अध्ययन र डि.पि.आर

गर्नुपर्ने, मुख्य मन्त्री ग्रामीण सडक सम्पन्न गर्न श्रोतको सुनिश्चित गरी गुणस्तर कायम गर्नुपर्ने, नेरुवा खार्ते मोटरेबल पुलको गुणस्तर कायम गरी समयमा सम्पन्न गर्नुपर्नें, मदन स्मृति रंगशाला आयोजनामा श्रोत सुनिश्चित गरी कार्य सम्पन्न गर्ने, अन्तर जिल्लाको अन्तर पालिका आयोजनाहरुमा प्राविधिक समिति तथा समन्वय समिति लगायतका समिति निर्माण गर्ने, GWT अन्तर्गतका पुरानो कार्यक्रम आयोजनाको दिगोपना तथा मर्मत संभार गर्नुपर्ने, HPF अन्तर्गतका कार्यक्रमको समिक्षा गर्नुपर्ने र गुणस्तरमा ध्यान पुऱ्याउनुपर्ने, युनाइटेड वर्ल्ड स्कूलसाग समन्वय गरी ५० प्रतिशत लगानीलाई बढाई ७० प्रतिशत बनाउने, जैविक विविधता सम्बन्धी नतिजामूलक काम गर्नुपर्ने, **लगानीयोग्य कृषि क्षेत्रहरुमा** प्राविधिक सम्भाव्यता अध्ययन गर्नुपर्ने, पर्यटनलाई मूल धारको रुपमा विकास गर्नुपर्ने, शेयर लगानी, रोजगारी सृजना र स्थानीय श्रोतको प्रयोग गर्नुपर्ने, एकिकृत वस्ती सम्बन्धी गुरुयोजना तयार गरी एकिकृत वस्ती विस्तार गर्नुपर्ने दखिन्छ ।

### ३.६ गाउँपालिकाको मुख्य आयोजना

| क.सं. | **पालिका गौरवका आयोजना तथा कार्यक्रम** | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | |
|---|---|---|---|---|---|
| | | कूल लागत | संघ | प्रदेश | पलिका /अन्य |
| १ | वसन्तपुर - गुफा - साँघु - दोभान सडक स्तरोन्नति आयोजना (वडा नं. १,२,३) ६५ कि.मि. लम्बाई, १५ मि. चौडाई | ३२५०० | २५०००० | ५००० | २५०० |
| २ | गाउँपालिका केन्द्र देखि वडा जोड्ने सडक स्तरोन्नति आयोजना (वडा नं. ४,५,६) १३.५ कि.मि. लम्बाई, ८ मि. चौडाई | १५०० | १००० | | ५०० |
| ३ | तिरतिरे - खार्ते - साङलुपा सडक स्तरोन्नति आयोजना १४.३ कि.मि. लम्बाई, ८ मि. चौडाई | ५५० | | ४०० | १५० |
| ४ | १५ शैया अस्पताल | १३०० | १३०० | | |
| ५ | वहुउद्धेश्यीय प्रशासनिक भवन | १००० | ५०० | | ५०० |
| ६ | एकिकृत वस्ती परियोजना विकास | २५ | | | २५ |
| ७ | गुँरास पार्क परियोजना | २२०० | २२०० | | |
| ८ | साँघु - भ्याउपोखरी - मिल्के - गोरुजुरे - सभापोखरी - वसाङलुङ - सिंधोलुङ पर्यटकीय पदमार्ग | १४०० | १२०० | २०० | |
| ९ | शित भण्डार | १००० | ६०० | | ४०० |
| १० | मदन भण्डारी स्मृति रंगशाला | १८०० | ६०० | १२०० | |
| ११ | मझुवा - ताम्राङ - टिमुरे - फाकुम्वा सडक १८ कि.मि. लम्बाई, ८ मि. चौडाई | १००० | ८०० | | २०० |
| १२ | मानेडाँडा भ्यू पोईन्ट पर्यटकीय क्षेत्र विकाश गर्ने | ४०० | | | |
| | | **४४६७५** | **३३२००** | **६८००** | **४२७५** |

### ३.७ गाउँपालिकाको परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **सूचक** | **इकाई** | **आधार बर्ष २०७९/८० सम्मको** | **लक्ष्य परिमाण** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** |
| १ | निरपेक्षित गरिवी | प्रतिशत | १५ | १४ | १३ | १२ | ११ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्रतिव्यक्ति वार्षिक आय | रु.हजार | १२०० | १३०० | १४०० | १५०० | १६०० | १७०० |
| ३ | औषत आयु (जन्म हुँदाको) | वर्ष | ६९ | ६९ | ७० | ७१ | ७२ | ७३ |
| ४ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७९.९ | ८० | ८१ | ८२ | ८३ | ८४ |
| ५ | वेरोजगारी दर | प्रतिशत | १८ | १७ | १५ | १३ | ११ | १० |
| ६ | पर्यटन व्यवसायबाट कूल रोजगारी प्रदान | संख्या | २० | ४० | ६० | ८० | १०० | १२० |
| ७ | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | १:१ | | | | | १:२ |
| ८ | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ० | ४ | ६ | ८ | १० | १२ |
| ९ | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | १०० | | | | | १०० |
| १० | उच्च स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | ९९ |
| ११ | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३३ | ३४ | ३४ | ३५ | ३५ |
| १२ | लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | ३ | ४ | ६ | ८ | ९ | १० |
| १३ | उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | ५ | ६ | ७ | ९ | १० | १२ |
| १४ | दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ११ | २० | ३० | ४० | ५० | |
| १५ | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | संख्या | ५० | ६० | ७० | ८० | ९० | ९५ |
| १६ | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ९० |
| १७ | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ३० | ४० | ५५ | ६५ | ७५ | ९० |
| १९ | संरक्षित तथा व्यवस्थित वन क्षेत्र ( कूल वन क्षेत्रको) | प्रतिशत | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २० | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ० | १० | २० | ३० | ४० | ५० |
| २१ | भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | २० | | | | | १५ |
| २२ | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ |
| २३ | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुनहरु | संख्या | १० | | | | | १५ |
| २४ | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | ३५ | ४५ | ६५ | ९० | १२० | १५० |
| २५ | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | ९० |

### ३.८ राजश्व प्रक्षेपण

तोकिएको समय सिमा भित्र समष्टिगत लक्ष्य, उद्देश्य र प्रतिफल प्राप्त गर्न गाउँपालिकाले आफ्नो आन्तरिक राजश्व तथा आयका साथै संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने हुन्छ । गाउँपालिकाले आगामी पाँच वर्षमा प्रक्षेपित राजश्वका आधारमा आवधिक योजनामा उल्लिखित प्रतिफल हाँसिल गर्न वार्षिक योजना र त्यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने हुन्छ । त्यसका लागि गाउँपालिकाले आन्तरिक श्रोतको खोजी र त्यसको परिचालन गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

| आय प्रक्षेपण रु. लाखमा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आय शिर्षक | आ.व.०७७।७८ | आ.व.०७८।७९ | आ.व.०७९।८० | आ.व.०८०।८१ | आ.व.०८१।८२ | आ.व.०८२।८३ | आ.व.०८३।८४ | आ.व.८०४।८५ | कूल राजश्व परिचालन |
| **आन्तरिक श्रोत** | ९३.५ | १९०.७१ | ३२८.८१ | ३६१.७० | ३९७.८७ | ४३७.६५ | ४८१.४२ | ५२९.५६ | २२०८.१९ |
| | ३% | ५% | ८% | | | | | | ८% |
| आन्तरिक श्रोत - चालु | ५२ | ३९.३१ | २४३.८१ | | | | | | |
| आन्तरिक श्रोत - पुँजीगत | ४१.५ | १५१.४ | ८५ | | | | | | |
| आन्तरिक श्रोत - बैंक मौज्दात | ० | ० | ० | | | | | | |
| **संघीय सरकार** | २७७१.३८ | २९००.१२ | ३०६३.५८ | ३३६९.९४ | ३७०६.९३ | ४०७७.६२ | ४४८५.३९ | ४९३३.९३ | २०५७३.८१ |
| | ७७% | ७६% | ७२% | | | | | | ७२% |
| समानीकरण चालु | ७२ | ४३०.५ | ३६० | | | | | | |
| समानीकरण पुँजीगत | ८४६ | ५५४.५ | ६८२ | | | | | | |
| सशर्त चालु | १४२९.५७ | १४५९.०६ | १५५९.९ | | | | | | |
| सशर्त पुँजीगत | ४२३.८१ | ४५६.०६ | ३२१.६८ | | | | | | |
| समपूरक | ० | ० | ७० | | | | | | |
| विशेष चालु | ० | ० | ० | | | | | | |
| विशेष पुँजीगत | ० | ० | ७० | | | | | | |
| **प्रदेश सरकार** | १७१.१३ | १६८.२९ | १६१.७७ | १७७.९५ | १९५.७४ | २१५.३२ | २३६.८५ | २६०.५३ | १०८६.३८ |
| | ५% | ४% | ४% | | | | | | ४% |
| समानीकरण चालु | ३८.१३ | ५५.५४ | ४८.५४ | | | | | | |
| समानीकरण पुँजीगत | ३२ | ० | ७ | | | | | | |
| सशर्त चालु | ० | १ | १.२३ | | | | | | |
| सशर्त पुँजीगत | १ | ११.७५ | ५ | | | | | | |
| समपूरक चालु | ० | ० | ० | | | | | | |
| समपूरक पुँजीगत | १०० | १०० | १०० | | | | | | |
| विशेष चालु | ० | ० | ० | | | | | | |
| विशेष पुँजीगत | ० | ० | ० | | | | | | |
| **राजश्व बाँडफाँड** | ५६६.२० | ५७३.६३ | ६९०.४५ | ७५९.५० | ८३५.४४ | ९१८.९९ | १०१०.८९ | ११११.९८ | ४६३६.७९ |
| | १६% | १५% | १६% | | | | | | १६% |
| संघ चालु | ७.४२ | ५५२.६४ | ६६२.४६ | | | | | | |
| संघ पुँजीगत | १० | ० | ७ | | | | | | |
| प्रदेश चालु | ५४७.७८ | २०.९९ | २०.९९ | | | | | | |
| प्रदेश पुँजीगत | १ | ० | ० | | | | | | |
| **जम्मा आय** | ३६०२.२१ | ३८३२.७५ | ४२४४.६१ | ४६६९.०८ | ५१३५.९८ | ५६४९.५८ | ६२१४.५४ | ६८३५.९९ | २८५०५.१८ |
| | | | | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | |

# परिच्छेद चारः आर्थिक क्षेत्र

## ४.१ कृषि विकास

### पृष्ठभूमि

संविधानले भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने; कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कृषि सम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषिबालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरणमा स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। कृषि विषयमा डिप्लोमा तहको पढाई भइरहेको, हाटबजार साँघुपाटी रहेको, खेतीयोग्य जमिन प्रशस्त रहेको, व्यवसायिक कृषि फर्म तथा कृषक समूह दर्ता भएको, व्यवसायिक खेती (तरकारी, फलफूल र नगदेबाली - अलैंची, अम्रिसो, चिराइतो, आदि) भएको, प्राङ्गारिक खेती भएको, फलफूल तथा तरकारीको लागि पकेट विकास कार्यक्रम भएको, बेसार खेती प्रवर्द्धन भएको, माटो परिक्षण स्थापना भएको छ।

### प्रमुख समस्या

कृषिको व्यावसायीकरण हुन नसक्नु, सिँचाइको अपर्याप्तता र विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, कृषकमा नयाँ प्रविधि, उन्नत बिउ/मल, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव, बालीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका कृषि प्रणाली सम्बन्धी जानकारीको कमी, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, बजारीकरणको अभाव, बजार व्यवस्थापनको कमी, कृषि अनुसन्धान र कृषि प्रसार बीच समन्वयको कमी, कृषि सम्बन्धी शैक्षिक संस्था र कृषक बीच समन्वय नभएको, परम्परागत खेती प्रणाली रहेको, खेतीयोग्य जमिन बाँझो हुनु, फर्म तथा समूहहरु कृषि कार्यमा संलग्न नभएको, बजार व्यवस्थापनको कमी, उत्पादित वस्तुको उचित मूल्य निर्धारणको कमी, प्राविधिक ज्ञानको कमी, दक्ष जनशक्तिको कमी, उच्च रसायनिक मल तथा विषादीको प्रयोग, मूल्य निर्धारणको अभाव आदि प्रमुख समस्या हुन्।

### चुनौती

कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु, कृषि सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्था गर्नु, स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, कृषि सम्बद्ध अनुसन्धान संस्था एवम् संरचना संघीय सरकारबाट प्राप्त गर्नु, परम्परागत कृषि ज्ञानको पुनर्खोज गरी आधुनिकीकरण र उपयोग गर्नु, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्नु, खाद्यवस्तुको गुणस्तर कायम गर्नु, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका बाली वस्तु नियन्त्रित गर्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, जग्गाको बाँझोपन नियन्त्रण गर्नु, कृषि क्षेत्रलाई यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु आदि प्रमुख चुनौती हुन्।

### अवसर

दिगो विकास लक्ष्यमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, कृषि उत्पादनको बढ्दो माग, बाली बस्तुका पकेट क्षेत्र, ब्लक क्षेत्र र सुपर जोनको बलियो आधार हुनु, वर्षभरी विविध कृषि उत्पादनको लागि मौसमी अनुकूलता, जैविक तथा प्राङ्गारिक खेती प्रति बढ्दो आकर्षण, युवा पुस्तामा आधुनिक खेतीप्रति आर्कषण बढ्दै जानु, कृषि क्षेत्र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नका साथै उच्च प्राथमिकतामा पर्नु, आन्तरिक तथा बाह्य बजारमा निर्यातको अवसर हुनु ज्ञान, सीप, पुँजी र उन्नत प्रविधि सहित वैदेशिक रोजगारीबाट फर्किएका युवा कृषि क्षेत्रमा आकर्षित हुनु, उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिने आदि प्रमुख अवसर हुन्।

### लक्ष्य

रोजगारको अवसर सृजना भई जीवनस्तरमा सुधार भएको हुने।

**उद्देश्य**

१. प्राङ्गारिक कृषि : उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आय आर्जनमा वृद्धि गर्नु ।

२. तुलनात्मक लाभ भएका बालीको विकास एवम् विस्तार गर्नु ।

३. कृषि सेवा प्रसारको पहुँचमा वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिको व्यवसायीकरणमा निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय र सहकार्य गर्ने । | • कृषि क्षेत्रको विकास र व्यावसायीकरणमा निजीक्षेत्र, सहकारी तथा अन्तरसरकार समन्वय, सहयोग र सहकार्य गरिनेछ ।<br>• कृषि विकासको लागि निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>• प्रतिस्पर्धी क्षमता भएका प्रमुख बाली पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• कृषि व्यावसायीकरण र बजार पहुँचमा सुधार गर्न सूचना प्रविधिको विकास, विस्तार र गरिनेछ ।<br>• कृषि कार्यक्रम सञ्चालनमा समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।<br>• उत्पादन, भण्डारण र बजारीकरणमा किसानको सामूहिक स्वामित्व प्रोत्साहन गरिनेछ ।<br>• स्थान विशेषमा उत्पादन हुने खाद्यान्न, तरकारी तथा फलफूल लगायत कृषि उत्पादन अभिवृद्धि गरिनेछ ।<br>• कम लागतमा उत्पादन वृद्वि गर्न स्थानिय क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई प्रोत्साहन गरिनेछ । |
| २. प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली उत्पादनमा वृद्धि गर्ने । | • प्राङ्गारिक कृषिक महत्वबारे वडा तथा टोल स्तरमा जनचेतनाको कार्यक्रम गरिनेछ ।<br>• सार्वजानिक सूचनाका माध्यमबाट रासायनिक मल तथा विषादीको नकारात्मक असरबाट जानकारी प्रचार प्रसार गरी प्राङ्गारिक खेतीप्रति कृषकलाई आर्कषित गरिनेछ ।<br>• व्यवसाय तथा प्राङ्गारिक खेती गर्न इच्छुक नागरिकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>• प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी प्राङ्गारिक उत्पादनको ब्राण्डिङ गरिनेछ ।<br>• कृषि विकास कार्यक्रमसँग समन्वय र आबद्ध हुने गरी सिँचाइ र कृषि सडकको विकास गरिनेछ ।<br>• बहु-बाली, नगदे बाली, फलफूल र औषधीजन्य कृषि उत्पादन अभिवृद्धि सम्बन्धी कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।<br>• सुलभ कृषि कर्जामा सहजीकरण गरी पहुँचको विस्तार गरिनेछ । |
| ३. कृषक र कृषि सम्बद्ध समूहको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने । | • उत्पादकत्व वृद्धिका लागि कृषि अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कृषक समक्ष पु-याई नवीन प्रविधिको उपयोगमा कृषकको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• कृषि यन्त्र तथा उपकरण, उन्नत नस्ल तथा बिउ विजन र प्राङगारिक मल सुलभ दरमा उपलब्ध गराइनेछ ।<br>• कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न ज्ञान तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• बालीजन्य रोगको अनुसन्धान गरि उपयुक्त उपचार सेवा उपलब्ध गराइनेछ । |

| | |
|---|---|
| ५. उत्पादित वस्तुको बजारीकरण गर्ने । | • आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको गर्ने । प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सम्पूर्ण मूल्यश्रृङखला (उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण) मा आधारित कृषि प्रणाली अवलम्बन गरिनेछ ।<br>• निर्यात विविधीकरण गर्नका साथै निर्यातमा आउने बाधाको सम्बोधन गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• तत्कालको लागि उपलब्ध बजारसँग समन्वय गरिनेछ र स्थानिय उत्पादनको बजारीकरणको लागि व्यवस्थित बजार र संकलन केन्द्र संचालन गरिनेछ ।<br>• शीत भण्डारको स्थापना गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : कृषि विकास | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | उत्पादन आधारित कृषकालाई प्रोत्साहन कार्यक्रम | P1 | उत्पादनमा वृद्धि | ५ | | | २ | २ | १ | प्रदेश |
| २ | उत्पादन वृद्धिको लागि अनुसन्धान कार्यक्रम | P1 | लागतमा कम गरी उत्पादन वृद्धि | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह आफै |
| ३ | प्राङ्गारिक तथा व्यवसायिक खेती तालिम | P1 | परम्परागतबाट व्यवसायिक खेति प्रणालीमा परिर्वतन | २५ | ६ | ६ | ६ | ६ | ६ | प्रदेश |
| ४ | बजार प्रवर्द्धन तथा संकलन केन्द्र निर्माण आयोजना | P2 | बजार सुरक्षाको अनुभुति | ५० | | ० | १५ | १५ | २० | प्रदेश |
| ५ | फलफूल पकेट | P2 | | १० | | | | ५ | ५ | प्रदेश |
| ७ | माटो परिक्षण प्रयोगशाला निर्माण | P1 | उपयुक्त बाली छनौट र माटोको अवस्था विश्लेषण | १० | ५ | ५ | | | | स्थानीय तह आफै |
| ८ | नर्सरी व्यवस्थापन कार्यक्रम | P2 | घाँसबाली तथा फलफूली नर्सरी | १० | | ३ | ४ | ३ | | स्थानीय तह आफै |
| ९ | नरहाट बजार लाई कृषि हाटको रुपमा विकास गर्ने | P1 | | १० | ५ | ५ | | | | |
| १० | आधुनिक कृषि औजारलाई साझेदारी कार्यक्रम | P2 | लागतमा कमि, उत्पादनमा वृद्धि | २० | | १० | १० | १० | | प्रदेश |
| ११ | कृषि उत्पादनमा विविधकरण तालिम (चिप्स, जाम, सस बनाउने) | P1 | आयमा वृद्धि ,जीवनस्तरमा सुधार | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| १२ | जैविक विषादी वितरण कार्यक्रम | P1 | प्राङ्गगिक गाउँपालिका निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १८०.०० | २४.०० | ३७.०० | ४५.०० | ४९.०० | ४०.०० | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवारको वृद्धि भएको हुने | वर्षभरी खान पुग्ने परिवार | घरधुरी | ४०४ | ४५० | ५०० | ५५० | ६०० | ६६० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ | १.४ |
| असर | वार्षिक खाद्यान्न उत्पादन वृद्धि भएको हुने | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | १४६५.७ | १५०० | १५२० | १५६० | १५८० | १६०० | " | | ४ | २ | १.४ |
| प्रतिफल | प्रति व्यक्ति वार्षिक खाद्यान्न उत्पादन वृद्धि भएको हुने | प्रति व्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | १४३.७ | १५० | १६० | १७० | १८० | १९० | " | कृषकहरु व्यवसायिक खेती तथा पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने | ४ | २ | १.४ |
| | नगदेवाली, मौसमी तथा वेमौसमी वालीको वार्षिक उत्पादनमा वृद्धि भएको हुने | वार्षिक उत्पादन | मे.टन | १५३.२ | १७० | २०० | २२५ | २५० | २७५ | " | कृषकहरुलाई प्राविधिक सहयोग | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक कृषि नर्सरी बढेको हुने | व्यवसायिक कृषि नर्सरी | संख्या | २ | २ | ३ | ४ | ५ | ६ | " | तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने | ४ | २ | १.४ |
| | तरकारी वार्षिक उत्पादनमा वृद्धि भएको हुने | वार्षिक उत्पादन | मे.टन | ८३.३ | ९० | १०० | ११० | १२० | १३० | " | | ४ | २ | १.४ |
| | फलफुल वार्षिक उत्पादन वृद्धि भएको हुने | वार्षिक उत्पादन | मे.टन | ६०.५ | ७० | ८० | ९० | १०० | १०५ | " | | ४ | २ | १.४ |
| | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषकहरु बढेको हुने | प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | ५० | १०० | १५० | २०० | ३०० | ५०० | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ | १.४ |
| | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक बढेको हुने | औजारहरु प्रयोग गर्ने कृषक | संख्या | ५० | १०० | १२५ | २०० | ३०० | ५०० | " | | ४ | २ | १.४ |
| | व्यवसायिक एवं आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग बढेको हुने | भूभाग | रोपनी | ३०० | ३५० | ४०० | ४५० | ५०० | ५५० | " | जलवायु परिवर्तनको न्यून असर भएको हुने | ४ | २ | १.४ |
| | कृषि व्यवसायमा सहुलियत कर्जा, कृषि सामानमा अनुदान तथा यान्त्रिकीकरणमा | कृषक | संख्या | २६६ | ५३३ | ५३३ | १००० | १५०० | २०६४ | " | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूँजीगत अनुदानबाट लाभान्वित कृषक बढेको हुने | | | | | | | | | | | | | |
| | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि बढेको हुने | भूमि | हेक्टर | ० | ० | ० | १ | १ | १ | " | | ४ | २ | १.४ |
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक भएको हुने | तालिम प्राप्त कृषक | संख्या | ४१५ | ८३० | १२३० | १६३० | २०३० | २५०० | " | | ४ | २ | १.४ |
| | व्यवसायिक कृषि फार्म बढेको हुने | कृषि फार्म | संख्या | ५० | ५५ | ८० | १०० | १५० | २०० | " | | ४ | २ | १.४ |
| | व्यवसायिक कृषि बाट प्रदान भएको प्रत्यक्ष रोजगारीता वृद्धि भएको हुने | रोजगारी | संख्या | ३ | ५० | १५० | २०० | ३०० | ५०० | " | | ४ | २ | १.४ |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान बढेको हुने | लाभन्वित किसान | संख्या | ८५ | ८५ | १२० | १२० | १५० | १५० | " | | ४ | २ | १.४ |
| | सञ्चालनमा रहेको कृषि बजार, हाटबजार तथा | बजार | संख्या | २ | २ | २ | २ | ४ | ४ | " | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि थोकबजार वृद्धि भएको हुने | | | | | | | | | | | | | |
| | कृषि उपजहरु विक्रीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधि घटेको हुने | समयावधि | घण्टा | ३ | ३ | २.५ | २.५ | २ | २ | " | | ४ | २ | १.४ |
| | मौसमी, वेमौसमी तरकारी तथा नगदेवालीको विक्री बढेको हुने | विक्री | रु.करोड | १० | ११ | १२ | १२ | १३ | १४ | " | | ४ | २ | १.४ |
| | कोल्ड स्टोरेजको क्षमता बढेको हुने | कोल्ड स्टोरेज क्षमता | मे.टन | ० | ० | ० | ० | १ | १ | " | | ४ | २ | १.४ |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र भएको हुने | कृषि प्रसार सेवा केन्द्र | संख्या | ० | ३ | ४ | ६ | ६ | ६ | " | | ४ | २ | १.४ |
| | कृषि वीमा सेवाबाट लाभान्वित कृषक बढेको हुने | लाभान्वित कृषक | संख्या | ० | ५० | १०० | १५० | २०० | २५० | " | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि पेशामा संलग्न जनसंख्या बढेको हुने | जनसंख्या | प्रतिशत | ९५ | ९५ | ९० | ८८ | ८३ | ८० | " | | ४ | २ | १.४ |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक बढेको हुने | कृषक | संख्या | ५० | ७५ | १०० | १५० | २०० | ३०० | " | | ४ | २ | १.४ |
| | कृषि सहकारी संस्था बढेको हुने | कृषि सहकारी संस्था | संख्या | २ | २ | २ | २ | ३ | ३ | " | | ४ | २ | १.४ |
| | कृषि सहकारीमा आवद्ध कृषक बढेको हुने | कृषक | संख्या | ७१५ | ७१५ | ७५० | ८०० | ९०० | १००० | " | | ४ | २ | १.४ |
| | किसान परिचयपत्रबाट लाभान्वित कृषकहरु बढेको हुने | लाभान्ति कृषक | संख्या | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | " | | ४ | २ | १.४ |

## ४.२ पशुपक्षी विकास

### पृष्ठभूमि

आर्थिक विकासको मेरुदण्डको रूपमा पशुपन्छी क्षेत्र पनि रहेको छ। पशुपन्छी पालनको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने; कृषकका लागि सामाग्री, पशुपन्छी उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कृषि तथा पशुपन्छी सम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि पशुपक्षी प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा स्थानीय सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ।

### प्रमुख समस्या

उन्नत किसिमका गाई, भैंसी, बाखा, बङ्गुर नहुनु, पशुपालन कृषि समुह समिति फर्मको कमी, दूधजन्य बिक्री वितरण बजारको समस्या तथा प्रशोधन केन्द्र नहुनु, चिस्यान संकलन केन्द्र नभएको, पशु हाटबजार नहुनु, पशु चिकित्सक नहुनु, कृषि क्षेत्रहरूमा संघ, प्रदेश, स्थानीय तहको नीति नियम कार्यान्वयनमा चासो नहुनु तथा सङ्गठित संस्थाको व्यवस्था नहुनु, पशुपालन व्यवस्था परम्परागत रूपमा पालन भएको, व्यावसायिक कृषक पर्याप्त नभएको, दाना उत्पादन केन्द्र नहुनु, उचित पशु आहारा कमी,  दाना कम्पनिबाट ल्याउन ढुवानी लागत बढी हुनु, उन्नत किसिमको घाँस विस्तार नहुनु, खुल्ला चरण क्षेत्र हुनु, प्राविधिक सेवाको कमी हुनु, पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम् पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको अभाव, चरन र खर्क व्यवस्थापनको अभाव आदि प्रमुख समस्या हुन्।

### चुनौती

दक्ष प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु, पशुपन्छी सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्था गर्नु, स्थानीय सरकार मातहतमा आएको प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, पशुपन्छी सम्बद्ध अनुसन्धान संस्था एवम् संरचना संघीय सरकारबाट प्राप्त गर्नु, परम्परागत ज्ञानको पुनर्खोज गरी आधुनिकीकरण र उपयोग गर्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, पशुपन्छी पालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु, अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु आदि प्रमुख चुनौती हुन्।

### अवसर

मासुजन्य र दुग्ध उत्पादनको बढ्दो माग हुनु, पशुपालनका पकेट क्षेत्र र सुपर जोनको बलियो आधार किास हुने क्रममा हुनु, युवा पुस्तामा आधुनिक पशुपंक्षीपालन प्रति आर्कषण बढ्दै जानु, आन्तरिक तथा बाह्य बजारमा नियार्तको अवसर हनु, उपयुक्त पशुपंक्षीपालन व्यवसायमा प्रविधिको प्रयोग बढ्दै जानु तथा हरेक व्यवसायलाई व्यवसायिक ढङ्गले काम गर्ने संस्कार विकास हुँदै जानु आदि प्रमुख अवसर हुन्।

### लक्ष्य

पशुपंक्षीपालन व्यवसाय मर्यादित र आधुनिकीकरण भएको हुने।

### उद्देश्य

१. पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्नु।
२. कृषकहरुको आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्ने। | • कृषक समुदाय, सहकारी संस्था एवं कृषकहरुमा प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राविधिक सेवा, वित्तीय सेवा लगायत अन्य सेवा उपलब्ध गराइनेछ। |

| | |
|---|---|
| | • तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिकपालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।<br>• स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>• व्यवसायिक कुखुरा, वङ्गुर र वाखापालनलाई प्रोत्साहित गरिनेछ ।<br>• पशु आहारका लागि गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइने छ<br>• चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ ।<br>• पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।<br>• वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।<br>• आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण सञ्चालनमा ल्याइनेछ । |
| २. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने । | • पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>• कृषकहरुलाई व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरी क्षमतामा अभिवृद्धि गरिनेछ ।<br>• वस्तुहरुको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु ढुवानीमा अनुदान व्यवस्था गरिनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, पशु हाटवजार र मेला प्रदर्शनी स्थल व्यवस्था जस्ता पूर्वाधारहरु आवश्यकताका आधारमा उपयुक्त स्थानमा निर्माण गरिनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजार वारे जानकारी नियमित रुपमा गराउने संयन्त्र विकास गरिनेछ । |
| ३. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने | • प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>• पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा संचालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवद्ध गरिनेछ र युवाहरुलाई तालिम प्रदान गरी क्षमता विकास गरिनेछ । |

| | |
|---|---|
| | • मानवबाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न एक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ र नियमित रुपमा नियमन गरिनेछ । <br> • खुल्ला मासु विकी वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ । |
| ४. वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने । | • पशुपंक्षी र पशुपंक्षीजन्य पदार्थको प्रमाणीकरण, हाटबजार, सङ्कलन केन्द्र, चिस्यान केन्द्र निर्माण गरिनेछ । <br> • पशुपंक्षीपालनको श्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । <br> • मासु र दुधमा आत्मनिर्भरताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । <br> • गाईभैसी, बाख्रा, कुखुरा, वङ्गुरलाई एकै प्याकेजमा राखी पशुपंक्षीको प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ । <br> • पशुपालक कृषक सम्मान कार्यक्रम, उत्कृष्ट कृषक कार्यक्रम तथा पशु सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : पशुपन्छी पालन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | उन्नत जात गाई, भैसि, भेडा, बंगुर, कुखुरा, माछा प्रवर्द्धन कार्यक्रम | P1 | आय आर्जनमा वृद्धि | १०० | २० | २० | २० | २० | २० | संघ |
| २ | चरन खर्क सुधार तथा प्रत्येक वडामा घाँस, नर्सरी स्थापना कार्यक्रम | P2 | सामुदायिकमा पशु आहार सुधार | २० | | | १० | ५ | ५ | संघ |
| ३ | कृतिम गर्भधारण कार्यक्रम | P2 | पशुमा नश्ल सुधार | २० | | | ५ | ५ | १० | स्थानीय तह आफै |
| ५ | याकचौरी प्रवर्द्धन कार्यक्रम | P2 | याकचौरी उत्पादन संख्या वृद्धि | २० | | | | १० | १० | प्रदेश |
| ६ | दुग्धजन्य पदार्थ (डेरी) प्रशोधन केन्द्र स्थापना कार्यक्रम | P2 | कृषकको आय आर्जनमा वृद्धि | २० | | १० | १० | | | प्रदेश |
| ७ | प्रत्येक वडामा वर्ष पशुपन्छी स्वास्थ्य सेवा शिविर कार्यक्रम | P1 | पशु स्वास्थ्यमा सुधार | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश |
| ९ | नमुना पशुपालन फर्म निमार्ण गर्ने | P1 | कृषकको आय आर्जनमा वृद्धि | १०० | १० | २० | २० | २० | २० | संघ |
| | | | | **२९५.००** | **३३.००** | **५३.००** | **६८.००** | **६३.००** | **६८.००** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | डिराल संकेत | डिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | व्यवसायिक पशुपालन फर्महरु बढेर आयआर्जन वृद्धि भएको हुने | पशुपालन फर्महरु | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | ” | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने | ४ | २ | १.४ |
| असर | पशुपंक्षी वीमा सेवाबाट लाभान्वित कृषक वृद्धि भएको हुने | लाभान्वित कृषक | संख्या | ६० | ८० | १०० | १२५ | १७५ | १७५ | ” | | ४ | २ | १.४ |
| प्रतिफल | नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र स्थापना भएको हुने | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ | २ | २ | २ | ” | कृषकहरु व्यवसायिक पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने<br>कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने<br>निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ | १.४ |
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक वृद्धि भएको हुने | प्रविधि उपयोग गर्ने कृषक | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | ” | | ४ | २ | १.४ |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र स्थापना भएको हुने | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | ० | ० | १ | १ | १ | ” | | ४ | २ | १.४ |
| | दुध उत्पादन (वार्षिक) वृद्धि भएको हुने | दुध उत्पादन | मे.टन | ७३ | ९० | १२० | १६० | १८० | २०० | ” | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक दुध विक्री वृद्धि भएको हुने | दुध विक्री | रु.करोड | ८ | १० | २५ | ४० | ५० | ६० | ” | | ४ | २ | १.४ |
| | खसीबोका, राँगाभैसी, वङ्गुर, सुंगुरको वार्षिक विकी बढेको हुने | विकी | रु.करोड | २५ | ३० | ३५ | ४० | ५० | ६० | ” | | ४ | २ | १.४ |
| | वार्षिक कुखुराको मासु तथा अण्डा विक्री बढेको हुने | विक्री | रु.करोड | ०.३६१ | ०.५ | १ | १.७५ | २.५ | ३.७५ | ” | | ४ | २ | १.४ |
| | चालु अवस्थाका व्यवसायिक कुखुरापालन फर्महरु बढेको हुने | कुखुरापालन फर्महरु | संख्या | १ | ६ | ६ | ६ | ६ | ६ | ” | | ४ | २ | १.४ |
| | पशुजन्य संक्रामक रोग विरुद्ध खोप लगाएका पशुपंक्षीहरु वृद्धि भएको हुने | खोप लगाएका पशुपंक्षी | संख्या | १६०० | १८०० | २००० | २२०० | २६०० | ३००० | ” | | ४ | २ | १.४ |

## ४.३ सहकारी क्षेत्र

### पृष्ठभूमि

सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्त्वपूर्ण खम्बाको रूपमा लिइन्छ । संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।सहकारी संस्थाहरुलाई आवश्यक बजेट तथा तालिमको व्यवस्था, इन्टरनेट तथा विद्युतमा आवश्यक बजेट व्यवस्था गरी सेवाग्राहीलाई सेवा प्रवाह गर्नुपर्ने, ऋणको ब्याज दर सस्तो गरि ऋण लगानी गर्नुपर्ने देखिन्छ ।

### समस्या

यस गाउँपालिकामा पर्याप्त मात्रामा वित्तीय संस्थाहरु नहुनु, गाउँपालिकामा जम्मा ११ वटा कृषि बचत तथा ऋण सहकारी संस्थाहरु रहेकोमा २ वटा मात्र सञ्चालनमा रहनु, समय समयमा इन्टरनेट तथा विद्युत लाइनको समस्या हुनु, कर्जाको उपलब्धता र पहुँचमा कमी हुनु, ऋण लगानीमा ब्याजदर चर्को हुनु, अधिकतम सहकारी संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, समुहहरुमा संकलित बचतको उचित परिचालन नहुनु, बचत तथा ऋण सहकारीमा वित्तीय जोखिम उच्च रहनु, सहकारी क्षेत्रको संरचनात्मक र संगठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहनु, संस्थागत सुशासनको कमी हुनु, सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास नहुनु, समुदायमा वित्तीय चेतनाको कमी हुनु जस्ता समस्याहरु छन् ।

### चुनौती

बैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच वढाउन, वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउन, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्न, सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउन, सहकारी संस्थाहरूको नियमित नियमन तथा अनुगमन गर्न, अन्तर सहकारी समन्वय गर्न, कर्जामा सहज पहुँच स्थापना गर्न आदि प्रमुख चुनौती हुन् ।

### अवसर

वित्तीय पहुँचको विस्तार हुनु, स-साना बचत परिचालन भई पुँजी निमार्णमा सहयोग पुग्नु, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास हुनु, स्थानीय स्तरमा वित्तीय अन्तरसम्बन्ध कायम हुनु, गाउँपालिकसँगको वित्तिय सहकार्यमा कृषि तथा उद्योग क्षेत्रमा सहुलियत ऋण लगानी हुनु, रोजगारीका अवसरहरु अभिवृद्धि गर्न सकिने, सहकारीहरुलाई एकिकरणका माध्यमबाट थप शसक्त बनाउन, सहकारीलाई गाउँपालिकाले विकासको साझेदारका रुपमा लिनु आदि अवसर हुन् ।

### लक्ष्य

सहकारी क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान बढेको हुने ।

### उद्देश्य

१. सहकारी क्षेत्रको विकास एवम् प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. समुदायलाई सहकारीमा संगठित गरी अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गर्ने । | • सहकारी सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>• छरिएर रहेका उत्पादन समूहलाई सहकारीमा आबद्ध गरी संस्थागत रूपमा क्रियाशिल हुन प्रोत्साहित गरिनेछ ।<br>• सहकारी र स्थानीय उत्पादन समूहलाई कृषि तथा गैर कृषि उपजको बहु-उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण, कृषि प्रसार, पूर्वाधार विकास तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिनेछ ।<br>• विपन्न वर्गलाई सहकारीमा सङ्गठित गरी व्यावसायिकता तर्फ उन्मुख गर्न वित्तीय एवम् प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>• सहकारीमा कार्यरत जनशक्तिलाई क्षमता विकास तालिम र सहकारी शिक्षा विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सहकारी क्षेत्रको विकासमा अन्तरसरकार समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।<br>• अनुगमन तथा नियमन प्रभावकारी बनाई सहकारी क्षेत्रमा संस्थागत र वित्तीय सुशासन कायम गरिनेछ ।<br>• सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सहकारी | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सहकारी लेखा व्यवस्थापन क्षमता अभिवृद्धि तालिम (संस्था) | P1 | क्षमता अभिवृद्धि तालिम | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह आफै |
| २ | विषयगत सहकारी स्थापना | P1 | बित्तित क्षमता विकाश | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| | | | | **३५** | **७** | **७** | **७** | | | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | वैंक तथा वित्तीय संस्थाहरु वृद्धि भई जीवनस्तर सुधार भएको हुने | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ | १.२ |
| असर | वैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध सेवा तथा कारोबारको प्रकार बढेको हुने | उपलब्ध सेवा तथा कारोबारको प्रकार | संख्या | ३ | ३ | ४ | ४ | ४ | ५ | " | | ४ | २ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | वचत तथा ऋण समेतको कूल सहकारी संस्था वृद्धि भएको हुने | सहकारी संस्था | संख्या | ३ | ३ | ३ | ३ | ४ | ५ | " | बैंक, वित्तीय तथा सहकारी संस्थाहरु सँग सहकार्य भएको हुने | ४ | २ | १.२ |
| | महिलाद्वारा सञ्चालित सहकारी संख्या वृद्धि भएको हुने | सहकारी संस्था | संख्या | १ | १ | १ | १ | २ | २ | " | | | | |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु वृद्धि भएको हुने | सदस्यहरु | संख्या | ७१५ | ८०० | १००० | ३००० | ४००० | ५००० | " | | ४ | २ | १.२ |
| | सहकारी संस्थाको ऋण कर्जाबाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु वृद्धि भएको हुने | ऋण कर्जाबाट उद्योग, व्यापार व्यवसाय सञ्चालकहरु | संख्या | १३५ | १५० | १७५ | २०० | २२५ | २५० | " | सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने | ४ | २ | १.२ |
| | सहकारी संस्थाबाट भएको कूल कर्जा लगानी वृद्धि भएको हुने | कूल कर्जा लगानी | रु.लाख | ६७ | १०० | १२० | २०० | २५० | ३०० | " | | ४ | २ | १.२ |
| | सहकारी संस्थामा सङ्कलित कुल निक्षेप वृद्धि भएको हुने | कुल निक्षेप | रु.लाख | २० | ३० | ५० | ६० | ७० | १०० | " | | ४ | २ | १.२ |

## ४.४ उद्योग तथा व्यवसाय

### पृष्ठभूमि

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको छ । दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकीकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ । राष्ट्रले सो लक्ष्य प्राप्त गर्नका लागि सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगले कुल रोजगारीमा १३ प्रतिशत योगदान दिनुपर्ने हुन्छ ।

यस गाउँपालिकामा विभिन्न साना तथा घरेलु उद्योगहरू सञ्चालनमा रहेका छन् । सोही अनुरुप विभिन्न प्रकारका लघु उद्यम व्यवसायीहरू रहेका छन् ।  गाउँपालिकामा उद्यम शाखा रहेको छ र विभिन्न उद्योग व्यवसायीलाई प्राथमिकता दिई दर्ता भइरहेको छ । गाउँपालिकाद्वारा विभिन्न सीप विकास, तालिम अनुदानहरु र प्राविधिक सामग्रीहरू उपलब्ध गरेको छ । विभिन्न प्रकारको औषधिजन्य जडिबुटीहरु जस्तै ओखती, चिराइतो, पाचँऔले, सतुवा, विख्या, यार्सागुम्बा प्रचुर मात्रामा रहेका छन् ।

### प्रमुख समस्या

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु; उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संयन्त्र नहुनु, उद्योगलाई कृषि, वन पर्यटन जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात भई रहनु, निर्यात योग्य वस्तुको उत्पादन र विविधीकरण हुन नसक्नु, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी, उद्यम व्यवसायीहरुको प्रवर्द्धन तथा उचित व्यवस्थापन नहुनु, उद्योग व्यवसाय सञ्चालन गर्नको लागि बजेट तथा सीप विकासको तालिमको व्यवस्थामा कमी हुनु, घरेलु उद्योगहरुबाट उत्पादन गरिने वस्तुहरूको कमी हुनु, उत्पादित वस्तुहरुको उचित बजारको व्यवस्था नहुनु, अति आवश्यक औषधी जन्य जडिबुटीहरुको खोज अनुसन्धान, अनुगमन तथा अध्ययनको कमी, विभिन्न साना तथा घरेलु उद्योगहरूको एकीकृत व्यवस्था नहुनु, आदि प्रमुख समस्या हुन् ।

### चुनौती

उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

कृषि तथा वनजन्य कच्चा पदार्थको सहज उपलब्धता, बढ्दो ऊर्जा आपूर्तिका कारण उद्योगधन्दा सञ्चालन गर्न सहज वातावरण सृजना हुनु, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन हुनु, स्थानीय कच्चा पदार्थको प्रयोगमा आधारित उद्योग व्यवसाय, उद्योग ग्रामको सञ्चालन गर्न, नयाँ नयाँ लगानीका क्षेत्रहरुको पहिचान गरि लगानी प्रवर्द्धन गर्न, आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

घरेलु तथा साना उद्योगको विकास र विस्तार भएको हुने ।

### उद्देश्य

१. स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको प्रवर्द्धन एवं विकासलाई प्रोत्साहित गर्नु ।
२. घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आय तथा रोजगारीहरु श्रृजना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने । | • स्थानीय श्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्यवाट रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।<br>• व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरिनेछ ।<br>• परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय कच्चा पदार्थ र सीपमा आधारित घरेलु, साना तथा मझौला उद्योगको विकास र औद्योगिक ग्राम स्थापनामा गरिनेछ ।<br>• कृषि, पर्यटनमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास गरिनेछ । |
| २. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने । | • उन्नत जातका गाईभैसी पालन एवं दुग्ध सङ्कलन चिस्यान केन्द्र स्थापना र सञ्चालनमा ल्याइनेछ ।<br>• स्थानीय हाटवजार केन्द्र निर्माण गरी नियमित रुपमा स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।<br>• विद्यमान वजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलव्ध गराउँदै व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ ।<br>• स्थानीय उत्पादनलाई वाह्य वजार क्षेत्र सम्म पुऱ्याउन सवै प्रकारका यातायात सेवालाई प्रभावकारी बनाइनेछ ।<br>• औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धी सूचना सङ्कलन र विरणलाई विस्तार गरिनेछ ।<br>• स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने गरी प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी आकर्षणका लागि संघ र सम्बन्धित स्थानीय तहसँग सहकार्य र समन्वय गरिनेछ ।<br>• सुमधुर औद्योगिक श्रम सम्बन्ध कायम हुने गरी औद्योगिक वातावरण निर्माण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : उद्योग, व्यापर, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | औधोगिकग्राम स्थापना | P2 | उत्पादकत्व र आयमा वृद्धि | १०० | | | ३० | ३० | ४० | संघ |
| २ | गुराँसको जुस प्रसोधन, ब्रान्डीङ्ग तथा बजारीकरण | P2 | रोजगार र आयमा वृद्धि | २० | | २० | | | | प्रदेश |
| ३ | उद्यमशिलता विकास तालिम | P1 | उद्यमशिलता र उद्यमी सृजना | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ |
| ४ | खानेपानी उद्योग सञ्चालन तथा बजारीकरण | P2 | | ५० | | २५ | २५ | | | संघ |
| ५ | अल्लोको कपडा उत्पादन तालिम | P1 | रोजगार तथा आयआर्जन | १० | ५ | ५ | | | | स्थानीय तह आफै |
| ६ | बाँसको सामग्री निमार्ण सम्बन्धी तालिम | P1 | स्थानिय स्रोत सधानको प्रयोग तथा आयआर्जन | १० | ५ | ५ | | | | प्रदेश |
| ७ | वेसार उत्पादन तथा ब्रान्डीङ्ग | P1 | | १० | ५ | ५ | | | | स्थानीय तह आफै |
| ८ | जडिबुट्टिजन्य व्यवसायिक खेति प्रर्वधन कार्यक्रम | P2 | | १५ | | ५ | ५ | ५ | | प्रदेश |
| | | | | **२४०** | **२०** | **७०** | **६५** | **४०** | **४५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँ को आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) वृद्धि भई समृद्ध समाज निर्माण भएको हुने | लघु, घरेलु तथा साना उद्योग | संख्या | ५० | ६५ | ८५ | ९५ | ११० | १२० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र सँग सहकार्य भएको हुने | ४ | २ | १.१ |
| | औपचारिक/अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.२५ करोड सम्मको) वृद्धि भई समृद्ध समाज निर्माण भएको हुने | मझौला उद्योग | संख्या | ० | ० | ० | ० | ० | १ | " | | ४ | २ | १.१ |
| असर | व्यापार व्यवसाय बढेको हुने | व्यापार व्यवसाय | संख्या | ५७ | ७० | ९५ | १०५ | ११५ | १२५ | " | | ४ | २ | १.१ |
| प्रतिफल | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय वृद्धि भएको हुने | उद्योग व्यवसाय | संख्या | ७ | १२ | १५ | १८ | २० | २५ | " | लगानी मैत्री वातावरण श्रृजना भएको हुने<br>सहकारी, निजी क्षेत्रसंग सहकार्य भएको हुने | ४ | २ | १.१ |
| | पालिकामा दर्ता र नियमित नवीकरण भई संचालित उद्योग व्यवसायहरु वृद्धि भएको हुने | उद्योग व्यवसाय | संख्या | ११४ | १३७ | १८२ | २०५ | २२७ | २४७ | " | | ४ | २ | १.१ |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय वृद्धि भएको हुने | उद्योग व्यवसाय | संख्या | १ | १ | ५ | १० | १२ | १५ | " | | ४ | २ | १.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निकासीजन्य कच्चा पदार्थको उपलब्धता वृद्धि भएको हुने | कच्चा पदाथ | मे.टन | १ | २ | ५ | १० | १० | १० | ” | | ४ | २ | १.१ |
| | स्थानीय स्तरमा उपलव्ध जडिवुटीमा आधारित उद्योग व्यवसाय वृद्धि भएको हुने | उद्योग व्यवसाय | संख्या | २ | २ | ३ | ५ | ५ | ५ | ” | | ४ | २ | १.१ |
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु वृद्धि भएको हुने | उद्यमीहरु | संख्या | १२० | १९० | २९० | ३९० | ४९० | ६०० | ” | | ४ | २ | १.१ |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने व्यक्तिहरु वृद्धि भएको हुने | तालिम प्राप्त व्यक्तिहरु | संख्या | ८५ | १६० | २५० | ३५० | ४४० | ५२० | ” | | ४ | २ | १.१ |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय वृद्धि भएको हुने | उद्योग व्यवसाय | संख्या | ३३ | ४३ | ५३ | ६५ | ७५ | ९० | ” | | ४ | २ | १.१ |
| | औद्योगिक ग्राम स्थापना भएको हुने | औद्योगिक ग्राम | संख्या | ० | ० | ० | ० | १ | १ | ” | | ४ | २ | १.१ |
| | रोजगारीमा गैरकृषि क्षेत्रको योग्दान वृद्धि भएको हुने | गैरकृषि क्षेत्रको योग्दान | प्रतिशत | २० | २२ | २५ | ३० | ३५ | ४० | ” | | ४ | २ | १.१ |
| | वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारीक निकायमा दर्ता भई व्राण्डिङ गरिएका जडीवुटी, हस्तकला तथा अन्य उत्पादनहरु भएको हुने | उत्पादन | संख्या | ० | १ | १ | २ | ३ | ४ | ” | | ४ | २ | १.१ |
| | तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक | बजार केन्द्र | संख्या | २ | २ | २ | ३ | ३ | ४ | ” | | ४ | २ | १.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादनहरुको नियमित आपूर्ति तथा बिक्री वितरणका लागि बजार केन्द्रहरु वृद्धि भएको हुने | | | | | | | | | | | | | |
| | सहकारी संस्था मार्फत संचालित सुपथ मूल्यका पसलहरु वृद्धि भएको हुने | सुपथ मूल्का पसलहरु | संख्या | ० | ० | ० | ० | ० | १ | " | | ४ | २ | १.१ |
| | मूल्यसूची सहित संचालित पसल व्यवसाय भएको हुने | पसल व्यवसाय | संख्या | ० | ५ | १० | १५ | २० | २५ | " | | ४ | २ | १.१ |
| | सार्वजनिक, निजी एवं सहकारीको साझेदारीमा संचालित उद्योग व्यवसायहरु वृद्धि भएको हुने | उद्योग व्यवसायहरु | संख्या | ० | ० | ० | ० | ० | १ | " | | ४ | २ | १.१ |
| | उद्योग, व्यापार व्यवसायहरुमा भएको कूल लगानी वृद्धि भएको हुने | कूल लगानी | रु.करोड | ७ | १५ | २० | २५ | ३० | ३५ | " | | ४ | २ | १.१ |
| | नियमित वजार अनुगमन तथा नियमन वाट दण्डित पसल व्यवसायहरु वृद्धि भएको हुने | दण्डित पसल व्यवसायहरु | संख्या | ० | ० | ० | ० | ० | ० | " | | ४ | २ | १.१ |

## ४.५ पर्यटन

### पृष्ठभूमि

पर्यटन राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधार हो । पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, नेपालको विविध सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै लाभ वितरणमा स्थानीयलाई प्राथमिकता दिने राज्यको पर्यटन सम्बन्धी नीति रहेको छ । पर्यटन क्षेत्र संघ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटिएको छ ।

विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण मैवाखोला गाउँपालिका एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित हुन प्रचुर सम्भावना बोकेको ठाउँ हो । यस गाउँपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना गर्न सक्दछ । पर्यटकीय दृष्टिकोणबाट प्रचुर सम्भावना भएको गाउँपालिका भए पनि यहाँ पर्यटकका लागि आवश्यक सेवा पूर्वाधारहरूको अवस्था कमजोर रहेको छ ।

### प्रमुख समस्या

पर्यटकीय गन्तव्यको विकास र विविधीकरण हुन नसक्नु, पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी, पर्यटकीय सूचना प्रवाह, प्रचार प्रसार व्यवस्थित र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यवस्थित अभिलेख नहुनु, पर्यटन क्षेत्रमा साझेदारी सहभागिताको अभाव हुनु, पर्यटन क्षेत्रमा बजेटको अभाव र भएको बजेट उपयुक्त स्थानमा प्रयोग गर्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्नु, पर्यटकीय सम्भावनाका क्षेत्रमा पर्यटन पूर्वाधारको विकास गर्नु, पर्यटकीय स्तरका होटेल तथा अन्य पर्यटकीय सुविधाको विस्तार गर्नु, गन्तव्य स्थलको विविधीकरण, विकास, ब्राण्डिङ, प्रचार प्रसार र प्रवर्द्धन तथा बजारीकरण गर्नु, पर्यटन व्यवसाय सम्बद्ध निजी क्षेत्रको क्षमता वृद्धि गर्नु, पर्यटन सूचना व्यवस्थापन प्रणाली तथा पर्यटन सूचना सेवा स्थापना गर्नु, स्थानीयलाई लाभ दिनु, व्यावसायिकता तथा उद्यमशीलताको विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

तीनजुरे मिल्के जलजले गुराँस क्षेत्र रहनु, आन्तरिक पर्यटक विस्तारै आगमन हुनु, पर्यटकीय स्थलहरुको पहिचान गरि संरक्षण सुधार गर्न सकेमा दिगो आम्दानीको सम्भावना हुनु, साहसिक पर्यटकीय उपज तथा वस्तुको विकासको सम्भावना राम्रो रहनु, विविध प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रचुरता हुनु, स्थानीय कला, वस्तु, धर्म तथा रहनसहनलाई उजागर गर्न सकिने, युवालाई पर्यटन संवद्ध रोजगारीका अवसर अभिवृद्धि गर्न सकिने जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

पर्यटन क्षेत्रको दिगो विकासद्वारा आय र रोजगारीका अवसर वृद्धि गर्ने ।

### उद्देश्य

१. पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन एवं पूर्वाधारहरुको स्तरोन्नति गर्नु ।
२. पर्यटन व्यवसायलाई विविधीकरण गर्दै रोजगारीसँग आबद्ध गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने । | • आधारभूत सुविधाको प्रबन्ध गरी धार्मिक तथा सांस्कृतिक पर्यटन क्षेत्रलाई सर्किटको रूपमा विकास गरिनेछ ।<br>• प्रवर्द्धन र प्रचार प्रसारका लागि आवश्यक सामग्री तयार गरी प्रचार प्रसार र बजारीकरण गरिनेछ ।<br>• पर्या-पर्यटनको विकास तथा प्रवर्द्धन गरिनेछ । |
| २. पर्यटकीय सेवा सुविधाको वृद्धि गरी पर्यटनलाई रोजगारीसँग आबद्ध गर्ने । | • गुणस्तरीय पर्यटन विकासमा होटेल तथा अरू सेवा सुविधामा लगानी आकर्षण गर्न करमा छुट र सुविधा दिइनेछ ।<br>• गुणस्तरीय पर्यटन विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>• पर्यटकको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।<br>• मेला आयोजना गरी पर्यटन समाग्रीको प्रचार प्रसार एवम् बिक्री गरिनेछ ।<br>• पर्यटकीय सेवा प्रदायक संस्था र कार्यरत जनशक्तिको क्षमता र सीप विकास गरी सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।<br>• पर्यटक आगमन विन्दुमा आतिथ्यता व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था मिलाइनेछ । |
| ३. पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने । | • पर्यटकको आगमन र बसाइँमा वृद्धि गर्न नयाँ पर्यटकीय वस्तुको विकास र विस्तार गरिनेछ ।<br>• सबै मौसममा पर्यटक आकर्षित गर्न पर्यटन प्याकेजको व्यवस्था गरिनेछ ।<br>• धार्मिक र सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>• प्रमुख पर्यटकीय केन्द्र र पदमार्गका महत्वपूर्ण बिन्दुमा जाति विशेषका सङ्ग्रहालय र सांस्कृतिक कार्यक्रमको व्यवस्था गरी स्थानीय कला संस्कृति र परम्परासँग पर्यटनलाई जोड्दै लगिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : पर्यटन विकास | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | होमस्टे सञ्चालन तथा व्यवस्थापन सुधार तालिम | P2 | सांस्कृतिक सम्पदाको प्रचार प्रसार<br><br>पर्यटकीय सुविधाको विस्तार | २० | | | ६ | ६ | ८ | प्रदेश |
| २ | पर्यटन क्षेत्र प्रचार प्रसार | P1 | | ४० | २० | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह आफै |
| ३ | पर्यटन सुचना केन्द्र | P2 | | ३० | | १० | १० | १० | | प्रदेश, स्थानीय तह आफै |
| ४ | पर्यटकिय क्षेत्रको संरक्षण तथा स्तरोन्नति | P2 | | १०० | | २५ | २५ | २५ | २५ | संघ |
| ५ | धार्मिक पर्यटकिय क्षेत्रको संरक्षण र प्रवर्द्धन | P2 | | २० | | | १० | १० | | संघ |
| | | | | **२१०** | **२०** | **४०** | **५६** | **५६** | **३८** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँकोआधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल ( यातायात, संचार, सुरक्षा, होटेल आदि) निर्माण भई पर्यटक संख्या बढेको हुने | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल | संख्या | ० | ० | ० | १ | १ | १ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ | १.३ |
| असर | व्यवस्थित,सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य भएको हुने | व्यवस्थित पर्यटकीय गन्तव्य | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ” | | ४ | २ | १.३ |
| प्रतिफल | धार्मिक पर्यटन सञ्चालन स्थान भएको हुने | धार्मिक पर्यटन | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ” | | ४ | २ | १.३ |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु भएको हुने | पर्यटकीय सम्पदा | संस्था | ० | ० | १ | १ | १ | १ | ” | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने | ४ | २ | १.३ |
| | पुरातात्विक तथा ऐतिहासिक, साँस्कृतिक पर्यटकीय स्थानहरु वृद्धि भएको हुने | पर्यटकीय स्थानहरु | संख्या | २ | २ | २ | २ | २ | ३ | ” | | ४ | २ | १.३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (१.पर्यटकीय क्षेत्र २.सूचना केन्द्र ३.गाइड ४.सुरक्षा ५.होमस्टे६.मुद्रा सटही ७.होटेल रेष्टुरेण्ट ८.यातायात ९.सपिङ, १०.एजेण्ट आदि) वृद्धि भएको हुने | पर्यटकीय सेवा र सुविधाको प्रकार | संख्या | २ | २ | ३ | ४ | ४ | ४ | " | संघ, प्रदेश र अन्तर पालिका वीच सहकार्य र समन्वय भएको हुने | ४ | २ | १.३ |
| | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) वृद्धि भएको हुने | पदमार्गको लम्बाइ | कि.मि. | १ | २ | २ | ५ | १० | २० | " | | ४ | २ | १.३ |
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ भएको हुने | व्यवस्थित होमस्टे | संख्या | १ | १ | १ | १ | १ | १ | " | | ४ | २ | १.३ |
| | पालिका बाहिरका प्रसिद्ध पर्यटकीय गन्तव्यसँग जोडिएका पर्यटकीय स्थानहरु स्तरोन्नति भएको हुने | पालिका बाहिरसँग जोडिएका पर्यटकीय स्थान | संख्या | २ | २ | २ | २ | २ | २ | " | | ४ | २ | १.३ |
| | व्यवस्थित वनभोज, उद्यम, पार्क भएको हुने | व्यवस्थित वनभोज, उद्यम, पार्क | संख्या | १ | १ | १ | १ | १ | १ | " | | ४ | २ | १.३ |
| | तालिम प्राप्त टुर गाइड वृद्धि भएको हुने | तालिम प्राप्त टुर गाइड | संख्या | ५ | १० | १५ | २० | ३० | ५० | " | | ४ | २ | १.३ |
| | तालिम प्राप्त कुक, वेटर वृद्धि भएको हुने | तालिम प्राप्त कुक, वेटर | संख्या | ४ | ४ | ८ | १२ | १६ | २० | " | | ४ | २ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पर्यटनमा आधारित उद्योग व्यवसायहरु वृद्धि भएको हुने | उद्योग व्यवसायहरु | संख्या | ० | ० | ० | १ | १ | १ | ” | | ४ | २ | १.३ |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक वृद्धि भएको हुने | आन्तरिक पर्यटक | संख्या | १००० | १२०० | १५०० | २००० | २५०० | ३००० | ” | | ४ | २ | १.३ |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटक वृद्धि भएको हुने | वाह्य पर्यटक | संख्या | ५ | १० | १५ | २० | ३० | ५० | ” | | ४ | २ | १.३ |
| | भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई वृद्धि भएको हुने | औषत वसाई | दिन | १ | १ | १.५ | १.५ | १.५ | २ | ” | | ४ | २ | १.३ |
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति वृद्धि भएको हुने | दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | १००० | १००० | १२०० | १२०० | १५०० | २००० | ” | | ४ | २ | १.३ |
| | पर्यटनवाट राजस्व सङ्कलन वृद्धि भएको हुने | राजस्व सङ्कलन | रु.लाख | ० | ० | ० | १ | १ | २ | ” | | ४ | २ | १.३ |

## ४.६ श्रम तथा रोजगार

**विद्यमान अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनशक्ति (१५-५९ उमेर समुह)को हिस्सा ६०.५ प्रतिशत रहेको छ जसमध्ये ३०.३ प्रतिशत पुरुष र ३०.२ प्रतिशत महिला रहेको छ । वैदेशिक रोजगारीमा संलग्न जनसंख्याको आयश्रोत राम्रो रहेको भएता पनि सो आय उत्पादनशील क्षेत्रतर्फ लगानी हुन सकेको देखिदैन । गाउँपालिकामा आवश्यक युवाहरुको जनशक्ति भएता पनि बेरोजगार युवाहरुको वृद्धिदर वार्षिक रूपमा बढ्दै गएको र युवा बेरोजगार श्रमिकहरू विदेश जानेको संख्या बढ्दै गएको देखिन्छ ।

गाउँपालिकाले उचित पारिश्रमिक तोकी युवाहरुलाई रोजगारीमा संलग्न गराउनुपर्ने तथा स्थानीय रोजगार नीति तयार गर्नुपर्ने, युवाहरुलाई रोजगार बनाउन आवश्यक व्यवसायिक तथा प्राविधिक सीप विकासको तालिम दिई उद्योग व्यापार व्यवसायमा संलग्न गराउनुपर्ने आवश्यक देखिन्छ ।

**समस्या**

युवाहरु बेरोजगारका कारण विदेश पलायन हुन बाध्य, युवाहरुलाई रोजगारी सिर्जनाका लागि व्यवसायिक तथा प्राविधिक सीप विकासको कमी, युवा बेरोजगार श्रमिकहरूलाई विभिन्न प्रकारको एडभान्स सिप विकास तालिम तथा लगानी नहुनु, श्रम प्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त नहुनु, श्रमशक्तिको माग र आपूर्तीबीचको सन्तुलन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति पर्याप्त कामको उपलब्धता नहुनु, रोजगारीका अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने जनशक्तिको पहुँचमा कमी हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच नहुनु लगायत यस क्षेत्रका समस्या हुन् ।

**चुनौती**

कृषि, पर्यटन एवम् औद्योगिक आर्थिक गतिविधिहरू बढ्नु, सेवा क्षेत्रमा (शिक्षा, स्वास्थ्य, वित्तीय सेवा) सरकारी, निजी तथा सामुदायिक लगानी बढ्नु, नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु साथै प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्वरोजगारीका लागि सरकारले प्रदान गरेका वित्तीय प्रोत्साहनले पनि नयाँ रोजगारीका अवसर सिर्जना हुनु आदि यस क्षेत्रका अवसर हुन् ।

**अवसर**

**लक्ष्य**

बेरोजगार युवाहरुलाई रोजगार प्रदान गरी दक्ष जनशक्तिको विकास भएको हुने ।

**उद्देश्य**

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्नु ।

२. सिपयुक्त जनशक्ति उत्पादन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने । | • वास्तविक बेरोजगार पहिचान गर्दै लगत संकलन गरी अद्यावधिक गरिनेछ ।<br>• श्रमिक र रोजगारदाताबीचको सुमधुर श्रम सम्बन्ध स्थापना गरी रोजगारीका नयाँ अवसर सिर्जना गरिनेछ ।<br>• रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिनेछ ।<br>• विभिन्न उद्योग तथा व्यवसायहरुमा स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागू गरिनेछ । |

| | |
|---|---|
| २. श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | • बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष स्वरोजगारतर्फ उत्प्रेरित गरिनेछ ।<br>• श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ ।<br>• वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ ।<br>• वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : रोजगार कार्यक्रम | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | वेरोजगारहरुलाई रोजगारको सृजना | P1 | युवाहरु रोजगारीमा संलग्न | ३६० | ९० | ९० | ९० | ९० | | संघ |
| २ | वेरोजगारहरुलाई दक्ष बनाउन प्राविधिक सिप विकास तालिम | P1 | | ५० | १० | १० | १० | १० | १० | प्रदेश |
| ३ | सहुलिएत कर्जा वितरण कोष | P1 | | १२५ | २५ | २५ | २५ | २५ | २५ | संघ |
| | | | | **५३५** | **१२५** | **१२५** | **१२५** | **१२५** | **३५** | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिगो विकास संकेत** | **दिविल संकेत** | **प्रसम संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | | | | |
| प्रभाव | रोजगार सूचना प्रणालीवाट लाभान्वितहरु बढेको हुने | लाभान्वितहरु | संख्या | ९८७ | १०५० | १२०० | १३०० | १४०० | १५०० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ | १.२ |
| असर | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना वृद्धि भएको हुने | रोजगारीता श्रृजना | संख्या | ९३ | | | | | | „ | | ४ | २ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सिटिइभिटी वाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्ष जनशक्ति वृद्धि भएको हुने | दक्ष जनशक्ति | संख्या | ५ | ८ | १० | २० | ३० | ४० | " | | ४ | २ | १.२ |
| | उत्पादकत्व अभिवृद्धिका लागि परम्परागत  तरिका र औजार, उपकरणको आधुनिकीकरण भएका पेशागत क्षेत्रहरु भएको हुने | पेशागत क्षेत्रहरु | संख्या | ० | १ | १ | १ | १ | १ | " | | ४ | २ | १.२ |
| | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवा सुविधाबाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या वृद्धि भई जीवनयापन सहज भएको हुने | उद्योग व्यवसाय | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | " | | ४ | २ | १.२ |
| | बालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणवाट प्रभावितहरु न्यून भएको हुने | वालश्रम एवं न्यून ज्यालादर | संख्या | १०० | ९० | ५० | २० | १० | ० | " | | ४ | २ | १.२ |
| | वैदेशिक रोजगारीमा जाने युवाहरु तलिम प्राप्त भई गएको हुने | वैदेशिक रोजगारीमा जाने युवाहरु | संख्या | ४०० | ३५० | ३४० | ३२० | ३०० | २०० | " | | ४ | २ | १.२ |
| | सम्बन्धित क्षेत्रको सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा गएको हुने | रोजगारीमा जाने | संख्या | ० | १० | १२ | १५ | १५ | १५ | " | | ४ | २ | १.२ |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु भएको हुने | तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | ० | ० | ० | ० | ० | १ | " | | ४ | २ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या ( कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | ३ | ५ | ७ | ८ | ९ | १० | " | | ४ | २ | १.२ |
| | वैदेशिक रोजगारीताबाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्ने संख्या बढेको हुने | उद्योग, व्यवसाय | संख्या | ३ | ३ | ५ | २० | २५ | ५० | " | | ४ | २ | १.२ |
| | वैदेशिक रोजगारीताबाट आर्जन पूँजी, सीप, प्रविधि तथा अनुभवलाई उत्पादन मूलक क्षेत्रमा सदुपयोग गर्नेको | उत्पादन मूलक क्षेत्रमा सदुपयोग | संख्या | ० | ० | २ | ३ | ४ | ५ | " | | ४ | २ | १.२ |
| | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | विप्रेषण वित्तीय साक्षरता कार्यकबाट लाभान्वित जनसंख्या | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | " | | ४ | २ | १.२ |
| | विप्रेषण वापत प्राप्त वार्षिक रकम बढेको हुने | रकम | रु.करोड | ३.६८ | ३.७७ | ३.८६ | ४.३८ | ४.५ | ४.६ | " | | ४ | २ | १.२ |

## परिच्छेद पाँचः सामाजिक क्षेत्र

### ५.१ शिक्षा

**पृष्ठभूमि**

शिक्षा मानव विकास र सामाजिक, आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार हो । संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । राज्यका नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुरा निर्देशित गरेको छ । शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जारी गरी कार्यान्वयन प्रारम्भ गरेको छ । नेपाल सरकारले सबैका लागि समावेशी र समतामूलक एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनभरका लागि सिकाइका अवसर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा 'शिक्षा २०३०' कार्य ढाँचा तय गरेको छ ।

**प्रमुख समस्या**

विद्यार्थी संख्यामा अभाव रहेको, २८ वटा विद्यालयमा नर्सको वयवस्था नभएको, विद्यालयले विद्यालय सुधार योजना कार्यान्वयन गर्न नसकेको, प्राविधिक विद्यालय (शिक्षालय) पर्याप्त नभएको, अधिकांश विद्यालयमा आइ.सि.टि, साइन्स ल्याब र पुस्तकालय नभएको, विद्यालयमा विद्यार्थी टिकाउ नहुने (बाल विवाह गर्ने र पढाई छाड्ने गरेको), सुविधा सम्पन्न, बालमैत्री र पर्याप्त पूर्वाधार नभएको, पर्याप्त शिक्षक नभएको र प्रत्येक विद्यालयमा तालिम प्राप्त शिक्षक नभएको, सोचे अनुरुप शैक्षिक गुणस्तर कायम गर्न नसकेको, स्रोत साधनको अभाव, पालिकाका सबै विद्यालयमा मातृभाषामा पठनपाठन नभएको, सोचे अनुरुप साक्षरता दरमा नभएको, भौगोलिक बनावटका कारण प्रत्येक विद्यालयमा इन्टरनेट व्यवस्था नभएको, लुकिछिपि विभिन्न लागुपदार्थ धुम्रपान गर्ने गरेको, हरित विद्यालय निर्माण नभएको हुँदा बालवालिकालाई प्रतिकुल असर पर्ने आदि प्रमुख समस्या हुन् ।

**चुनौती**

सबैका लागि समतामूलक गुणस्तरीय शिक्षा विशेष गरी सामाजिक-आर्थिक रूपले पछि परेका तथा पिछडिएका क्षेत्रका बालबालिकालाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु र टिकाउ दर बढाउनु, अधिकांश स्थानीय तहमा प्राविधिक धारका विद्यालय नपुग्नु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास/पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु र यसको गुणस्तरमा सुधार ल्याउनु, सामुदायिक विद्यालयमा खासगरी जनजाति, दलित, विपन्न र विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याउनु, गरिब, विपन्न र पिछडिएको वर्गमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको पहुँचमा अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

शिक्षा क्षेत्रमा दक्ष मानव संसाधनको वृद्धि हुँदै जानु, प्राविधिक शिक्षा प्रतिको आर्कषण बढ्दै जानु, शिक्षामा तालिम, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमै सञ्चालन हुनु, स्थानीय तहको आवश्यकता अनुसार गाउँपालिकाले माध्यमिक विद्यालय स्थापना गर्न सक्ने, आवश्यकताका आधारमा आधारभूत तहबाट माध्यमिक विद्यालयमा स्तरोन्नती गर्न सक्ने, प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रवर्द्धन गर्न, सुचना प्रविधिमैत्री कक्षा सञ्चालन गर्न, शिक्षकको मनोवल उच्च राख्न विशेष नीतिगत व्यवस्था गर्न सक्ने आदि यस क्षेत्रका अवसरहरु हुन् ।

**लक्ष्य**

व्यवसायिक, शिपमुलक, रोजगारमुलक र दक्ष जनशक्तिको निर्माण भएको हुने ।

**उद्देश्य**

१. शिक्षाको गुणस्तरमा सुधार गर्नु ।

२. प्राविधिक ज्ञान सिपको विकास गर्नु ।

३. शिक्षामा सबैको पहुँच विस्तार गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षाको गुणस्तर र शिक्षकको क्षमता अभिवृद्धि गर्ने । | • तालिम प्राप्त, विषयगत एवं दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा सञ्चालन गरी गुणस्तर कायम राखिनेछ ।<br>• शिक्षकहरुलाई तालिम, पुर्नताजगी तालिम, अन्तरक्रिया एवं अनुभव आदनप्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई प्रभावकारी बनाइनेछ ।<br>• मण्टेश्वरी एवं त्यस्तै प्रकारका व्यवहारिक, प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्बन गरी शिक्षणलाई बालमैत्री बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।<br>• विद्यालय अनुगमन मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।<br>• शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई अनिवार्य, ई-लाइब्रेरी, इण्टरनेटको व्यवस्था मिलाई विद्यालयलाई आधुनिक प्रविधिमैत्री बनाइनेछ ।<br>• शिक्षकहरु सवैलाई तालिम प्रदान गरी प्रविधिमैत्री वनाइनेछ ।<br>• महिला-पुरुष शिक्षकको अनुपात र शिक्षक-विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मापदण्डका निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ ।<br>• विद्यालय नक्साङ्कन सम्वन्धी मापदण्ड वनाई सोका आधारमा विद्यालय र शिक्षक समायोजन गरिनेछ ।<br>• प्राविधिक शिक्षालाई कृषि, उद्योग, पर्यटन, पूर्वाधार र रोजगारीका आवश्यकतालाई ध्यानमा राखेर विस्तार गरी तालिम कार्यक्रमको सञ्चालन र नियमन प्रभावकारी रूपमा गरिनेछ ।<br>• उच्च शिक्षामा अनिवार्य रूपमा कम्तीमा ३ देखि ६ महिनाको स्वयंसेवक सेवा कार्यक्रमलाई पाठ्यक्रमको अङ्गकै रूपमा विकास गरी लागु गरिनेछ ।<br>• माध्यामिक विद्यालयको शुरु देखि नै अनुसन्धान र प्रयोगात्मक शिक्षामा विद्यार्थीलाई संलग्न गराइनेछ । |
| २. शिक्षण पद्वतिलाई प्रयोगात्मक र बालमैत्री शिक्षण प्रकृया अनुरुप निर्माण गर्ने | • विद्यालयमा नियमित प्रयोगत्मातक शिक्षा दिइनेछ ।<br>• शिक्षकलाई प्रवोधिकरण/कार्यशाला तथा तहगत विषयगत तालिम प्रदान गरिनेछ ।<br>• विद्यार्थीलाई दिवा खाजा दिई सिकाइ प्रति जगलप बनाइनेछ ।<br>• विद्यालयमा स्रव्य दृव्य तथा विभिन्न सन्दर्भ सामाग्रीको प्रयोग गरिनेछ ।<br>• आधुनिक सिकाई प्रविधिको प्रयोग गरिनेछ ।<br>• बालमैत्री अपाङ्गमैत्री विद्यालय निर्माण गरी सोहि अनुरुपका सामाग्रीको प्रयोग गरी पठनपाठन गरिनेछ । |

| | |
|---|---|
| | • विद्यालय पढ्दै कमाउँदै भन्ने प्रयोगत्माक विधि प्रयोग गरी पढाइनेछ । |
| ३. सबै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने । | • आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा ल्याउन भर्ना अभियानमा बाल क्लब, अभिभावक तथा नागरिक समाज मार्फत सहजीकरण गरिनेछ ।<br>• विद्यालय छाड्ने दर घटाउन सीमान्तकृत, विपन्न, दलित, जनजाति तथा पछाडी परेका समुदायका बालबालिकालाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयमा स्यानीटरी प्याड लगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । |
| ४. शिक्षालाई समावेशी र सर्वसुलभ बनाउने । | • आधारभूत तहमा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यामिक तहमा निःशुल्क (साधारण तथा प्राविधिक) शिक्षाको सुनिश्चित गरिनेछ ।<br>• प्राथमिक र आधारभूत तहसम्म मातृ भाषामा शिक्षा दिने नीति अवलम्बन गरिनेछ ।<br>• विद्यालयमा महिला शिक्षकको अनुपातमा अभिवृद्धि गर्ने नीति लिइनेछ ।<br>• विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन स्थान विशेषका आधारमा विशिष्टिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• उच्च शिक्षामा समावेशी नीति अन्तर्गत पछाडी परेका समुदायलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । |
| ५. अन्तरसरकार समन्वय र ऐन, कानुन, नीतिगत तथा संस्थागत पूर्वाधारको विस्तार तथा स्तरोन्नती विकास गर्ने । | • विद्यालय पूर्वाधार निर्माण सम्बन्धी मापदण्डमा बालिका शौचालय र अपाङ्गमैत्री सूचक समावेश गरिनेछ ।<br>• सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग, कम्प्युटर ल्याव स्थापना, इ-लाइब्रेरी सञ्चालन गर्न र यसका लागि उपयुक्त शिक्षक तालिम सहितको स्मार्ट कक्षा सञ्चालन गरिनेछ ।<br>• मापदण्डका आधारमा विद्यालय गाभ्ने र नक्साङ्कन कार्य गरिनेछ ।<br>• विद्यालयको पूर्वाधार र भौतिक आवश्यकताको कार्य योजना बनाई निर्माण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : शिक्षा, विज्ञान प्रविधि | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | विद्यालय नर्सको व्यवस्था | P1 | विद्यार्थीको स्वास्थ्य तथा सिकाई | ५० | १० | १० | १० | १० | १० | प्रदेश |
| २ | नारायणी मा.वि. नमुना मा.वि. प्रस्तावित नमुना विद्यालय | P1 | शिक्षाको विकास | ५०० | १०० | १०० | १०० | १०० | १० | संघ |
| ३ | मैवाखोला मा.वि. लाई नमुना मा. वि (गाउँपालिकाबाट प्रस्तावित) | P1 | शिक्षाको विकास | ८०० | १०० | ३०० | ३०० | १०० | १० | संघ/ प्रदेश/स्थानीय |
| ४ | I.C.T विज्ञान ल्याब र पुस्तकालय | P1 | सिकाई सरलीकरण | ५० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय |
| ५ | भवन तथा शौचालय निर्माण | P2 | भौतिक व्यवस्था राम्रो हुने | ५०० | | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ६ | शैक्षिक संथान स्वचालन प्रणाली जडान | P1 | | ३० | ३० | | | | | |
| ७ | विद्यालयमा इन्टरनेट जडान (२८ वटा) | P1 | प्रविधिको प्रयोग | १४० | २८ | २८ | २८ | २८ | २८ | संघ/ प्रदेश/स्थानीय |
| ८ | वालविकास सहज कर्ता र विद्यालय कर्मचारी तलव | P1 | विद्यालय सञ्चालन | ३२५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | स्थानीय |
| ९ | विद्यार्थी अभिमुखिकरण (करियर काउन्सेलि) कार्यक्रम | P1 | क्षमता अभिवृद्धि | ५ | १ | १ | १ | १ | १ | स्थानीय |
| १० | हाम्रो अस्पताल हाम्रौ डाक्टर अर्न्तगत एम वि वि एस छात्रवृति कार्यक्रम | P1 | दक्ष जनशक्ति उत्पादन | ८० | २० | २० | २० | २० | | स्थानीय |
| ११ | शिक्षक क्षमता विकाश कार्यक्रम | P1 | क्षमता अभिवृद्धि | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| १२ | विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम | P1 | क्षमता अभिवृद्धि | ४० | ८ | ८ | ८ | ८ | ८ | स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | अतिरिक्त कक्षा सञ्चालन | P1 | क्षमता अभिवृद्धि | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय |
| १४ | फरक क्षमता भएका विद्यार्थीलाई छुट्टै पठनपाठनको व्यवस्था गर्ने | P1 | समावेशी शिक्षा | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| १५ | बाल कल्व र बाल कल्व सञ्जाल गठन तथा परिचालन | P1 | | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| १६ | शिक्षक विद्यार्थी तथा अभिभावक संग जनप्रतिनिधि कार्यक्रम | P1 | | १५ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय |
| १७ | विद्यालय व्यवस्थापन खर्च | P1 | | ३० | ६ | ६ | ६ | ६ | ६ | स्थानीय |
| | | | | २७२५ | ४१३ | ६८३ | ६८३ | ४८३ | २८३ | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ६० | ६० | ६० | ६० | ६० | ६० | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ४ | १.२ |
| असर | विद्यालय वाहिर ५-१५वर्ष उमेर समूहका बालबालिका नभएको हुने | बालबालिका | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ० | " | | २ | ४ | १.२ |
| प्रतिफल | छात्रवृत्ती पाउने विद्यार्थी वृद्धि भएको हुने | छात्रवृत्ती पाउने विद्यार्थी | संख्या | ११२० | ११२० | ११२० | ११२० | ११२० | ११२० | " | शिक्षा सम्बन्धी सामाजिक संस्था, | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिवा खाजा खुवाउने विद्यालय सुधार भएको हुने | विद्यालय | संख्या | २८ | २८ | २८ | २८ | २८ | २८ | " | गैसस लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने | २ | ४ | १.२ |
| | नियमित अध्ययन गर्ने अवसर नमिलेका विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ४ | १.२ |
| | आधारभूत तह (कक्षा ८) सम्मको खूद भर्नादर वृद्धि भएको हुने | खूद भर्नादर | प्रतिशत | ७९ | ७९ | ७९ | ७९ | ७९ | ८५ | " | | २ | ४ | १.२ |
| | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर वृद्धि भएको हुने | उत्तिर्ण दर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | " | | २ | ४ | १.२ |
| | माध्यामकि तह (९-१२) को खूद भर्नादर वृद्धि भएको हुने | खूद भर्नादर | प्रतिशत | ४८ | ५० | ५५ | ६० | ६५ | ७० | " | | २ | ४ | १.२ |
| | कक्षा १२ को निरन्तरता दर वृद्धि भएको हुने | निरन्तरता दर | प्रतिशत | ५० | ६० | ६५ | ७० | ७५ | ८० | " | | २ | ४ | १.२ |
| | कक्षा ८ सिकाइ उपलब्धी दर वृद्धि भएको हुने | उपलब्धी दर | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | " | | २ | ४ | १.२ |
| | कक्षा ८ को निरन्तरता दर वृद्धि भएको हुने | निरन्तरता दर | प्रतिशत | ८८ | ९० | ९१ | ९२ | ९३ | ९५ | " | | २ | ४ | १.२ |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय वृद्धि भएको हुने | बालमैत्री विद्यालय | प्रतिशत | ५० | १० | १० | २८ | २८ | २८ | " | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विषयगत तालिम प्राप्त शिक्षक वृद्धि भएको हुने | तालिम प्राप्त शिक्षक | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | ” | | २ | ४ | १.२ |
| | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) (शिक्षक : विद्यार्थी) वृद्धि भएको हुने | आधारभूत र माद्यामिक शिक्षक : विद्यार्थी | संख्या | १:२० | १:२२ | १:२४ | १:२५ | १:२५ | १:२५ | ” | | २ | ४ | १.२ |
| | महिला र पुरुष शिक्षकको अनुपात (महिला : पुरुष) मिलेको हुने | शिक्षकको अनुपात (महिला : पुरुष) | अनुपात | १:३ | १:३ | १:३ | १:३ | १:३ | १:३ | ” | | २ | ४ | १.२ |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी वृद्धि भएको हुने | विद्यार्थी | संख्या | २४७ | २५० | २७० | २९० | ३०० | ३५० | ” | | २ | ४ | १.२ |
| | सिटिइभिटिबाट सम्बन्धनमा सञ्चालित प्राविधिक विद्यालय | विद्यालय | संख्या | ० | ० | ० | ० | ० | ० | ” | | २ | ४ | १.२ |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय वृद्धि भएको हुने | विद्यालय | संख्या | २ | ० | ० | ० | ० | २ | ” | | २ | ४ | १.२ |
| | बालमैत्री आधारभूत पूर्वाधार र सुविधा ( भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय भएको हुने | विद्यालय | संख्या | ३ | ५ | ८ | १० | १२ | १५ | ” | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आइसिटि सेवा उपलब्ध विद्यालय भएको हुने | विद्यालय | संख्या | ८ | ८ | ८ | १० | १५ | १८ | ” | | २ | ४ | १.२ |
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय भएको हुने | कम्प्युटर प्रयोगशाला | संख्या | ८ | ८ | ८ | १० | १२ | १८ | ” | | २ | ४ | १.२ |
| | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय भएको हुने | विज्ञान प्रयोगशाला | संख्या | ५ | ७ | ७ | ७ | ७ | ७ | ” | | २ | ४ | १.२ |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय भएको हुने | विद्यालय | संख्या | १ | १ | १ | ३ | ३ | ३ | ” | | २ | ४ | १.२ |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी वृद्धि भएको हुने | विद्यार्थी | संख्या | ३८३ | ३९० | ४०० | ४०५ | ४१० | ४२० | ” | | २ | ४ | १.२ |
| | वालक्लव क्रियाशील भएका विद्यालय भएको हुने | विद्यालय | संख्या | ५ | २१ | २१ | २१ | २१ | २१ | ” | | २ | ४ | १.२ |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ” | | २ | ४ | १.२ |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय भएको हुने | विद्यालय | संख्या | ५ | ८ | ८ | ८ | ८ | ८ | ” | | २ | ४ | १.२ |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय भएको हुने | विद्यालय | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | ” | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता भएको हुने | प्रतियोगिता | संख्या | ० | ० | १ | १ | १ | १ | " | | २ | ४ | १.२ |
| | युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | ० | १ | २ | ३ | ४ | " | | २ | ४ | १.२ |
| | परम्परागत ज्ञान, सीप, प्रविधिलाई स्तरोन्नति गर्दै व्यवसायीकरण भएको हुने | परम्परागत ज्ञान, सीप, प्रविधिलाई व्यवसायीकरण | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ४ | १.२ |
| | विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्ताहरु भएको हुने | युवा शोधकर्ताहरु | संख्या | ० | ० | १ | २ | ३ | ४ | " | | २ | ४ | १.२ |
| | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्वन्धित विविध क्रियाकलापहरु संचालन गरी पालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय भएको हुने | पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | ० | १ | १ | १ | १ | १ | " | | २ | ४ | १.२ |

## ५.२ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

स्वास्थ्य जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो । संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा परिभाषित गर्दै आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकासका लक्ष्य रहेको छ ।

### प्रमुख समस्या

क्यान्सर, मृगौला सम्बन्धी समस्या बढ्नु, मुटु रोग जस्ता नसर्ने रोगहरुको प्रकोप बढ्नु, सबै वडामा मापदण्ड बमोजिम स्वास्थ्य संस्था नहुनु, मापदण्ड बमोजिम आयोजनाहरु समयमै सम्पन्न नहुनु, तालिम प्राप्त जनशक्तिको कमी हुनु, SBA तालिम प्राप्त स्वास्थ्यकर्मी पर्याप्त नहुनु, किशोर किशोरीमैत्री स्वास्थ्य सेवा नहुनु, शिघ्र कुपोषित र मध्यम बालबालिका पहिचानमा समस्या हुनु, सहज तरिकाले सबै वडामा एम्बुलेन्स सेवा सञ्चालन हुन नसक्नु, खोप कोल्ड स्टोरको लागि WHO मान्यता प्राप्त फ्रिज पर्याप्त नहुन, दक्ष जनशक्तिको कमी साथै नसर्ने रोगहरुबारे जनचेतना सम्बन्धी कार्यक्रमहरु न्हुनु, महामारी तथा आपतकालिन अवस्थामा छुट्टै उपचार गर्न सक्ने जनशक्ति, उपकरण, उपचार कक्ष - आइसोलेसन नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्य जनशक्ति र स्वास्थ्य सम्बन्धी पूर्वाधारको व्यवस्था गर्नु, रिफरल स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दक्ष जनशक्ति टिकाई राख्नु, स्वास्थ्य बिमालाई सर्वव्यापी तुल्याउनु, निर्धारित निःशुल्क औषधि उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अवलम्बन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

स्वास्थ्य सेवा तीनै तहका सरकारको प्राथमिकता रहनु, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धि हुनु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था विद्यमान रहनु, आयुर्वेद औषधोपचारका लागि वहुमूल्यका जडीवुटीहरुको सहज उपलब्धता हुनु, स्वास्थ्य चौकी र बर्थिङ्ग सेन्टरहरूको सुविधा हुनु, ढङ्गेसाघुँ १५ शैयाको अस्पतालको निर्माणाधीन हुनु जस्ता अवसरहरु छन् ।

### लक्ष्य

समतामूलक र गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा प्रणालीका माध्यमद्वारा नागरिकको स्वास्थ्यस्तर सुधार भएको हुने ।

### उद्देश्य

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच बढाउने । | • स्वास्थ्य र पोषण सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• धूम्रपान, मद्यपान र सुर्तीजन्य पदार्थको बिक्री वितरणलाई कानुनी व्यवस्था गरी व्यवस्थित गरिनेछ ।<br>• स्वास्थ्य संस्थाका संरचना प्रचलित भवन निर्माण संहिता अनुसार अपाङ्गमैत्री, बालमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ ।<br>• प्राथमिक स्वास्थ्य केन्द्र ढंङ्गेसाघुँ १५ शैयाको अस्पतालको निर्माण समपन्न गरी सञ्चालनमा लयाइनेछ ।<br>• स्वास्थ्य संस्थाको जनशक्ति र स्वास्थ्य उपकरणको आवश्यकता परिपूर्ति गर्दै स्वास्थ्य संस्थाको सुदृढीकरण गरिनेछ ।<br>• स्वास्थ्य संस्थामा निःशुल्क पूर्ण खोप सुविधा उपलब्ध गराइनेछ ।<br>• स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत महिला, बालबालिका तथा किशोर किशोरीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरिनेछ ।<br>• स्वास्थ्य कर्मीलाई विरामीको उपचारको क्रममा हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्न स्वास्थ्यकर्मी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• अत्यावश्यक औषधि, उपकरण तथा सामग्रीको समुचित व्यवस्थापन गरिनेछ ।<br>• गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्याउन स्वास्थ्य बिमा कार्यक्रमको विस्तार गरिनेछ । |
| २. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गरी रोगको न्यूनीकरण गर्ने । | • रोग प्रतिरोधात्मक क्षमताको विकासको लागि पोषण, सरसफाइ तथा वातावरण प्रदूषण बारे जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• विपदबाट हुने स्वास्थ्य जोखिम सम्बन्धमा विद्यालय तहदेखि नै जागरूकता र उत्थानशीलताको विकास गरिनेछ ।<br>• स्वास्थ्यजन्य विपद पूर्व तयारी, औषधिको संचिति तथा विपद द्रुत उद्धार टोली तयारी अवस्थामा राखिने छ ।<br>• जनस्वास्थ्य, सरसफाइ र निरोधात्मक स्वास्थ्य चेतनाको अभिवृद्धि गर्न नागरिक समाज, शैक्षिक संस्थाका क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>• नियमित व्यायाम, योग जस्ता कुरालाई विद्यालय र जीवन प्रणालीको अङ्गको रूपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । |
| ३. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवालाई एकीकृत स्वास्थ्य सेवामा मूल प्रवाहीकरण गर्ने । | • आधुनिक चिकित्सा, वैकल्पिक चिकित्सा, परम्परागत जडीबुटी, औषधि तथा उपचार प्रणाली समेतलाई समेट्ने गरी स्वास्थ्यसम्बन्धी अनुसन्धानका क्रियाकलापलाई प्रवर्द्धन गर्दै लगिनेछ ।<br>• स्वास्थ्यमा प्रतिकूल असर पार्ने सन्देश प्रवाह, औषधि तथा खाद्य पदार्थको अनधिकृत विक्री वितरणको नियमन गरिनेछ ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरूको सेवा बिस्तार गरिनेछ ।<br>• आयुर्वेद लगायतका वैकल्पिक उपचार पद्धतिलाई आधुनिक उपचार केन्द्रमा नै एकीकृत गरी एकै स्थानबाट उपचार सेवा उपलब्ध गराइनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : आधारभूत स्वास्थ्य तथा पोषक | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | मापदण्ड बमोजिमको स्वास्थ्य संस्था विकास | P1 | सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य र पोषण सम्बन्धी ज्ञान र सचेतना उपलब्ध भएको हुने<br>गाउँपालिका भित्रका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईहरूको स्तरोन्नति भएको हुने<br>स्वास्थ्य र रोकथाम सम्बन्धी कार्यक्रमलाई व्यापक रुपमा सञ्चालन भएको हुने | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/ प्रदेश/स्थानीय |
| २ | मैवाखोला वडा नं. ३ स्वास्थ्य चौकी निर्माण | P1 | | 5 | 10 | २० | ३० | ३५ | | संघ/ स्थानीय |
| ३ | निशुल्क औषधी वितरण कार्यक्रम | P1 | | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/स्थानीय |
| ४ | फार्मेसी सेवा सञ्चालन | P1 | | १०० | १० | २० | २० | २० | ३० | स्थानीय |
| ५ | नर्सिङ कर्मचारीहरुलाई SBA तालिम सञ्चालन | P1 | | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ/ प्रदेश/स्थानीय |
| ६ | स्वास्थ औजार /उपकरण खरिद | P1 | | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/ प्रदेश/स्थानीय |
| ७ | स्वास्थ्य सम्बन्धी समुदायमा जनचेतना | P1 | | ५ | १ | १ | १ | १ | १ | संघ/ प्रदेश/स्थानीय |
| ८ | म.सा.स्वा.स्वयं. सं हरुको क्षमता विकास तालिम | P1 | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ९ | स्वास्थ्य संस्थामा किशोर किशोरीमैत्री कक्ष सञ्चालन | P1 | | ३ | १ | १ | १ | | | संघ/ प्रदेश/स्थानीय |
| १० | सुत्केरी आमाहरुलाई पोषिलो खाना कार्यक्रम | P1 | | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| ११ | घरघरमा स्वास्थ्य परिक्षण (जेष्ठ नागरिक र अशक्त) कार्यक्रम | P1 | | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| १२ | स्वास्थ्य विमा कार्यक्रम सञ्चालन | P1 | | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| १३ | स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यक्रम | P1 | | १० | २ | २ | २ | २ | २ | संघ/ प्रदेश/स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ९३३ | १८६ | २०६ | २१६ | २२० | १९५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ८४ | ८५ | ८८ | ९० | ९२ | ९४ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ३ | २.४ |
| असर | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल) पुग्न लाग्ने औषत समय घटेको हुने | समय | घण्टा | २ घण्टा | २ घण्टा | १ घण्टा ३० मी | १ घण्टा | ३० मी | १५ मी | " | | २ | ३ | २.४ |
| प्रतिफल | गाउँघर क्लिनिकको स्तरोन्नति भएको हुने | गाउँघर क्लिनिकको संख्या | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | " | | २ | ३ | २.४ |
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या वृद्धि भएको हुने | शैया संख्या | संख्या | ३ | ३ | १५ | १५ | १५ | १५ | " | | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घुम्ती लगायत स्वास्थ्य शिविर भएको हुने | शिविर पटक | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | " | अन्तर सरकार समन्वय र निजी क्षेत्रसँग सहकार्य भएको हुने | २ | ३ | २.४ |
| | सबै प्रकारका खोप लिएका बालबालिका वृद्धि भएको हुने | बालबालिका | प्रतिशत | ७३ | ७७ | ८० | ८४ | ८८ | ९२ | " | | २ | ३ | २.४ |
| | आधारभूत स्वास्थ्य सेवा उपलव्ध भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | " | | २ | ३ | २.४ |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु न्यून भएको हुने | शिशु | संख्या | २ | १ | १ | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | कुपोषणका कारण ५ वर्ष मुनीका बाल बालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु न्यून भएको हुने | बालबालिका | संख्या | ११ | १० | ८ | ६ | ३ | १ | " | | २ | ३ | २.४ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला वृद्धि भएको हुने | गर्भवती महिला | संख्या | ८० | ८५ | ८८ | ९१ | ९४ | ९६ | " | | २ | ३ | २.४ |
| | प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु भएको हुने | स्वास्थ्य संस्था | संख्या | ३ | ३ | ४ | ४ | ४ | ४ | " | | २ | ३ | २.४ |
| | मातृमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) न्यून भएको हुने | मातृमृत्यु दर | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा) घटेको हुने | झाडा पखालाको सङ्क्रमण दर | संख्या | २२१ | २०८ | १७८ | १४८ | ११८ | ८८ | " | | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वाप्रश्वासको सङ्क्रमण दर प्रति हजारमा घटेको हुने | स्वाप्रश्वासको सङ्क्रमण दर | संख्या | ९० | ८० | ६० | ५० | ४० | १० | " | | २ | ३ | २.४ |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी वृद्धि भएको हुने | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | २६ | २८ | २८ | ३३ | ३८ | ३८ | " | | २ | ३ | २.४ |
| | जनसंख्या र दक्ष स्वास्थ्यकर्मीको अनुपात (जनसंख्या : दक्षस्वास्थ्यकर्मी) बढेको हुने | जनसंख्या : दक्षस्वास्थ्यकर्मी | अनुपात | १/३९८ | १/३४८ | १/३४८ | १/२९८ | १/२४८ | १/२४८ | " | | २ | ३ | २.४ |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका शतप्रतिशत भएको हुने | भिटामिन ए प्राप्त बालबालिका | प्रतिशत | ९८ | ९८ | ९९ | ९९ | १०० | १०० | " | | २ | ३ | २.४ |
| | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) न्यून भएको हुने | नवजात शिशु मृत्युदर | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) न्यून भएको हुने | शिशु मृत्युदर | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | ५ वर्ष मुनीको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) न्यून भएको हुने | ५ वर्ष मुनीको बाल मृत्युदर | संख्या | १ | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.४ |
| | कूल प्रजनन दर (प्रति महिला शिशु जन्म) बढेको हुने | कूल प्रजनन दर | दर | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | " | | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार नियोजनका साधनको प्रयोग दर बढेको हुने | परिवार नियोजन प्रयोग | प्रतिशत | २२ | २४ | २८ | ३२ | ३६ | ४० | ” | | २ | ३ | २.४ |
| | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या बढेको हुने | वीमामा आवद्ध जनसंख्या | प्रतिशत | १९ | ३० | ३० | ४५ | ४५ | ५० | ” | | २ | ३ | २.४ |
| | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रम भएको हुने | कार्यक्रममा सहभागि | संख्या | ३०५७ | ४००० | ६००० | ८००० | ९००० | १०००० | ” | | २ | ३ | २.४ |
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग, एड्स, कुष्ठरोगको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित भएको हुने | लाभान्वित जनसंख्या | संख्या | ८ | ५ | ४ | ३ | २ | १ | ” | | २ | ३ | २.४ |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था भएको हुने | स्वास्थ्य संस्था | संख्या | ३ | ३ | ४ | ४ | ४ | ४ | ” | | २ | ३ | २.४ |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका भएको हुने | महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ६९ | ६९ | ६९ | ६९ | ६९ | ६९ | ” | | २ | ३ | २.४ |
| | महामारी, भाइरसको सङ्क्रमण, आपतकालीन उपचारको अभाववाट मृत्यु न्यून भएको हुने | मृत्यु | संख्या | ० | ० | ० | ० | ० | ० | ” | | २ | ३ | २.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महामारी, भाइरसको सङ्क्रमण, आपतकालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल भएको हुने | क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ३ | २.४ |
| | नागरिक आरोग्य कार्यक्रम सञ्चालन भएको हुने | आरोग्य कार्यक्रम | संख्या | ० | ० | ० | ० | १ | १ | " | | २ | ३ | २.४ |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा उपचार पद्धति सञ्चालन गर्ने संस्था भएको हुने | स्वास्थ्य संस्था | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ३ | २.४ |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला भएको हुने | आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ३ | २.४ |

## ५.३ खानेपानी तथा सरसफाइ

### पृष्ठभूमि

मानवोचित जीवन यापनका लागि स्वच्छ खानेपानी र सरसफाइको महत्वपूर्ण स्थान रहेको छ । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गर्दै गाउँपालिका स्तरीय खानेपानी सेवा गाउँपालिकाको अधिकार सूचिमा राखेको छ ।

यस गाउँपालिकामा खानेपानीको श्रोत - कुवा, खोला, नदी, ढुङ्गेधारा, मुहान पर्याप्त रहेको छ । खानेपानी प्रयोगशाला स्थापना गरी पालिका भरिका मुहान देखि मुहान सम्मको पानी सूचकहरु जाँच गर्न ल्याब पनि रहेको छ । बजार क्षेत्र भएको ठाउँमा भने फोहोरमैला अव्यवस्थित रही वातावरणीय प्रदुषण भएको छ ।

### प्रमुख समस्या

खानेपानीको श्रोत भन्दा माथि अव्यवस्थित वस्ती रही स्वच्छ खानेपानीको व्यवस्थापन गर्न नसक्नु, खानेपानीको श्रोत संरक्षण तथा सरसफाईको प्रयास कम हुनु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी हुनु, व्यवस्थित फाहोरमैला विसर्जन गर्न ल्याण्डफिल साईट नहुनु, ल्याब जाँच स्थापना भए पनि उपकरण र सामाग्रीहरु पूर्ण रुपमा पर्याप्त नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्व विकास गर्नु, पानीको गुणस्तर कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, बजार क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपमा स्थापित हुनु, खानेपानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा गाउँपालिका, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, उपभोक्ता समिति र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ समन्वय समिति क्रियाशिल रहनु, सरसफाइ कार्यक्रमलाई गाउँपालिकामा सामाजिक अभियानको रूप लिनु, आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

खानेपानी तथा सरसफाइ सुविधामा पहुँच वृद्धि भएको हुने ।

### उद्देश्य

गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउन अन्तरसरकार समन्वय र सहकार्य गर्ने । | • निर्माणाधीन तथा क्रमागत आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।<br>• स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा नपुगेका स्थानको पहिचान गरी सुविधा पु-याइनेछ ।<br>• सबैलाई खानेपानी र सरसफाइ सुविधा पुऱ्याउन सरोकारवाला निकायबिच साझेदारी र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | • एक घर, एक धारा, एक शौचालायको नीति अवलम्बन गरिनेछ ।<br>• सबै विद्यालय, सामुदायिक भवनमा लैङ्गिक मैत्री शौचालय र बजार केन्द्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।<br>• आर्थिक रूपमा अति विपन्न तथा भूमिहीनलाई शौचालय तथा सार्वजनिक शौचालय निर्माण अनुदानको व्यवस्था गरिनेछ । |
| २. खानेपानीको गुणस्तर कायम<br>गर्ने । | • खानेपानीको गुणस्तर परीक्षण गरी क्रमशः शुद्धीकरण गर्दै लगिनेछ ।<br>• खानेपानीको मुहान संरक्षण गरी प्रदूषण रहित बनाइनेछ ।<br>• खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी प्रविधि, विधि र सुविधा समुदाय तहसम्म पुऱ्याइनेछ । |
| ३. समुदाय, विद्यालय र उपभोक्ता संस्थामा खानेपानी र सरसफाइ सम्बन्धी सचेतना ल्याउने । | • नदीमा जथाभाबी फोहोर फाल्न नियन्त्रण गरिनेछ ।<br>• नागरिक समाजलाई परिचालन गरी खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतना ल्याइनेछ ।<br>• विद्यालय केन्द्रित सरसफाइ अभियान सञ्चालन गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : खानेपानी तथा सरसफाई | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सुरक्षित खानेपानी योजना/मर्मत संभार | P1 | शुद्ध पिउने पानीको व्यवस्थापन गर्ने तथा सरसफाइको उचित प्रबन्ध भएको हुने | १०० | २५ | २५ | २८ | १२ | १० | संघ |
| २ | फोहोर वर्गीकरण/विसर्जन गर्ने व्यवस्थापन | P1 | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ३ | ल्याब सञ्चालन/तालिम | P1 | | १० | ३ | २ | १ | १ | १ | संघ/ प्रदेश/स्थानीय |
| ४ | खानेपानी आयोजना सञ्चालन | P1 | | १० | २ | २ | २ | २ | २ | प्रदेश/स्थानीय GWT |
| | | | | **१४५** | **३३** | **३२** | **३४** | **१८** | **१६** | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइएको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिगाल संकेत** | **दिविल संकेत** | **प्रसस संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | | | | |
| प्रभाव | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ६७ | ७५ | ७७ | ८७ | ९४ | १०० | गापा | | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | निजी पाइपलाइन धारा जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ६७ | ७० | ७५ | ८५ | ९५ | १०० | " | | ७ | ६ | १.३ |
| प्रतिफल | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | " | | ७ | ६ | १.३ |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | घण्टा | | | | | | | " | | ७ | ६ | १.३ |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति वृद्धि भएको हुने | समिति | संख्या | ४७ | ५२ | ५५ | ५८ | ६३ | ६८ | " | | ७ | ६ | १.३ |
| | सरसफाइ सेवा उपलब्ध घरधुरी ( निजी क्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | २ | १५ | ३० | ६० | ८५ | १०० | " | | ७ | ६ | १.३ |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा भएको हुने | वडा | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | ७ | ६ | १.३ |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | " | | ७ | ६ | १.३ |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ९९.९ | ९९.९ | ९९.९ | १०० | १०० | १०० | " | | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाल्डे शौचालय भएको घरधुरी न्यून भएको हुने | घरधुरी | प्रतिशत | ०.१ | ० | ० | ० | ० | ० | " | | ७ | ६ | १.३ |
| | सार्वजनिक शौचालयहरु निर्माण भएको हुने | सार्वजनिक शौचालयहरु | संख्या | ३ | ३ | ३ | ४ | ५ | ६ | " | | ७ | ६ | १.३ |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार वृद्धि भएको हुने | घरपरिवार | प्रतिशत | ० | ५ | २० | ५० | ८५ | १०० | " | | ७ | ६ | १.३ |
| | घर,आँगन, शौचालयबाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | " | | ७ | ६ | १.३ |

## ५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

यस गाउँपालिकामा महिला, युवा, किशोर-किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरु हुने गरेको र उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उक्त वर्गको अधिकार र हित हुने खालका विभिन्न कार्यक्रमहरु समेत सञ्चालन हुने गरेको छ । साथै यस गाउँपालिकाले बालमैत्री स्थानीय शासन २०८३ वैशाख सम्म घोषणा गर्न आवश्यक कदमहरु चालेको छ। उत्पीडित वर्ग, द्वन्द्वपीडित, अपाङ्गता भएका नागरिकले पनि आम नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि यस गाउँपालिकामा विशेष कार्यक्रम मार्फत सम्बोधन हुने गरेको छ । त्यही अनुरुप आर्थिक, समाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा सबैको सहभागितामा वृद्धि हुँदै आएको छ ।

### प्रमुख समस्या

महिला वर्गको मुख्य नेतृत्वमा सहभागिता नहुनु, महिलाहरुले विभिन्न विकासको योजनामा रोजगारी नहुनु, परिवारमा घरझगडा, मदिरापानको समस्या हुनु, लैङ्गिक हिंसा तथा बालविवाह प्रशस्त हुनु, बालमैत्री स्थानिय शासन घोषणाका लागि आवश्यक पूर्वाधार नहुनु, खासगरी दलित सामुदायहरुमा मुख्य नेतृत्व नहुनु, व्यवसायहरु सिप तथा उद्यमशिलता तालिम सञ्चालन बृहत मात्रामा नहुनु, अपाङ्गता भएका नागरिकहरुलाई व्यवसाहिक सिप प्रदान नहुनु, जेष्ठ नागरिकका निमित्त भवन नहुनु, जेष्ठ नागरिकको स्वास्थ्य विमा नहुनु, जेष्ठ नागरिकको स्वास्थ्य परिक्षणलाई प्रभावकारी बनाउन आवश्यक स्वास्थ्य प्रविधिक नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

बालविवाह एवं बहुविवाह नियन्त्रण गर्नु, लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण गर्नु, अपाङ्गता भएकाहरुलाई स्वरोजगार बनाउनु, महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु, वसाइ सराइ नियन्त्रण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

आदि अवसर हुन् ।

अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री संरचनाको निर्माण मापदण्डमा रहनु, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा संवैधानिक व्यवस्था हुनु, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु, महिला सशक्तीकरण हुँदै, निर्णायक तहमा महिलाको वाक्लो उपस्थिति हुँदै जानु, महिला समूह, आमा समूह, महिला सहकारी जस्ता संस्थाहरु क्रियाशील रहनु, बाल क्लव, अपाङ्गताको क्लवहरु गठन हुनु,  दलित जनजातिहरु राजनितिक नेतृत्वमा हुनु, जेष्ठ नागरिकहरु तथा अपाङ्गताहरुलाई प्रत्येक महिनाको एक दिन स्वास्थ्य परिक्षण औषधि सहित घरमै स्वास्थ्य परिक्षण हुनु,राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गरिएको जस्ता अवसरहरु छन् ।

### लक्ष्य

भेदवाद रहित स्वस्थ्य र सम्मानजनक जीवन यापन भएको हुने ।

### उद्देश्य

१. सामाजिक सेवा सुविधामा लक्षित वर्ग एवं आम नागरिकलाई सहज पहुँच अभिवृद्धि गरी सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्नु ।

२. निर्णायक तहमा महिलाको समानुपातिक अवसरको सृजना गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लक्षित वर्गको सामाजिक समावेशिकरण र क्षमता विकास सशक्तिकरण, लैङ्गिक समानता सुनिश्चित गर्नु । | • ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवहरु नीति निर्माणमा उपयोगि हुने र भावि पुस्ताहरुका लागि एक मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण श्रृजना गरिनेछ ।<br>• ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम, नि:शुल्क स्वास्थ्य बीमा, स्वास्थ्य जाँच लगायत संविधान र अन्य ऐनहरुमा भएको प्रावधानहरुलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ ।<br>• उपयुक्त स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भवन निर्माण गरी दिवा सेवा कार्यक्रम सञ्चालन गर्दै ज्येष्ठ नागरिकहरुको जीवन यापनलाई सहज र सरल बनाइनेछ ।<br>• बाल क्लव तथा सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी बनाइनेछ ।<br>• कानुनी विवादमा पर्ने बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ, अति विपन्न बालवालिकाहरुको शिक्षा, स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ ।<br>• संविधान लगायत विभिन्न ऐन कानुनहरुद्वारा व्यवस्था गरिएका बाल अधिकारबारे अभिमुखीकरण, जनचेतना अभिवृद्धि गर्दै बालविवाह न्युनिकरण सम्बनधी कार्यक्रमहरु क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।<br>• बालबालिकाहरुको शारीरिक र मानसिक विकासका लागि आवश्यक सबै प्रकारका व्यवस्था गरी प्रतिभावान र सभ्य नागरिक बिकास बनाउन सहयोग गरिनेछ ।<br>• बालमैत्री असल शासन पालिका घोषणा गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा गरिनेछ ।<br>• सामाजिक समावेशिकरण र क्षमता मुलक समाज नियन्त्रणका लागि विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• महिला दलित र अपाङ्गता भएका व्यक्तिलाई सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• आधारभूत शिक्षा, स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएका सबै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकहरुको जीवन यापनलाई सहजता बनाइनेछ । |
| २. महिला सशक्तीकरण र लैङ्गिक समानताको आधार निर्माण गर्ने । | • नीति निर्माण तहमा महिलाको पहुँच वृद्धि गरी सम्पूर्ण संरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>• महिलासँग जोडिएका सामाजिक कुरीति तथा गलत प्रचलन विरुद्ध अभियान सञ्चालन गरिनेछ ।<br>• लैङ्गिक हिंसा निवारणमा पुरुषको अर्थपूर्ण भूमिका र सहभागिता प्रवर्द्धन गरिनेछ ।<br>• उद्यमशील महिला समूह तथा संस्थाद्वारा उत्पादित सामग्रीको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनेछ ।<br>• सार्वजनिक स्थल, सार्वजनिक भवन, अस्पताल, शौचालय आदि महिलामैत्री, बनाइनेछ । |

| | |
|---|---|
| | • महिला शिक्षा, सशक्तिकरण, वित्तीय साक्षरता र महिला उद्यमशीलतालाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ । <br>• महिलाको दक्षता वृद्धिका लागि कम्प्युटर तथा प्रविधि प्रयोग सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । <br>• राष्ट्रपति महिला उत्थान कार्यक्रममा संघसँग सहकार्य गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| **विषयगत उपक्षेत्र : लक्षित वर्ग तथा सामाजिक समावेशीकरण** | | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | व्यवसायिक सिप तथा उद्यमशिलता तालिम सञ्चालन | P1 | विविध विषयमा क्षमता विकास | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ/स्थानीय |
| २ | महिला हिंसा तथा घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम | P1 | विविध विषयमा क्षमता विकास | १५ | ३ | ३ | ३ | ३ | ३ | | संघ/ स्थानीय |
| ३ | बालविवाह सचेतना तथा आपतकालिन बाल उद्धार कोष विकाश कार्यक्रम | P1 | जनचेतना, अभिमुखीकरण | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह आफै |
| | | | | **५०** | **१०** | **१०** | **१०** | **१०** | **१०** | | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइँ … आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिगोल** | **दिविल** | **प्रसस** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | | | | |
| प्रभाव | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व भएको हुने | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | | | | | | | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ३ | २.२ |
| असर | महिलाको औषत आयु वृद्धि भएको हुने | औषत आयु | वर्ष | ७९ | ८० | ८० | ८० | ८० | ८१ | " | | २.२ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्षित वर्गका लागि बजेट विनियोजन (महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) वृद्धि भएको हुने | बजेट विनियोजन | प्रतिशत | ०.६४ | ०.६४ | १ | १ | १ | १ | " | | २ | ३ | २.२ |
| प्रतिफल | रोजगारी, पेशा, व्यवसायमा महिलाको उपस्थिति वृद्धि भएको हुने | महिला | संख्या | १५० | १८० | २०० | २२० | २५० | ३०० | " | | २ | ३ | २.२ |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला भएको हुने | लाभान्वित महिला | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | " | भाषा आयोग, संस्कृतिसँग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने | २ | ३ | २.२ |
| | ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र स्थापना भएको हुने | ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र | संख्या | ० | ० | ० | ० | ० | १ | " | | २ | ३ | २.२ |
| | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या भएको हुने | लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | " | | २ | ३ | २.२ |
| | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार घटेको हुने | घरपरिवार | संख्या | १८० | १५० | १२० | १०० | ८० | ५० | " | | २ | ३ | २.२ |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | २० | ३० | ४० | ५० | ५० | ५० | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय सँग समन्वय भएको हुने | २ | ३ | २.२ |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला भएको हुने | महिला | प्रतिशत | ५ | ७ | १० | १२ | १४ | २० | " | | २ | ३ | २.२ |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला वृद्धि भएको हुने | तालिम प्राप्त महिला | संख्या | १५० | १८० | २०० | २९० | ३५० | ४०० | " | | २ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट व्यवस्था भएको हुने | बजेट | रु. लाख | ६ | ८ | १० | १२ | १५ | २० | " | | २ | ३ | २.२ |
| | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक भएको हुने | महिला प्राविधिक | संख्या | १० | १८ | ३० | ४० | ४५ | ५० | " | | २ | ३ | २.२ |
| | महिला सहकारी संस्था भएको हुने | महिला सहकारी संस्था | संख्या | १ | १ | २ | २ | २ | २ | " | | २ | ३ | २.२ |
| | महिला सहकारी संस्थामा आवद्ध सदस्य वृद्धि भएको हुने | सदस्य | संख्या | ५४० | ५८० | ६०० | ६५० | ७०० | ७५० | " | | २ | ३ | २.२ |
| | महिला सञ्जाल तथा आमा समूहहरु भएको हुने | महिला सञ्जाल तथा आमा समूह | संख्या | २१ | २२ | २३ | २४ | २४ | २५ | " | | २ | ३ | २.२ |
| | अपाङ्गत भएकाहरुको क्षमता अभिवृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थ्यमा रकम विनियोजन भएको हुने | बजेट | रु. लाख | ३५ | ४० | ४० | ४५ | ४६ | ४६ | " | | २ | ३ | २.२ |
| | निःशुल्क शिक्षाबाट लाभान्वित अपाङ्गता भएका बालबालिकाहरु भएको हुने | बालबालिका | संख्या | ४ | सबै | सबै | सबै | सबै | सबै | " | | २ | ३ | २.२ |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता भएको हुने | सीप भएका अपाङ्ग | संख्या | ५ | सबै | सबै | सबै | सबै | सबै | " | | २ | ३ | २.२ |
| | सुरक्षित तथा सम्माजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक भएको हुने | ज्येष्ठ नागरिक | संख्या | ६३८ | ६४० | ६४० | ६४० | ६४० | ६४० | " | | २ | ३ | २.२ |
| | असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको संख्या नहुने | असहाय, अशक्त, वेवारिसे ज्येष्ठ | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नागरिक | | | | | | | | | | | | |
| | संचालनमा रहेको ज्येष्ठ नागरिक हेरचाह तथा दिवा सेवा केन्द्र | हेरचाह तथा दिवा सेवा केन्द्र | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ | २.२ |
| | संचालनमा रहेका ज्येष्ठ नागरिक क्लव | ज्येष्ठ नागरिक क्लव | संख्या | ० | ० | १ | १ | १ | १ | " | | २ | ३ | २.२ |
| | परिचय पत्र प्राप्त ज्येष्ठ नागरिक भएको हुने | ज्येष्ठ नागरिक | संख्या | ७४४ | सबै | सबै | सबै | सबै | सबै | " | | २ | ३ | २.२ |
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम वृद्धि भएको हुने | रकम | रु.लाख | ०.५ | १ | १ | २ | ४ | ५ | " | | २ | ३ | २.२ |
| | बहुविवाह दर न्यून भएको हुने | वहुविवाह दर | प्रतिशत | १ | ०.८ | ०.५ | ०.३ | ०.२ | ० | " | | २ | ३ | २.२ |
| | एकल महिला सुरक्षा कोषमा रकम जम्मा भएको हुने | रकम | रु. लाख | ० | १ | १ | १ | १ | १ | " | | २ | ३ | २.२ |
| | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्र भएको हुने | पुनर्स्थापना केन्द्र | संख्या | ० | ० | १ | १ | १ | १ | " | | २ | ३ | २.२ |
| | बाल विवाह (कूल जनसंख्याको) न्यून भएको हुने | बाल विवाह | प्रतिशत | १५ | १० | ८ | ० | ० | ० | " | | २ | ३ | २.२ |
| | बालवालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, वेचविखन, घरेलु हिंसा आदि घटना न्यून भएको हुने | हिंसाका घटना | संख्या | ८० | ६० | ४० | ० | ० | ० | " | | २ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | असहाय, वेसहारा तथा आश्रयहीन बालबालिका न्यून भएको हुने | बालबालिक ा | संख्या | ८० | ७० | ६० | ० | ० | ० | " | | २ | ३ | २.२ |
| | बाल प्रतिनिधित्व भएका सार्वजनिक संस्था तथा समिति भएको हुने | समिति | संख्या | ० | ० | ५ | ७ | ९ | १० | " | | २ | ३ | २.२ |
| | क्रियाशील बाल क्लब , बालसञ्जालहरु भएको हुने | बाल सञ्जाल | संख्या | ० | ५ | ८ | १५ | २५ | २८ | " | | २ | ३ | २.२ |
| | अन्तरपाटी महिला सञ्जाल भएको हुने | अन्तरपाटी महिला सञ्जाल | संख्या | ० | १ | १ | १ | ६ | ७ | " | | २ | ३ | २.२ |

## ५. ५ युवा तथा खेलकुद

### पृष्ठभूमि

साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ । युवालाई राजनीतिक आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिका रूपमा लिन सकिन्छ । संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान गर्न स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न उपयुक्त अवसर प्रदान गर्ने कुराको उल्लेख छ ।

### प्रमुख समस्या

युवाहरु क्रियाशिल नरहेको र सहभागिकरणको अभावले आफ्नो जिम्मेवारी र क्षेत्राधिकारमा अलमल भएको, युवाहरु वेरोजगार भई सामाजिक कुलतमा फसेको, पालिकामा दक्ष तथा प्राविधिक जनशक्तिको अभाव रही स्वरोजगार युवा बन्न नसकेको, बजेटको अभावमा खेलकुद पूर्वाधार निर्माण कार्य स्थगित भई अलपत्र रहेको, लोपोन्मुख खेलहरुको पहिचान तथा संरक्षणका कुनै प्रयास नगरिएको, खेलमैदानको न्युनतम मापदण्ड रहित रहेको हुँदा स्तरीय खेल सञ्चालनमा समस्या हुनु, युवा तथा खेलकुद सम्बन्धी संस्थागत संरचना कमजोर हुनु, युवा लक्षित उद्यमशील र रोजगारीका अवसर विस्तार नहुनु, शिक्षा प्रणालीमा युवा क्षमता र सिर्जनशीलतालाई सम्बोधन गर्न नसक्नु, खेलकुद क्षेत्रको विकासमा व्यवहारिक महत्वबोध नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

मध्यम र उच्च शिक्षा प्राप्त गरेका युवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, सामाजिक र आर्थिक सेवामा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभरूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि गरी स्वदेशमा रोजगारी र स्वरोजगारको व्यवस्था गर्नु, सामाजिक र आर्थिक रूपान्तरणमा युवा परिचालन गर्नु, गाउँपालिका स्तरमा पर्याप्त खेलकुद तथा पूर्वाधारको विकास, निर्माण, स्तरोन्नति, खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता गराउनु, खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, बढ्दो युवा जनसंख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई हालको जनसांख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, युवामा राष्ट्र निर्माणमा मूल प्रवाहीकरण गर्न सोच र इच्छा शक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिका प्रति जागरूकता आउनु, युवा र खेलकुद लक्षित कार्यक्रमलाई विस्तार गर्नका लागि आधार तयार हुनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

युवाको विकास तथा खेलकुदका अवसरद्वारा स्वास्थ्य, अनुशासित, सिर्जनशील नागरिक विकास हुने ।

### उद्देश्य

१. युवा प्रतिभा विकास तथा उद्यमशीलता एवम् स्वरोजगारका अवसर सृजना गर्नु ।

२. सबैका लागि खेलकुदको अवधारणा अनुरूप खेलकुद क्षेत्रलाई अनुशासित र मर्यादित बनाउँदै युवालाई खेलकुदको अवसर प्रदान गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवा क्षमता विकास र परिचालन गरी सामाजिक-आर्थिक क्षेत्रमा संलग्नता बढाउने । | • युवा सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।<br>• परम्परागत पेशा र व्यवसायको जगेर्ना र व्यावसायीकरणमा युवा सहभागिता अभिवृद्धि गरिने छ ।<br>• समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत विभेद लैङ्गिक हिंसा तथा अमानवीय कार्यको अन्त्यका लागि युवा परिचालन गरिनेछ । |
| २. खेलकुद मार्फत स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको विकास गर्ने । | • युवाको क्षमता एवम् उद्यमशीलता अभिवृद्धि गरी खेलकुदलाई स्वरोजगार एवम् रोजगारसँग आबद्ध गरिनेछ ।<br>• युवालाई विपद व्यवस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा परिचालन गरिनेछ ।<br>• परम्परागत खेलकुदलाई विकास र संरक्षण गरिनेछ ।<br>• सबै प्रकारका शिक्षण संस्थालाई खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रेरित र प्रोत्साहित गरिनेछ ।<br>• साहसिक र पर्यटकीय खेलकुदको विकास गरी खेलकुद क्षेत्रलाई आत्मनिर्भर बनाउँदै लगिनेछ ।<br>• समाजमा बढिरहेको युवा निराशा, दुर्व्यसन, अपराधलाई रोक्न युवा सचेतना कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।<br>• व्याडमिन्टन कवर्ड हल आयोजना गरिनेछ ।<br>• मदन भण्डारी स्मृती बहुउद्वेश्य रङ्गशालाको निर्माण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : युवा तथा खेलकुद | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | अभिमुखिकरण (युवा सचेतना) | P1 | युवाहरुको क्षमता अभिवृद्धि | ३० | ६ | ६ | ६ | ६ | ६ | स्थानीय |
| २ | न्युनतम मापदण्डको खेलमैदान निर्माण | P1 | | ५४ | ८ | ८ | १० | २० | ८ | संघ/ प्रदेश/स्थानीय |
| ३ | राष्ट्रपति रनिङ्गशिल सहित | P1 | | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| ४ | खेलकुद प्रशिक्षण (फुटबल, भलिबल) प्रर्वधन कार्यक्रम | P1 | खेलकुद विकासका लागि पूर्वाधार निर्माण | ७५ | १५ | १५ | १५ | १५ | १५ | स्थानीय |
| | | P1 | | २०९ | ३९ | ३९ | ४१ | ५१ | ३९ | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँका आधार | जोखिम पक्ष तथा अनुमान | दिगो | दिगो | प्रमुख |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | शिक्षित युवा (एस.इ.इ वा सो भन्दा माथिको शिक्षा आर्जन) वेरोजगार नभएको हुने | वेरोजगार युवा | संख्या | २२०० | २००० | १८०० | १६०० | १४०० | १००० | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ३ | १.२ |
| असर | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा वृद्धि भएको हुने | तालिम प्राप्त युवा | संख्या | १२८ | १५० | १७० | १९० | २०० | २५० | " | | २ | ३ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | व्यवसायिक सीप विकास तालिम लिए पछि स्व/रोजगारीमा आवद्धता भएको हुने | रोजगार युवा | संख्या | ५० | ९० | ११० | १५० | १८० | २०० | " | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष, उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसँग समन्वय भएको हुने | २ | ३ | १.२ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट लाभान्वित युवा वृद्धि भएको हुने | लाभान्वित युवा | संख्या | ७८७ | ८०० | ८५० | ९०० | १००० | १२०० | " | | २ | ३ | १.२ |
| | युवा स्वरोजगार कोष अन्तर्गतको कर्जावाट लाभान्वित युवा वृद्धि भएको हुने | लाभान्वित युवा | संख्या | ० | ० | १० | २० | ३० | ५० | " | | २ | ३ | १.२ |
| | स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता भएको हुने | युवाहरुको संलग्नता | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ | " | | २ | ३ | १.२ |
| | क्रियाशील युवा क्लवहरु भएको हुने | युवा क्लव | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | " | | २ | ३ | १.२ |
| | व्यवसायिक युवा खेलाडी भएको हुने | व्यवसायिक खेलाडी | संख्या | १ | १ | १ | १ | १ | १ | " | | २ | ३ | १.२ |
| | खेल अभ्यास प्रशिक्षण केन्द्र (कवर्ड हल) निर्माण भएको हुने | कवर्ड हल | संख्या | ० | १ | १ | १ | १ | १ | " | | २ | ३ | १.२ |
| | खेलकुद मैदानहरु स्तरोन्नति भएको हुने | खेलकुद मैदान | संख्या | ७ | ७ | ८ | ८ | ८ | ९ | " | | २ | ३ | १.२ |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने | खेलकुद प्रतियोगिता | संख्या | १ | १ | १ | १ | १ | १ | " | | २ | ३ | १.२ |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु भएको हुने | प्रतिनिधित्व खेलाडीहरु | संख्या | २ | २ | २ | २ | २ | २ | " | | २ | ३ | १.२ |

## ५.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

### पृष्ठभूमि

कला, भाषा, धर्म, सस्कृति, ऐतिहासिक सम्पदा नेपालको मौलिक राष्ट्रिय पहिचान हुन् । संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा परिभाषित गरेको छ । नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा अबलम्बन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्धन र संरक्षण गर्ने हक प्रदान गरेकोछ । यसैगरी ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने, राष्ट्रिय सम्पदा, कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने नीति अवलम्बन गरेको छ ।

जातजाति, साहित्य, भाषा, भेषभुषा, रहनसहनका मानिसको बसोबास रहेको यस गाउँपालिकामा लिम्बु, तामाङ्ग, शेर्पाको बाहुल्यता रहेको छ ।

### प्रमुख समस्या

साहित्य, सम्पदा, कला, भाषा र संस्कृति संरक्षणको प्रयास खासै नहुनु र लोप भएर जान सक्ने, खोज तथा अनुसन्धान नहुनु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्या हुन् ।

### चुनौती

विभिन्न मातृभाषा र लिपिको अभाव तथा मानकीकरण गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृतिको तथा सम्पदा संरक्षण गर्नु; वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु, स्थानीय भाषा, संस्कृति, चाडपर्वहरु लोपोन्मुख र पुस्ता हस्तान्तरण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि संवैधानिक निर्देशन रहनु, अद्वितीय मौलिक संस्कृतिको प्राचुर्यता रहनु, भाषा, कला एवम् संस्कृतिको पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी वृद्धिको सम्भावना रहनु, पर्याप्त सांस्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु, गाउँपालिकाको सबै वडामा भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनको प्रचार प्रसार गरी विस्तार गर्नु,आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

मौलिक संस्कृति, धार्मिक एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने ।

### उद्देश्य

स्थानीय भाषा, कला, साहित्य क्षेत्रको संवर्द्धन र विकास गरी धार्मिक, भाषिक र सांस्कृतिक एकता र सद्भाव कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने । | • भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदा संरक्षण र संवर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय भाषा, साहित्य एवम् सम्पदा संरक्षण र संवर्द्धनका लागि संघीय र प्रादेशिक तथा संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।<br>• सबै जातजातिको भाषा, लिपी, धर्म संस्कृति, भेषभुषा र रीति रिवाजको अध्ययन अनुसन्धान गरी संरक्षण र संवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सबै जात जातिको सांस्कृतिक पहिचान झल्काउने मुख्य पूजाआजा, धर्म, धार्मिक शक्तिपीठ, धाम तथा मठमन्दिरको संरक्षण, संवर्द्धन गर्दै धार्मिक पर्यटन स्थलको रूपमा विकास गरिनेछ ।<br>• स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ । |

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : कला, भाषा, साहित्य संस्कृति | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बहुसास्कृतिक संग्राहलय निर्माण | P1 | सम्पदा संरक्षण | ४०० | | | १०० | १०० | २०० | संघ |
| २ | भाषा, कला, साहित्य तथा संस्कृति प्रवर्द्धन कार्यक्रम | P1 | कला संस्कृतिको जर्गेना | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ स्थानीय |
| | | | | **४२५** | **५** | **५** | **१०५** | **१०५** | **२०५** | |

## नतिजा खाका

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइएको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिराल संकेत** | **दिविल संकेत** | **प्रसस संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | | | | |
| प्रभाव | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण भएको हुने | स्थानीय कला, भाषा साहित्य पेशा | संख्या | ३ | ३ | ५ | ५ | ५ | ५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ११ | २.२ |
| असर | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा भएको हुने | स्रष्टा | संख्या | ५ | ५ | ५ | ५ | ६ | ६ | " | | २ | ११ | २.२ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | कला, संस्कृति र सम्पदाका प्रकारको संरक्षण भएको हुने | कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | ५ | ५ | ५ | ५ | ६ | ६ | " | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने | २ | ११ | २.२ |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व संरक्षण भएको हुने | चाँडपर्व | संख्या | १८ | १८ | १८ | १८ | २० | २० | " | | २ | ११ | २.२ |
| | स्थानीय लोपोन्मुख भाषाहरु संरक्षण भएको हुने | लोपोन्मुख भाषा | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | " | | २ | ११ | २.२ |
| | वोलीचालीका स्थानीय भाषाहरु संरक्षण भएको हुने | भाषा | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | २ | ११ | २.२ |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु भएको हुने | अध्ययन तथा अनुसन्धान | संख्या | २ | ३ | ४ | ५ | ५ | ५ | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने | २ | ११ | २.२ |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन भएको हुने | प्रकाशन | संख्या | ० | ० | ० | १ | १ | १ | " | | २ | ११ | २.२ |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र (संग्रहालय) निर्माण भएको हुने | संग्रहालय | संख्या | १ | १ | १ | १ | १ | २ | " | | २ | ११ | २.२ |

# परिच्छेद छः पूर्वाधार क्षेत्र

## ६.१ ग्रामीण विकास तथा वस्ती व्यवस्थापन

### पृष्ठभूमि

शहरीकरणलाई आर्थिक विकासको इन्जिन पनि भन्ने गरिन्छ । स्वच्छ वातावरण र आवासलाई संविधानले मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित वस्ती विकास गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास, पछाडी परेका क्षेत्रको पूर्वाधार विकास र विकास निर्माण प्रक्रियामा स्थानीय सहभागिता वृद्धि गर्न आवश्यक छ । गाउँपालिका भित्रको विकास योजना तर्जुमा, पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजना, भवन निर्माण प्रविधिको प्रवर्द्धन, राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गाउँपालिकाको अधिकार सूचीमा रहेका छन् ।

### प्रमुख समस्या

मैवाखोला गाउँपालिकाको प्रशासकिय भवन नहुनु, वडा नं. ३ को स्वास्थ्य चौकी भवन पक्की तथा वातावरण मैत्री नहुनु, नारायणी नमुना माधयमिक विद्यालयको भवन निर्माण पूर्ण रुपमा सम्पन्न नहुनु, हिमालय आधारभुत विद्यालय लगायत मंगलादेवी आधारभुत विद्यालयको पक्की भवन नहुनु वडा नं. ५ र ६ को प्रहरी चौकी भवन नहुनु, बहुउद्देश्यीय कवर्डहल निर्माण नहुनु, गाउँपालिका भित्र खर र फुसको छाना रहनु, साँघुपाटी नरहाट बजार स्तरोन्नती नहुनु मैवाखोलाको अन्य सार्वजनिक भवन निर्माण अधुरो रहनु, राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, आधारभूत भौतिक संरचनाको कमी हुनु, पूर्वाधार संरचनाको विकासमा समन्वय कमजोर हुनु, मौलिक निर्माण शैलीका भवनहरु विस्थापित हुँदै जानु, स्थानीय दक्ष कामदारको कमी हुनु, वस्ती विकास योजना नहुनु, जोखिमयुक्त वस्तीहरुको स्थानान्तरणमा ढिलाइ हुनु, सुरक्षित ग्रामीण विकासको बारेमा जनचेतनाको कमी हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, सार्वजनिक भवनहरु तथा पूर्वाधारहरु वातावरण मैत्री, लैङ्गिक मैत्री, वाल मैत्री र अपाङ्ग मैत्री नहुनुआदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

व्यवस्थित वस्ती विकास गर्न, भवन संहिताको पूर्ण रुपमा कार्यान्वयन गर्न, मौलिक संस्कृतिको संरक्षण गरी संरचना निर्माण गर्न, विभन्न ठाउँमा छरिएर रहेका वस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा उपलब्ध गराउन, जोखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत वस्ती निर्माण गर्न, सरकारी र सामुदायिक भवन बनाउन, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, आधारभूत वस्ती विकासको सेवा सुविधाको विकासका लागि स्रोत जुटाउनु, वस्ती व्यवस्थापनलाई प्रभावकारी बनाउनु, स्थानीय संस्थागत क्षमता र प्राविधिक दक्षता विकास गर्नु, विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

मापदण्ड सहितको भवन संहिता निर्माण र कार्यान्वयनको अधिकार गाउँपालिकामा हुनु, व्यवस्थित वस्ती विकास गर्न सार्वजनिक जग्गा र खुलाक्षेत्र रहनु, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश र संघ सरकारसँग समन्वयन हुनु, भवन तथा ग्रामीण विकास सरकारको प्राथमिकता पर्नु, योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त गाउँ बसाल्ने सम्भावना रहनु, बजार केन्द्रको विकासद्वारा समग्र ग्रामीण क्षेत्रको विकासमा योगदान गर्न सकिने अवस्था हुनु, बजार केन्द्रको सामूहिकरणद्वारा एकीकृत आर्थिक विकास र सेवा प्रवाहको सम्भावना रहनु आदि यस क्षेत्रका अवसर हुन् ।

### लक्ष्य

आवासमा पहुँच र सेवा सुविधा तथा अवसरयुक्त गाउँको निर्माण भई जिवनयापनमा सहजना र सुविधा अभिवृद्धि भएको हुने ।

### उद्देश्य

१. भुकम्प प्रविरोधी भवन निर्माण तथा सर्वसुलभ सुविधा सम्पन्न वस्ती विकास गर्नु ।

२. सार्वजनिक पूर्वाधारहरुको व्यवस्थित विकास र दिगो निर्माण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वाातावरण मैत्री भवन निर्माणमा जोड दिने । | • स्थानीय भवन संहिता बनाई लागु गरिनेछ ।<br>• वस्तीहरुको विकासमा स्थानीय संस्कृति, परम्परा आदि मौलिकता झल्किने गरी भवनको नमूना डिजाइन तयार गरी उपलब्ध गराइनेछ ।<br>• स्थानीय डकर्मी र सिकर्मीहरुलाई सुरक्षित घर निर्माणको तालिम दिइनेछ ।<br>• सार्वजनिक जग्गा र भवनहरुको लगत संकलन गरी अभिलेख राखिनेछ ।<br>• बजार तथा बजार उन्मुख क्षेत्रमा ढल निकासको व्यवस्था गरिनेछ ।<br>• सार्वजनिक भवन निर्माण गर्दा भविश्यमा त्यस भवनमा एकिकृत कार्यलयहरु लगायत भाडामा अन्य पसलहरु समेत सञ्चालन गर्न सकिने गरी निर्माण गर्ने अवधारणा तयार गरिनेछ ।<br>• पूर्वाधार निर्माणहरु भुकम्प प्रतिरोधी बनाउन सुरुवात गरिनेछ र जनचेतना ल्याइनेछ ।<br>• भुकम्प प्रतिरोधी संरचनाहरु सार्वजनिक स्थानहरुमा अनिवार्य गरिनेछ ।<br>• एकिकृत वस्ती विकासको लागि संभायता अध्ययन गरिनेछ । |
| २. सामाजिक पूर्वाधारहरुको व्यवस्थित विकास गरी सुरक्षित वस्ती निर्माण गर्ने । | • सुविधासम्पन्न गाउँपालिका भवन निर्माण गरिनेछ ।<br>• एकिकृत वस्ती विकास योजना बनाई कृषि, उद्योग, आवास र बजार क्षेत्र निर्धारण गरिनेछ ।<br>• मैवाखोला ५ र ६ प्रहकी चौकी निर्माण गरिनेछ ।<br>• "एक वडा एक एकिकृत वस्ती" विकासमा जोड दिइनेछ ।<br>• सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरि भूमिहीन सुकुम्वासीको व्यवस्थित बसोबासका लागि आवश्यक पहल गरिनेछ ।<br>• एकिकृत वस्तीहरुमा विकासका पूर्वाधारहरुः सडक, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई आदि सुविधा विस्तार र सामुदायिक स्थलहरु निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | मैवाखोला ५ प्रहकी चौकी निर्माण | P2 | पहुँच वृद्धि | ५० | | | ३० | १० | १० | प्रदेश |
| २ | हिमालयन आ.वि. को पक्की भवन | P2 | सुरक्षित र व्यवस्थित संरचना | ५० | | २० | २० | १० | | संघ/ प्रदेश/स्थानीय |
| ३ | नवज्योती आ.वि. को पक्की भवन | P2 | सुरक्षित र व्यवस्थित संरचना | ५० | | २० | २० | १० | | संघ/ प्रदेश/स्थानीय |
| ४ | गा.पा. भित्रको फुसको छाना हटाउने | P2 | सुरक्षित र व्यवस्थित संरचना | २०० | | ५० | ५० | ५० | ५० | संघ/ प्रदेश/स्थानीय |
| ५ | सामुदायिक भवन | P2 | सहजता वृद्धि | २०० | | १०० | १०० | | | संघ/ प्रदेश/स्थानीय |
| ६ | वहुउद्दश्यीय कभर्ड हल | P1 | सहजता वृद्धि | १५० | १०० | ५० | | | १०० | संघ/ प्रदेश/स्थानीय |
| | | | | **७००** | **१००** | **२४०** | **२२०** | **८०** | **१६०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध बजार क्षेत्र भएको हुने | बजार क्षेत्र | संख्या | ० | ० | १ | १ | १ | १ | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| असर | बजार क्षेत्रमा बसोवास गर्ने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | २५० | ३०० | ३५० | ४०० | ४५० | ५०० | " | | ३ | ९ | १.३ |
| प्रतिफल | व्यवस्थित बसपार्क तथा बस स्टेशन भएको हुने | बसपार्क तथा बस स्टेशन | संख्या | ० | ० | १ | १ | १ | १ | " | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसँग समन्वय भएको हुने | ३ | ९ | १.३ |
| | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र भएको हुने | खुल्ला पार्क क्षेत्र | संख्या | ० | १ | २ | ३ | ६ | ७ | " | | ३ | ९ | १.३ |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, बिजुली, सञ्चार) सामुदायिक भवन (महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल भएको हुने | सामुदायिक भवन | संख्या | ३ | ३ | ४ | ५ | ५ | ५ | " | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोखिमयुक्त वस्तीहरुको संरक्षण भएको हुने | जोखिमयुक्त वस्तीहरु | संख्या | ३ | ३ | २ | २ | १ | १ | " | | ३ | ९ | १.३ |
| | जनता आवास कार्यक्रमबाट लाभान्वित घरपरिवार वृद्धि भएको हुने | लाभान्वित घरपरिवार | संख्या | ९ | १० | १२ | १२ | १२ | २० | " | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना भएको हुने | सार्वजनिक भवन तथा संरचना | संख्या | ११ | १५ | २५ | ३० | ४० | ५० | " | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति भएको हुने | दक्ष जनशक्ति | संख्या | ० | १० | २० | ३० | ४० | ५० | " | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु भएको हुने | आवास तथा संरचनाहरु | प्रतिशत | ० | ० | १ | २ | २ | ५ | " | | ३ | ९ | १.३ |
| | आफ्नै स्वामित्वको घरमा बसोवास गर्ने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | ८९.९ | ९० | ९३ | ९५ | ९७ | ९९ | " | | ३ | ९ | १.३ |
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना भएको हुने | सार्वजनिक संरचना | संख्या | १ | २ | ३ | ७ | ९ | १० | " | | ३ | ९ | १.३ |

## ६.२ सिँचाइ

### पृष्ठभूमि

संविधानमा जलस्रोतको बहुपयोगी विकास गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने राज्यको नीति रहेको छ । गाउँ विकासका दृष्टिले सिँचाई अति महत्वपूर्ण हुन्छ र संविधानले पनि सिँचाईलाई स्थानीय सरकारको जिम्मेवारीमा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐनले सिँचाई सम्बन्धी नीति, कानुन, योजना, मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन तथा नियमनको अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । कृषि बालीको उत्पादन र उत्पादकत्व बढाउन सिँचाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुर्‍याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ ।

### प्रमुख समस्या

सिँचाइ प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, धेरै ठाउँहरुमा कच्ची कुलो तथा नहरहरु रहनु, नहरहरुको राम्रो व्यवस्थापन नहुनु, परम्परागत कृषि कुलोहरूको आधुनिकिकरण तथा सुधार हुन नसक्नु, आधुनिक उपकरणको प्रयोग नहुनु, सिंचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा यिवस्थापन गर्न नसक्नु, दिगो सिंचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुनु र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहुनु, अन्य भौतिक पूर्वाधारहरूको तुलनामा सिंचाई पूर्वाधारप्रति समुदायहरूको चासो कम हुनु, भौगोलिक जटिलताका कारण दिगो सिंचाई योजना कार्यान्वयन गर्न कठिनाई हुनु आदि सिंचाई क्षेत्रका समस्याहरू हुन् ।

### चुनौती

वर्षभरी सिंचाई गर्नका लागि पर्याप्त सिंचाई परियोजनाको व्यवस्थापन गर्न, परम्परागत प्रणाली विस्थापित गरी सिंचाई क्षेत्रमा आधुनिकिकरणको प्रवेश गराउन, सिँचाई कुलोलाई व्यवस्थित बनाई बृहत सिँचाइ कुलो निर्माण गर्न, सुक्दै गएका प्राकृतिक मुल तथा मुहान संरक्षण गर्न, नयाँ ठूला आयोजना निर्माण गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी बढाउन, भौगोलिक तथा आर्थिक जटिलतालाई न्यूनीकरण गर्न, सञ्चालनमा रहेका सिंचाई आयोजनाहरूको मर्मत सम्भार तथा अधिकतम प्रयोग गर्न, विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकहरुको पुर्ति गर्न आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

सिँचाइका लागि खोलाहरु प्रशस्त हुनु, सिँचाइयोग्य कृषि जमिनको पर्याप्तता, सिँचाइ स्थानीय सरकारको प्राथमिकताको विषय हुनु, कृषक व्यवस्थित सिँचाइ प्रणाली हुनु, उपभोक्ताको सञ्जाल विस्तार हुनु र सिँचाइ सम्बन्धी नवीन ज्ञान र प्रविधिमा पहुँच बढ्दै जानु, दीर्घकालीन कृषि विकास रणनीतिमा सिँचाइको विशिष्ट स्थान रहनु, विभिन्न नयाँ सिंचाई प्रविधिहरूको विकास हुँदै जानु, ठूला व्यवसायिक कृषि फर्म तथा आयोजनाहरूको विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, थोपा सिंचाईको सम्भावना हुनु, सिँचाई क्षेत्रमा दक्षता वृद्धि हुँदै जानु प्रमुख अवसर हुन् ।

### लक्ष्य

बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गरी उतपादकत्वमा वृद्धि गर्ने ।

### उद्देश्य

१. कृषियोग्य जग्गा जमिनहरुमा सिँचाइ सुविधा पुर्‍याई व्यवस्थित खेती प्रणालीमा जोड दिनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाइ प्रणालीको लागि योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने । | • सिँचाइ प्रणाली विकास गर्न कृषियोग्य जमिनहरु पहिचान गरिनेछ ।<br>• ६ वटै वडाहरुमा सिँचाइ गर्न आयोजनाहरु छनौट गरिनेछ ।<br>• निर्माणाधीन तथा क्रमागत आयोजनालाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।<br>• जनसहभागिताका उच्च सम्भावना भएका मझौला र साना सिँचाइ आयोजनाको निर्माणमा प्राथमिकता दिइनेछ ।<br>• कृषि उपजको बढी सम्भावना भएका पकेट क्षेत्रमा प्राथमिकताका साथ सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>• साना मध्यम आयोजनाका लागि स्थानीय पारम्परिक मूल, कुलो, खोल्सालाई एक-आपसमा जोडेर बहुआयामिक सिँचाइ प्रणालीको विकास गरिनेछ । |
| २. सतह सिँचाइको पहुँच नपुग्ने स्थानमा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गर्ने । | • सिँचाइको दिगो स्रोत नभएका कृषि क्षेत्रमा भूमिगत तथा उपयुक्त नयाँ प्रविधि अवलम्बन गरी सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।<br>• विद्युत र सोलार जस्ता नयाँ प्रविधि उपयोग गरी नदि किनारामा सिँचाइ सुविधा विस्तार गरिनेछ । |
| ३. संस्थागत सुदृढीकरण तथा अन्तरसरकार र अन्तर निकाय समन्वय प्रभावकारी बनाउने | • सिँचाइ प्रणाली विस्तार भएको कृषि योग्य जमिनको अन्य प्रयोजनमा रूपान्तरण हुन नपाउने गरी कानुनी व्यवस्था गरिनेछ ।<br>• स्थानीय समुदायलाई सिँचाइको पानी उपयोग र न्यायपूर्ण वितरण सम्बन्धी मापदण्ड बनाई लागु गर्न सहयोग गरिनेछ ।<br>• सिँचाइ र कृषि सम्बद्ध निकाय विच समन्वय र सहकार्य गर्ने व्यवस्था गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सिंचाइ पूर्वाधार | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सेलुवा खोला सिंचाइ | P2 | उत्पादकत्वमा वृद्धी र सहज जीवनयापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| २ | माङमाया खोला सिंचाइ | P2 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ३ | माङमाया सिंचाइ | P2 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ४ | नेरुवा खोला सिंचाइ | P2 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ५ | लोदुम्बा खोला सिंचाइ | P2 | | १००० | २०० | २०० | २०० | २०० | २०० | संघ/ प्रदेश/स्थानीय |
| ६ | नेङवा खोला सिंचाइ कुलो | P2 | | १००० | २०० | २०० | २०० | २०० | २०० | संघ/ प्रदेश/स्थानीय |
| ७ | वहेदेरे खोला सिंचाइ | P2 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| | **जम्मा** | | | **४५००** | **९००** | **९००** | **९००** | **९००** | **९००** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि वृद्धि भएको हुने | भूमि | हेक्टर | १४०० | १२ | १४ | १६ | १८ | २५० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ४ | २ | १.३ |
| असर | वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि न्यून भएको हुने | भूमि | हेक्टर | १० | | | | | १ | " | | ४ | २ | १.३ |
| प्रतिफल | खोला तथा मुहानहरुबाट सिंचित भूमि भएको हुने | भूमि | हेक्टर | १५०० | | | | | १०० | " | | ४ | २ | १.३ |
| | वर्षभरी नियमित सिंचित क्षेत्र भएको हुने | वर्षभरी नियमित सिंचित क्षेत्र | हेक्टर | २० | २ | २ | २ | २ | १०० | " | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ४ | २ | १.३ |
| | सिंचाइका लागि निर्मित नहरको कूल लम्वाइ | नहरको कूल लम्वाइ | किमि | | | | | | | " | | ४ | २ | १.३ |
| | नहर सिँचाईबाट लाभान्वित भूमि | भूमि | हेक्टर | ० | ० | ० | ० | ० | ० | " | | ४ | २ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्तरोन्नति तथा मर्मत संभार भएका पानी कुलो वृद्धि भएको हुने | पानी कुलो | संख्या | २ | | | | | १० | " | | ४ | २ | १.३ |
| | लिफ्ट प्रणालीवाट लाभान्वित भूमि | भूमि | हेक्टर | | | | | | | " | | ४ | २ | १.३ |
| | सिंचाइका लागि प्रयोगमा आएको आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी भएको हुने | आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी | संख्या | ० | १ | २ | २ | २ | २ | " | | ४ | २ | १.३ |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, स्पिङक्लर) स्तरोन्नति भएको हुने | सिंचाइ प्रविधि | संख्या | २ | | | | | २ | " | | ४ | २ | १.३ |

## ६.३ विद्युत तथा नवीकरणीय ऊर्जा

### पृष्ठभूमि

गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको छ। विद्युत्को आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवर्द्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ। नवीकरणीय ऊर्जाले विद्युतको आवश्यकता पुरा गर्न महत्त्वपूर्ण परिपूरकको भूमिका खेल्न सक्छ। संविधानले नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकको आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जा आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भन्ने व्यवस्था रहेको छ।

### प्रमुख समस्या

जलविद्युत आयोजनाको मर्मत सम्भार र पुनरुत्थान हुन नसक्नु, सबै घरहरुमा केन्द्रिय प्रसारन लाइनको पहुँच पुग्न नसक्नु, भौगोलिक विकटताले गर्दा सबै वस्तीहरुमा विद्युत सेवा उपलब्ध नहनु, साना जलविद्युत आयोजना तथा सौर्य ऊर्जामा निर्भरता हुनु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, सडक बत्तिहरुको अभाव हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव हुनु, वैकल्पिक ऊर्जाको स्पष्ट अवधारणा नहुनु, विद्यालय, बजार क्षेत्र, लगायतका प्रमुख कार्यालयहरु र अन्य निकायहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्।

### चुनौती

प्रत्येक घरमा निरन्तर रूपमा विद्युत प्रवाह गरी नियमित आपुर्तीको सुनिश्चितता गर्न, केन्द्रिय प्रसारन लाइन नभएकोले उद्योग तथा कलकारखना सञ्चालनमा ल्याउन, विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघिय सरकार बिच समन्वय गर्न, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न, विद्युत अवरोध हुँदा समयमा नै मर्मत गरी सुचारु गर्न, सेवा प्रवाह गर्दै आएका साना तथा लघु जलविद्युतको उचित संरक्षण, व्यवस्थापन तथा स्तरोन्नती गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्वन्धी नीति निर्माण गरी कार्यन्वयन गर्न, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा प्रयोगमा क्षमता अभिवृद्धि गर्न, मानिसहरुलाई वैकप्लिक ऊर्जा प्रयोग गर्न अभ्यस्त गर्न जस्ता चुनौतीहरु छन्।

### अवसर

विद्युत सम्बन्धी भौतिक पूर्वाधार निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत्त उत्पादनमा लगानीमैत्री र प्रतिस्पर्धाको वातावरण सिर्जना भई विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित हुनु, प्राविधिक र वित्तीय साझेदारीमा सौर्य ऊर्जा उत्पादन विस्तार हुनु, गाउँपालिकाको बजार क्षेत्र लगायतका मुख्य चोकहरुमा सोलार बत्ती जडान गर्न सकिने, विद्युत र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्न जस्ता अवसरहरु छन्।

### लक्ष्य

विद्युत प्रयोग वृद्धि र स्वच्छ वातावरण कायम गर्ने।

### उद्देश्य

१. स्थानीय उत्पादित विद्युतलाई दिगो बनाउनु र केन्द्रिय प्रसारण लाइन विस्तार गर्नु।
२. वातावरण मैत्री ऊर्जा प्रयोगको लागि वैकल्पिक उर्जा विस्तार गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्युत प्रसारण र वितरण व्यवस्था प्रभावकारी बनाउने । | • ६ वैट वडाहरुमा केन्द्रिय प्रसारण लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग सहकार्य र समवयन गरिनेछ ।<br>• विद्युत आपूर्तिलाई भरपर्दो, विश्वासनीय र गुणस्तरीय वनाइनेछ ।<br>• सामुदायिक विद्युतीकरण अभियानलाई प्राथमिकता पूर्वक सञ्चालन गरिनेछ ।<br>• वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरु चिस्यान केन्द्र, कोल्ड स्टोरेज आदिको स्थापना, सञ्चालन तथा प्रवर्द्धनमा विशेष प्राथमिकता दिइनेछ ।<br>• विद्युतको उपयोगलाई लघु तथा घरेलु उद्योगमा उपयोग गरी आय आर्जन र रोजगारीमा आबद्ध गरिनेछ ।<br>• विद्युतको प्रयोगलाई बढाउने तथा परम्परागत इन्धनको रुपमा प्रयोग गर्ने दाउराको निर्भरता घटाइनेछ । |
| २. सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको उत्पादन र वितरण बढाउने । | • नवीकरणीय ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, संरचनात्मक व्यवस्था, सीप विकास गरिनेछ ।<br>• वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।<br>• विद्यालय, स्वास्थ्य संस्था तथा वडाहरुमा सोलार प्रणाली जडान गरिनेछ ।<br>• विपन्न परिवार र केन्द्रिय प्रसारण लाइन नपुगेको घरहरुमा सोलार प्रणाली जडान गरिनेछ ।<br>• जलविद्युत नपुगेको क्षेत्रमा सिँचाइ, खानेपानी, सडक बत्ती र ट्राफिक बत्तीको लागि नवीकरणीय ऊर्जाको उपयोग गरिनेछ ।<br>• गाउँपालिका भित्रको वस्तीमा बायो ग्यास तथा सुधारिएको चुलो जडान गरी धुवाँ मुक्त घर वा वस्ती बनाउने कार्य अगाडी वढाइनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : विद्युत तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | नविकरणिय ऊर्जा सोलार विवरण | P1 | सहजता | ५० | १० | १० | १० | १० | १० | संघ/स्थानीय |
| २ | विद्युतको केन्द्रीय प्रशारण लाईन वितरण | P1 | | १००० | ३०० | ४०० | ३०० | | | संघ/स्थानीय |
| ३ | वडा कार्यलय क्षेत्र र मुख्य क्षेत्रहरु पहिचान गरी सडक वत्ति व्यवस्था | P2 | | १०० | | | ५० | ५० | | संघ/ स्थानीय |
| | | | | **११५०** | **३१०** | **४१०** | **३६०** | **६०** | **१०** | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइएको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिगल संकेत** | **दिविल संकेत** | **प्रसस संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | केन्द्रीय विद्युत लाइन प्रसारणबाट लाभान्वित घरधुरी वृद्धि भएको हुने | लाभान्वित घरधुरी | संख्या | ५० | १०० | २०० | ४०० | १००० | १५०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ७ | ३.३ |
| असर | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी वृद्धि भएको हुने | घरधुरी | संख्या | २१०० | | | | | | " | | ३ | ७ | ३.३ |
| प्रतिफल | सोलार प्रणालीमा आवद्ध घरधुरी भएको हुने | घरधुरी | संख्या | २१५ | २१० | २०८ | २०५ | २०२ | २०० | " | अन्तर सरकार | ३ | ७ | ३.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरधुरी वृद्धि भएको हुने | घरधुरी | संख्या | २० | २० | २० | २० | २० | ५० | " | समन्वय र सहकार्य भएको हुने | ३ | ७ | ३.३ |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | संख्या | २२०० | | | | | | " | | ३ | ७ | ३.३ |
| | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा ( इन्डक्सन) प्रयोग गर्ने घरधुरी भएको हुने | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी | संख्या | ० | ५ | १० | १५ | २० | २० | " | | ३ | ७ | ३.३ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | १० | १० | १० | १० | १० | १० | " | | ३ | ७ | ३.३ |
| | सडकको किनारा तथा सार्वजनिक स्थामा सडक बत्ती जडान भएको हुने | सडक बत्ती | संख्या | ० | ० | ५ | १० | १२ | १२ | " | | ३ | ७ | ३.३ |
| | स्थानीय स्तरमा विद्युत उत्पादन भएको हुने | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | १५० | | | | | १५० | " | | ३ | ७ | ३.३ |
| | स्थानीय स्तरमा जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था भएको हुने | जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था | संख्या | ६ | | | | | ६ | " | | ३ | ७ | ३.३ |

## ६.४ सडक, यातायात तथा पुलपुलेसा

### पृष्ठभूमि

राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा उल्लेख भएको छ। यस गाउँपालिकामा मुख्य गरी तल उल्लेखित सडकको निर्माण तथा स्तरोननति, साथै पक्की पुल र बसपार्कको निर्माण गर्नुपर्ने देखिन्छ।

- गुफा देखि साँघु दोभान (सडक नाली ग्राबेल सहित कालो पत्रे गर्ने।
- सदरमुकाम देखि गाउँपालिका आउने मुख्य सडक वडा १ को तिरतिरे देखि वडा नं. १,२,३,४,५ र ६ जोडने मोटर बाटो **ग्राबेल तथा नाली सहितको निर्माण गर्ने।**
- मदन भण्डारी लोकमार्गको मजुवा खण्डदेखि ताम्राङ टिम्वुरे हुँदै वडा नं. ५ र ६ जोड्ने मोटर बाटो नाली, ग्राबेल , सोलिङ गरी स्तरोन्नति गर्ने
- मानेडाँडा लाली मुडे चित्रे खानिटोल हुँदै मदन भण्डारी लोकमार्ग जोड्ने सडक स्तरोन्नती तथा निर्माण गर्ने।
- ३ नं. वडाको मानेडाँडा वाङगेलाम मालीङगेनी खाम्सादिन ओदक कामसाङ भिले हुदै साम्तुङ जाने मोटर बाटोमा नाली ग्राबेल तथा सोलिङ निर्माण गर्ने।
- मैवाखोला गाउँपालिकामा बसपार्क निर्माण गर्ने।
- मदन भण्डारी राजमार्ग अन्तर्गतको माङमाया वडा नं. ३ र २ जोड्ने मोटरेवल पुल
- वडा नं. ४ र ५ बिचको टिम्वुरे खोला मोटरेवल पुल
- वडा नं. ४ को नेरुवा एक वासे पुल
- मैवाखोला ६ र मेरिङदेन १ विच को भुक्या खोला मोटरेवल पुल
- मैवाखोला ४ र ५ जोड्ने लोदुम्बा खोला मोटरेवल पुल
- मैवाखोला वडा नं. ३ र ५ जोड्ने याङदेली मोटरेवल पुल
- मैवाखोला ३ र ४ जोड्ने विभिरे मोटरेवल पुल
- मैवाखोला ३ र २ जोड्ने वुम्वे लेक्वा जोड्ने मोटरेवल पुल
- मैवाखोलाको ओदक र खाम्सादेन जोड्ने मोटरेवल पुल
- वडा नं. ६ को नेवाखोला मोटरेवल पुल
- मानेडाँडा लाली जाने बाटो मोटरेवल पुल
- मैवाखोला ३ को वहले र २ को पिटिङगे माङमाया खोला मोटरेवल पुल

### प्रमुख समस्या

गाउँपालिकाको सडक गुरुयोजना नहुनु, सबै मुख्य र साखा सडकहरु कच्ची र नाजुक हुनु तथा यातायातको राम्रो व्यवस्था नहुनु,सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, टुक्रे योजनाको संख्या अत्याधिक हुनु, योजना र विनियोजित बजेटको बिचमा तालमेल नहुनु, सडक मापदण्ड सुनिश्चित भइ नसक्नु,वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, आवश्यक पूर्व तयारी र अध्ययन बिना नै सडक निर्माण तथा अव्यवस्थित आवास क्षेत्र विकास हुनु, भौगोलिक बनावटका कारण सडक अवरुद्ध भइरहनु, बर्खाको समयमा बाटो बन्द रहनु, आवश्यक ठाउँमा पुलको कमी हुनु, भत्केको पुलहरुको मर्मत नभएकाले गर्दा आवतजावतमा समेत बाधा हुनु, धेरैजसो वस्ती एक्लो तथा छरिएर रहनु, सार्वजनिक यातायातका साधनहरुको अभाव हुनु, ढुवानी निकै खर्चिलो र महँगो हुनु, पर्यटकीय पदमार्गको पहिचान र विस्तार नहुनु जस्ता समस्याहरु रहेका छन्।

### चुनौती

सडकहरुको स्तरोन्नती गरी १२ महिना चल्ने बनाउन, वडाका प्रमुख सडकहरुलाई सार्वजनिक यातायात सञ्जालले जोड्न, विद्यमान सडकको मर्मत सम्भार, पुनर्स्थापन र दिगो व्यवस्थापन गर्नु,अव्यवस्थित रुपमा भएको वस्ती विकास रोक्न, वैज्ञानिक रूपमा सडक निर्माण र नयाँ सडक निर्माण व्यवस्थापन गर्न, आवश्यक ठाउँमा उचित पुल निर्माण गर्न, कठिन

भौगौलिक अवस्थाका कारण खर्चिलो भएको निर्माण कार्यको व्यवस्थापन गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तरोन्नती गर्न, गाउँपालिकाका विभिन्न बसोबास र घरधुरीलाई जोडेर रिङरोड निर्माण गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

तीनै तहका सरकारको प्राथमिकतामा सडक निर्माण पर्नु, जनसहभागिता जुट्ने अवसर हुनु, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय रहनु, गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, स्थानीय स्तरबाट सडक विकासको लागि अत्यधिक उत्साह र माग रहनु, गाउँपालिकाको महत्वपूर्ण सडकहरु स्तरोन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्वपूर्ण सडकहरु जोड्ने पक्की पुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वयन हुनु, झोलुङ्गे पुल निर्माणमा जनसहभागिता उच्च हुनु, झोलुङ्गे पुल निर्माणका लागि चाहिने सफल प्रविधि तथा प्रक्रिया उपलब्ध तथा प्रयोगमा रहनु, झोलुङ्गे पुल निर्माणबाट कम लगानीमा उच्चतम प्रतिफल पाइने अवस्था हुनु जस्ता अवसरहरु रहेका छन् ।

**लक्ष्य**

सडक, पुल तथा यातायात पूर्वाधारको पहुँच वृद्धि भई जनजीवन सहज भएको हुने ।

**उद्देश्य**

१. सुरक्षित र वातावरणमैत्री सडक यातायात, पुल पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्नु ।
२. सडक सञ्जालको विकासबाट अन्तर आवद्धता बढाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय सडक तथा पुलको विकास गर्ने । | • गाउँपालिकाको सडक ऐन, नियम र मापदण्ड निर्माण गरिनेछ ।<br>• सडक गुरुयोजना तयार गरी प्राथमिकतामा आधारित लगानी योजना निर्माण गरिनेछ ।<br>• पालिका स्तरिय सडकहरुको क्षेत्र अधिकार तोकिनेछ ।<br>• सडक, पुल पुलेसा आदि पूर्वाधारहरु वार्षिक रुपमा स्नरोन्नती तथा निर्माणमा तिव्रता दिइनेछ ।<br>• पूर्वाधार निर्माणमा ठुला प्रवृतिको योजनाहररुमा संघ, प्रदेश र अन्य साझेदारी निकायसँग समन्वयलाई निरन्तरता दिइनेछ ।<br>• सडक क्षेत्रलाई वातावरणमैत्री बनाइनेछ र छेउछेउमा महत्वका साथ वृक्षारोपण गरिनेछ ।<br>• सडक तथा पुलको गुणस्तर मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>• वार्षिक सडक तथा पुल मर्मत सम्भार योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• अनुगमन प्रणालीलाई नतिजामुखी, सुव्यवस्थित र प्रभावकारी बनाइ प्रत्येक सडकको मर्मतसम्भार तालिका अनुसार सम्भारको व्यवस्था गरिनेछ ।<br>• सडक सुरक्षाका लागि आवश्यक लाइन, ट्राफिक संकेत, मोड सुधार, चोक व्यवस्थापन तथा बजारक्षेत्रमा नाली, साइकल लेन तथा पैदल मार्ग समेत निर्माण गरी व्यवस्थित गरिनेछ । |

| | |
|---|---|
| | • सडक निर्माण गर्दा नदी किनारामा तटबन्ध सुविधा समेतलाई ध्यान दिइनेछ । साथै सडक निर्माणसँग पक्की नाली र ग्राभेल तथा वायोइन्जिनिरिङ प्रणाली अवलम्बन गरिनेछ । |
| २. यातायात व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | • गाउँपालिका स्तरीय बसपार्कको निर्माण र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी परिचालन गरिनेछ ।<br>• सडक बाहेकका अन्य यातायात प्रणालीको व्यवस्थापनका लागि आवश्यक नीति, कानुन, मापदण्ड तथा संस्थागत व्यवस्था मिलाइनेछ ।<br>• सार्वजनिक यातायातको सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गर्न प्रोत्साहन गरिनेछ ।<br>• सवारीको मर्मत सम्भारको लागी विभिन्न ठाउँमा निश्चित मापदण्ड सहितका मर्मत केन्द्र स्थापनाका लागि जोनिङ गरिनेछ ।<br>• यातायातका साधनको भार परीक्षण प्रणालीको सुरुवात गरिनेछ ।<br>• यातायातका साधनको प्रदूषण परीक्षण तथा नियन्त्रण प्रणाली अवलम्बन गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सडक, यातायात, तथा पुलपुलेसा | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | मजुवा देखि ताम्राङ्ग, टिम्वुरे हुदै वडा नं. ५ र ६ नं. जोडने सडक स्तर उन्नती | P2 | सहजता अभिवृद्धि<br><br>पहुँचमा अभिवृद्धि | १००० | १०० | १५० | २०० | २५० | ३०० | संघ/ प्रदेश/स्थानीय |
| २ | मैवाखोला गाउँपालिकामा वसपर्क निर्माण | P2 | | ३०० | १० | ६० | ६० | ६० | १० | संघ/ प्रदेश/स्थानीय |
| ३ | पालिकाको यातायात गुरुयोजना तयार गर्ने | P1 | | २० | २० | | | | | संघ/ प्रदेश/स्थानीय |
| ४ | खानीटोल, चित्रे मुडे, लाली हुँदै मानेडाडा सम्म सडक स्तर उन्नती | P1 | | ३०० | ६० | ६० | ६० | ६० | ६० | प्रदेश/स्थानीय |
| ५ | वडा नं. ४ र ५ जोडने टिम्वुरे खोलामा कलभर्ट | P1 | | २५ | २० | २० | ३० | ३० | ५० | संघ/ प्रदेश/स्थानीय |
| ६ | वडा नं. ४ को नेरुवाखोला ताम्राङ्ग कलभर्ट | P1 | | ५० | ५० | | | | | स्थानीय |
| ७ | ताम्राङ्ग खाम्सादेन ओदक काम्साङ्ग हुदै साम्तुङ्ग सडक | P1 | | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/स्थानीय |
| ८ | झोलुङ्गे पुल निमार्ण | P1 | | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/स्थानीय |
| ९ | सडक मर्मत | P2 | | १०० | २० | २० | २० | २० | २० | संघ/स्थानीय |
| | | | | **२५४५** | **४३०** | **४६०** | **५२०** | **५७०** | **५९०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| असर | कालोपत्रे सडकको लम्वाइ बढेर आवतजावतमा सहजता भएको हुने | लम्वाइ | किमि | ० | ५ | १० | २० | ३० | ४० | " | | ३ | ९ | १.३ |
| प्रतिफल | ग्राभेल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ६ | १५ | २५ | ३५ | ४५ | ५७ | " | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर पालिका वीच समन्वय भएको हुने | ३ | ९ | १.३ |
| | सडक सोलिङ (स्तरोन्नति) बढेको हुने | लम्वाइ | किमि | २० | ३० | ४० | ५० | ६० | ७० | " | | ३ | ९ | १.३ |
| | धुले सडक लम्वाइ स्तरोन्नति भएको हुने | धुले सडक लम्वाइ | किमि | २०० | २०० | २०५ | २०५ | २०५ | १०० | " | | ३ | ९ | १.३ |
| | आर.सि.ढलान भएका सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | ० | ०.५ | ०.५ | ०.५ | ०.५ | " | | ३ | ९ | १.३ |
| | सहायक नदीमा झोलुङ्गे पुल निर्माण भएको हुने | झोलुङ्गे पुल | संख्या | २३ | २४ | २५ | २५ | २६ | २७ | " | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पक्की पुल निर्माण भएको हुने | पक्की पुल | संख्या | | १ | | १ | | १ | ” | | ३ | ९ | १.३ |
| | शहरी सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | २० | २० | ३० | ४२ | ५८ | ” | | ३ | ९ | १.३ |
| | सडक फर्निचर, ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | ५ | १५ | २५ | ३५ | ४० | ” | | ३ | ९ | १.३ |
| | खोला, नदी कोरिडरमा निर्मित सडक लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ० | ० | ० | ० | ० | ० | ” | | ३ | ९ | १.३ |
| | पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक भएको हुने | सडक | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ” | | ३ | ९ | १.३ |
| | सडक सञ्जालबाट नजोडिएका वस्तीहरु नहुने | वस्तीहरु | संख्या | १ | ० | ० | ० | ० | ० | ” | | ३ | ९ | १.३ |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | घण्टा | २.५ | २ | २ | १.५ | १.५ | १ | ” | | ३ | ९ | १.३ |
| | वार्षिक सडक दुर्घटनाको संख्या | वार्षिक सडक दुर्घटना | संख्या | १० | | | | | | ” | | ३ | ९ | १.३ |
| | सडक नालीको सडक लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ३ | ६ | ९ | २० | २२ | २५ | ” | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित मर्मत संभार भएको सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | २५ | ५० | ९० | १३० | १६५ | २०० | ” | | ३ | ९ | १.३ |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण भएको हुने | वृक्षारोपण | किमि | ० | ५ | ६ | ७ | ९ | १० | ” | | ३ | ९ | १.३ |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल स्तरोन्नति भएको हुने | सडक लम्वाइ | किमि | ४० | ४० | ४० | ४० | ४० | ४० | ” | | ३ | ९ | १.३ |
| | अन्तरपालिका सडक सञ्जाल स्तरोन्नति भएको हुने | सडक | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ” | | ३ | ९ | १.३ |

## ६.५ सूचना तथा सञ्चार प्रविधि

### पृष्ठभूमि

सूचना सञ्चारले विश्वलाई नै एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ। सूचना सञ्चार विनाको जीवन कल्पना गर्न नसकिने अवस्था सृजना भएको छ । यसले मानव जीवन सहज मात्र बनाएको छैन संसारलाई नै एउटै ग्राममा आबद्ध गर्न सफल भएको छ। सूचना प्रविधि एवं सञ्चार सुविधा मात्र नभएर लोकतन्त्रलाई जीवन्त राख्ने आधार पनि हो । यसको महत्वलाई दृष्टिगत गरी संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ । संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ। गाउँपालिकामा ल्यान्ड लाइन सेवा उपलब्ध नभए पनि नेपाल टेलिकम तथा एनसेल नेटवर्क रहेको छ। **प्रमुख समस्या**

सूचना तथा सञ्चारमा सर्वसुलभ पहुँच स्थापित हुन नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु, सूचनामैत्री कार्य संस्कारको कमी हुनु, जनतामा सूचना प्रविधि सम्बन्धी चेतनाको स्तर न्यून रहनु, आमसञ्चार क्षेत्रमा पेशागत र व्यावसायिक आचारसंहिताको अवलम्बन हुन नसक्नु, अनलाइन मिडिया तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण सामाजिक जीवनमा नकारात्मक असर पर्नु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता गर्न नसक्नु र उपलब्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा सूचना प्राविधिको उचित व्यवस्था नहुनु, विद्युत नभएको बेला मोबाइल नेटवर्क कमजोर हुनु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

सञ्चार र प्रविधिका माध्यमहरूको पूर्ण रुपले विकास गर्न, सूचना सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति उत्पादन गर्न, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग रोकथाम गर्न, छरिएर रहेको वस्तीमा सूचना तथा सञ्चार सेवा प्रवाह गर्न, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त इन्टरनेट सेवा उपलब्ध गराउन, गाउँपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्वारा प्रचार प्रसार गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### अवसर

नेपालको संविधानले सूचना र सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, सूचना तथा सञ्चारसम्बन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु, स्थानीय तहमा मोबाइल फोन प्रयोगकर्ताको संख्यामा वृद्धि हुनु, राज्यको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रशारण गर्नु, मोबाइल फोन सेवा र इन्टरनेट सेवा पहुँचले सूचना तथा खबर सम्प्रेषणमा सहज हुनु, गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोग वृद्धि गरी जीवनयापन सहजता ल्याउने ।

### उद्देश्य

१. सबै नागरिकको सूचनामा पहुँच सहज बनाउनु ।

२. प्रविधिको प्रयोग, नवपुवर्तन, समय सदुपयोग र सहज जीवनयापन बनाउनु ।

**रणनीति तथा कार्यनिति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्ने । | • सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि आवश्यक पर्ने नीतिगत, कानुनी संरचनाको व्यवस्था तथा समय सापेक्ष सुधार गरिनेछ ।<br>• सार्वजनिक निकायबाट सञ्चालन भएका कार्यक्रमको जानकारी सार्वजनिक सञ्चार मध्यमबाट सूचित गरिनेछ ।<br>• आमसञ्चार माध्यमलाई सक्षम, निष्पक्ष, मर्यादित, व्यवसायिक, विश्वसनीय र प्रतिस्पर्धी बनाइनेछ । |
| २. डिजिटल मैवाखोलाको रूपमा स्थापित गर्ने । | • डिजिटल साक्षरता कार्यकम सञ्चालन गरिनेछ ।<br>• सार्वजनिक स्थलहरुमा डिजिटल बोर्डको स्थापना गरिनेछ ।<br>• विद्यालय शिक्षाको अध्ययन अध्यापनलाई विद्युतीय प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।<br>• सार्वजनिक स्वास्थ्य संस्थाहरुमा इन्टरनेट व्यवस्था गर्दै लगिनेछ ।<br>• महत्वपूर्ण पर्यटकीय स्थलमा पर्यटन प्रवर्द्धनको लागि फि वाइफाईको व्यवस्था मिलाइनेछ ।<br>• अप्टीकल फाइवर विस्तार गर्न नेपाल टेलिकमसँग सहकार्य र समन्वय गरिनेछ ।<br>• तार रहित इन्टरनेटको उपलब्धताको लागि २ वटा टावर निर्माण गर्न टेलिकमसँग समन्वय गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सूचना तथा सञ्चार प्रविधि | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सबै संघसंस्थामा इन्टरनेटको व्यवस्था | | सहजता विकास | २० | १० | १० | | | | प्रदेश, स्थानीय तह आप |
| २ | फाइवर नेटवर्कका कोर प्रणली स्थापना गर्ने | | | २० | २० | | | | | स्थानीय तह |
| ३ | 4G सेवायुक्त BTS टावर निर्माण (२ वटा) | | | ५० | २५ | २५ | | | | स्थानीय तह आप |
| | | | | **९०** | **५५** | **३५** | ० | ० | ० | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | | | | | |
| प्रभाव | मोबाइल फोन प्रयोगकर्ता वृद्धि भएको हुने | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ६० | ६२ | ६४ | ६६ | ६८ | ७० | गापा | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| असर | इण्टरनेट सेवा उपलव्ध हुन नसकेका क्षेत्र (घरधुरी) घटेको हुने | घरधुरी | प्रतिशत | ७० | ७० | ५ | ४ | २ | ० | ” | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु भएको हुने | संस्था | संख्या | ० | ० | ० | ० | १ | १ | " | दूरसञ्चार प्राधिकरण सँग समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु भएको हुने | क्षेत्र | संख्या | १ | १ | २ | २ | २ | २ | " | | ३ | ९ | १.३ |
| | विद्युतीय प्रणालीमा आधारित पालिकाका सेवाहरु (अनलाइन सेवा) भएको हुने | अनलाइन सेवा | संख्या | ० | ० | १ | २ | ३ | ३ | " | | ३ | ९ | १.३ |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा भएको हुने | इन्टरनेट सेवा भएका कार्यालय | संख्या | ८ | १० | १५ | २० | २५ | ३० | " | निजी क्षेत्र (इन्टरनेट प्रदायक) सँग सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा सि.सि.क्यामेरा जडित भएको हुने | सि.सि.क्यामेरा | संख्या | २ | १० | १५ | २० | २५ | ३० | " | | ३ | ९ | १.३ |

# परिच्छेद सात : वन, वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता

### पृष्ठभूमि

मानव जीवन र प्रकृतिको अन्योन्याश्रित एवं परिपुरक सम्बन्ध छ । दोहन र परिपूरण बीच सन्तुलन कायम गर्दै दिगो र प्रभावकारी व्यवस्थापन गर्नु आजको आवश्यकता हो । संविधानले स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने हक प्रदान गर्दै वातावरण, जैविक विविधता, जलाधार र वन्यजन्तु संरक्षण स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐनले वन, जङ्गल, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन लगायत वन तथा वातावरण संरक्षण सम्बन्धी विविध अधिकार र जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ ।

### समस्या

वनको समुचित संरक्षणका लागि कानून तथा नीति निर्माण नहुनु, वन क्षेत्रको उत्पादन र लाभको न्यायोचित वितरण नहुनु, वन तथा जैविक विविधता सम्बन्धी जनचेतनामा कमी हुनु, वन क्षेत्र माथिको अतिक्रमण पूर्णतया रोक्न नसक्नु, अहिंसात्मक जनावर जस्तै बाँदर, मृग, वन बिरालो, दुम्सी, मुसा मध्ये पनि बाँदर, दुम्सी र मुसाको असर हुनु, वन्य जन्तु तथा चराचुरुङ्गीको अभिलेख नहुनु, कृषि वनको अवधारणा र प्रवर्द्धन नहुनु, विरुवा साथै प्रतिफलदायक विरुवा नर्सरी र उन्नत घाँसको नर्सरी स्थापना नहुनु, जैविक विविधताको अभिलेख नहुनु, मिचाह प्रजाति, तोरी फूल, वनमारा, मिचाहा प्रजातिका रुख पहिचान नहुनु, वनजंगलको तिव्रविनाश र आगलागि हुनु, स्थानिय सरकार सञ्चालन २०७८ बमोजिम वन क्षेत्रबाट आय हुने १० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा नहुनु,
आदि प्रमुख समस्या हुन् ।

### चुनौति

वन तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन गर्न, बढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापन गर्न, वन विकास र आयआर्जन तथा रोजगारी बिच सन्तुलन कायम गर्न, अन्तरतह र अन्तर निकाय समन्वय बलियो बनाउन, बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गरी व्यवस्थित गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भूक्षय, पहिरो रोक्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

कुनै समयमा आगलागि हुने क्षेत्र (पातलहरु) हुनु तर अहिले आगलागि, डढेलो लागि रहने स्थान पहिचान हुनु, रैथाने प्रजातीको रुख
(चाँप, वाँस, लालिगुँरास) संरक्षण सामान्य समुदायले संरक्षण गर्ने गरेको, खुल्ला क्षेत्र, अस्पताल, विद्यालय, घर करेसाबारी, निजीबारीमा वृक्षरोपण हुनु, वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण गर्ने जस्ता कार्यहरु अभ्यासको क्रमिक विकास हुनु, वन गुँरासको राजधानीमा पर्यटन तथा इको पर्यापर्यटनको सम्भावना हुनु, लालीगुराँस पार्कको अवधारणा हुनु, चरिचरण क्षेत्र वडा नं. २, ३, ५, ६ मा हुनु, प्राकृतिक रमणीयता र वातावरण एवम् जैविक विविधताको उपलब्धता रहनु, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्द्धन मार्फत आय र रोजगारीसँग आबद्ध हुन सक्ने अवस्था रहनु, वनस्पतिजन्य स्रोतको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न सकिने अवस्था विद्यमान रहनु, वन पैदावारको आपूर्ति, जडीबुटीको उत्पादन, मूल्य अभिवृद्धि, उपयोग र निर्यात गर्न सकिने अवस्था रहनु, आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

जैविक विविधताको दिगो संरक्षण र संवर्द्धन मार्फत प्राकृतिक श्रोत साधनको परिचालन तथा आयमा वृद्धि गर्ने ।

### उद्देश्य

१. सामुदायिक वन, वन्यजन्तुको संरक्षण र विस्तार गर्दै वन क्षेत्रलाई पुँजी निर्माणको आधारको रुपमा विकास गर्नु ।
२. वन क्षेत्रको पर्यटनमैत्री विकास र व्यवस्थापन गर्दै जैविक विविधता र वातावरणको संरक्षण गर्नु ।
३. हरियाली वन तथा प्राकृतिक सम्पदाको संरक्षण गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने । | • सम्भाव्यताका आधारमा जडीबुटी खेतीलाई विकास गरिनेछ ।<br>• वनमा आधारित उद्योग, व्यवसायको विकास गरिनेछ ।<br>• गैरकाष्ठ वन पैदावारको खेती विस्तार तथा बजारीकरण गरिनेछ । |
| २. वनजंगलको क्षेत्रको वृद्धि गर्ने । | • स्थानीय वातावरणमैत्री नीति तर्जुमा गरिनेछ ।<br>• मुख्य सडक छेउछेउमा अनुकुल प्रजातिको फलफुलहरु वृक्षारोपन गरिनेछ ।<br>• सार्वजनिक तथा निजी बाँझो जग्गा, खोलाको बगर, जंगल विहिन भिरालो जग्गामा वैज्ञानिक वन व्यवस्थापन गरी वृक्षारोपण गरिनेछ ।<br>• एक रुख काट्दा १० विरुवा अनिवार्य रोप्ने अभियान विस्तार गरिनेछ ।<br>• रुख विरुवा संरक्षणका लागि परम्परागत खाना पकाउने प्रणाली (दाउरा) हटाउँदै लगिनेछ । |
| ३. जैविक विविधताको संरक्षण गर्ने । | • जैविक विविधताको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड तयार गरिनेछ ।<br>• जैविक विविधता संरक्षण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।<br>• दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संरक्षणको लागि अनुसन्धान गरी तथ्याङ्क संकलन गरिनेछ ।<br>• गुँरास संरक्षण अभियान संचालन गरिनेछ ।<br>• रेड पाण्डाको खाना मालिंगोको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।<br>• मिचाहा प्रजातीको रुखहरु हटाई नयाँ प्रजातिको रुख वृक्षरोपण गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| **विषयगत उपक्षेत्र : वन तथा जैविक विविधता** | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | मैवाखोला गाउँपालिका क्षेत्र भित्र पाइने जडिवुटीहरु (चिराइतो, विखमा, सतुवा, पाखन्वेद, ठूलो ओखती खोकिम, हडचुर, भुतकेश, टिमुर, भिरमौरी मह, वन लसुन) को संरक्षण, संकलन र बजारीकरण | P2 | स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग र संरक्षण, आय आर्जनमा वृद्धि हुने, रोजगारीको अवसर सृजना भएको हुने, प्राकृतिक श्रोतको संरक्षण भएको हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह आफै |
| २ | लोपउन्मुख जातीका वन्यजन्तु र चराचुरुङ्गगी संरक्षण | P1 | | १० | १ | २ | २ | २ | ३ | |
| ३ | गुँरास संरक्षण | P1 | आन्तिरिक पर्यटक वृद्धि हुने, पर्यापर्यटनमा वृद्धि हुने | ३० | ५ | ५ | ५ | १० | ५ | संघ, स्थानीय तह आफै |
| | | | | **६५** | **११** | **१२** | **१२** | **१७** | **१३** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | वन जङ्गलको कूल क्षेत्रफल ( कूल भूमिको) वृद्धि भएको हुने | वन जङ्गल क्षेत्रफल | प्रतिशत | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ | ३.४ |
| | सामुदायिक वनले ओगटेको क्षेत्र संरक्षण भएको हुने | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | " | | ७ | १५ | ३.४ |
| असर | वन्यजन्तुबाट अन्नवालीमा पुगेको वार्षिक क्षति घटेको हुने | वार्षिक क्षति | रु.लाख | १५/२० | १२/१५ | १०/१२ | ९/१० | ६/८ | ५ | " | | ७ | १५ | ३.४ |
| प्रतिफल | जैविक विविधता संरक्षण सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रमहरु संचालन भएको हुने | कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | ४ | ५ | " | अन्तर सरकार, प्रदेश सरकार, अन्तर पालिका बीच समन्वय र सहकार्य भएको हुने | ७ | १५ | ३.४ |
| | चरन क्षेत्रको संरक्षण भएको हुने | चरन क्षेत्र | संख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | " | | ७ | १५ | ३.४ |
| | जडीबुटीमा आधारित उद्योग र रोगजारी | रोगजारी | संख्या | ०/० | ०/० | ०/० | ०/० | ०/० | ०/० | " | | ७ | १५ | ३.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | खेती क्षेत्र | हेक्टर | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | " | | ७ | १५ | ३.४ |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन भएको हुने | नदीजन्य पदार्थको उत्खनन | घनमिटर | ० | १००० | १२०० | १५०० | ३००० | ४००० | " | | ७ | १५ | ३.४ |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय भएको हुने | उद्योग व्यवसाय | संख्या | ० | ० | ० | ० | ० | ० | " | | ७ | १५ | ३.४ |

### ७.२ भू तथा जलाधार व्यवस्थापन

**पृष्ठभूमि**

नदीजन्य प्रकोप खासगरी बाढी पहिरोबाट गाउँपालिका क्षेत्र सुरक्षित छैन । केही क्षेत्र प्राकृतिक प्रकोपको दृष्टिमा संवेदनशील छन् । त्यस्ता क्षेत्रहरुको संरक्षणका प्रयासहरु गाउँपालिकाबाट पर्याप्त हुन सकिरहेका छैनन् । वायो इन्जिनियरिङ गरी भूक्षयको संरक्षण अभ्यास न्यून छ ।

**समस्या**

प्राकृतिक इकोसिस्टम कायमै भएता पनि वायोइन्जिनियरिङ्गको अवधारणामा वृक्षरोपण नहुनु, भइरहेका कुलोहरुको मर्मत तथा संरक्षण नहुनु, पानीका मुहान, पोखरी, ताल तलैया, झरना क्षेत्रको संरक्षण र उपयोग दिगो रुपमा नहुनु, पोखरी तथा ताल तलैया संरक्षण गरी प्रचार प्रसार नहुनु, भूक्षय क्षेत्रको नक्साङ्कन नहुनु, भू-क्षय, पहिरो, डढेलो लगायतका प्राकृतिक विपतिको नियन्त्रण तथा सामना गर्न व्यवस्थित कार्य योजना निर्माण नहुनु, सडक निर्माण तथा कुलो नहर निर्माण गर्नु अघि IEE, EIA नहुनु, सडकको ट्रयाक खोल्दा भइरहेको बाढी पहिरो नियन्त्रण गर्ने प्रयास नहुनु, यस सम्बन्धी अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु, अन्तरनिकाय समन्वय पर्याप्त नहुनु, नीति तथा कार्यक्रमहरूमा भू तथा जलधारसँग सम्बन्धित मुद्धा सम्बोधन नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

**चुनौति**

विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्न, जलाधार तथा पानीमुहानहरु सुक्दै गएकोले सोको दिगो संरक्षण र संवर्द्धन गर्न आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउन, संवेदनशील र कमजोर भू-बनोट भएका क्षेत्रको संरक्षण, व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्न, डढेलो, वाढी, पहिरो तथा भूक्षयको नियन्त्रण तथा क्षति कम गर्न, माटो र पानीको दिगो तथा एकीकृत् संरक्षण गर्न, भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्था गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

भूक्षय नियन्त्रण र वातारण संरक्षण आदि स्थानीय सरकारको अधिकारमा रहनु, जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यकम सञ्चालन गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नु, पानीका मुहान र सिमसार क्षेत्रको संरक्षणमा नागरिक सचेत हुनु, भू तथा जलाधारलाई एकीकृत गरी वन र कृषि दुबै क्षेत्रको आम्दानी अभिवृद्धि गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका अवसरहरू रहेका छन् ।

**लक्ष्य**

संरक्षित भूमि तथा जलाधार विकास गरी प्रतिकुल प्रभाव न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. बाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्नु ।
२. एकिकृत जलाधार व्यवस्थापन मार्फत प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. भूमि संरक्षण, संवर्द्धन र विकास गर्ने । | • भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>• भूउपयोग योजना अनुसार जोखिम संवेदनशील वस्तीहरुलाई स्थानान्तरण गर्दै वाँस, वावियो, अम्रिसो जस्ता बोट विरुवाहरुको वृक्षारोपण गरी भू-क्षयलाई नियन्त्रण गरिनेछ ।<br>• हरित पार्क निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>• भू-क्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरिनेछ । |

| | |
|---|---|
| | • जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन एवं वायो इन्जिनियरिङ प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ । <br> • सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण, हरियोहारको व्यवस्था, गरा सुधार व्यवस्थापन गरी सम्भावित भू-क्षयलाई न्यूनीकरण गरिनेछ । |
| २. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने । | • गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन र संरक्षण गरिनेछ । <br> • लाभान्वित समुदायहरुसँगको सहकार्यमा पानी मुहान, पोखरी, तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग गरिनेछ । <br> • विभिन्न नदी तथा खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गरिनेछ । <br> • जलक्षेत्रको संरक्षण गर्दै वगरखेती सम्बन्धी सीप प्रदान गरी आय श्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : भू संरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | पोखरी, ताल तलैया, झरना, खानेपानीका मुहान संरक्षण कार्यक्रम | P2 | स्वच्छ खानेपानी संरक्षण, जलधार स्रोतहरुको संरक्षण हुने | ३० | | ५ | १० | १० | ५ | स्थानीय तह आफै |
| | | | | **३०** | **०** | **५** | **१०** | **१०** | **५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | संरक्षित पानी मुहान क्षेत्र भई वातावरण सन्तुलन भएको हुने | मुहान क्षेत्र | संख्या | २० | २५ | ४० | ५० | ५० | ५० | गापा | | ७ | १३ | ३.४ |
| असर | वायोइञ्जिनियरिङ हिसाबले घाँसपात, झार तथा वनस्पति रोपण गरिएका क्षेत्रहरु भई भूक्षय नियन्त्रण भएको हुने | वायोइञ्जिनियरिङ गरिएका क्षेत्रहरु | संख्या | ० | १ | २ | ३ | ४ | ६ | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १३ | ३.४ |
| प्रतिफल | पहिरो नियन्त्रणका लागि निर्मित | रिटेनिङवाल | संख्या | ३ | ५ | १० | १२ | १४ | १५ | " | | ७ | १३ | ३.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रिटेनिङवालहरु भएको हुने | | | | | | | | | | अन्तर सरकार सहकार्य भएको हुने | | | |
| | भूक्षय नियन्त्रणका लागि उजाड डाँडा पाखाहरुमा वृक्षारोपण भएको हुने | वृक्षारोपण गरेका पाखाहरु | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | " | | ७ | १३ | ३.४ |
| | जल उत्पन्न प्रकोप, नदी कटानबाट प्रभावित भएका वस्तीहरु संरक्षण भएको हुने | वस्ती संरक्षण | संख्या | ० | २ | ३ | ४ | ५ | ७ | " | | ७ | १३ | ३.४ |
| | संरक्षित तालतलैया, पोखरी क्षेत्र भएको हुने | संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र | संख्या | १० | १२ | १४ | १६ | १७ | १७ | " | | ७ | १३ | ३.४ |
| | खोला नदीमा निर्माण गरिएको तटवन्ध भएको हुने | तटवन्ध | किमि | ३ | ४ | ५ | ६ | १० | १५ | " | | ७ | १३ | ३.४ |
| | खोला तथा नदीको दुवै किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि भएको हुने | वृक्षारोपण | हेक्टर | ० | ०.५ | १ | १.५ | ३ | ५ | " | | ७ | १३ | ३.४ |
| | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि भएको हुने | वृक्षारोपण | किमि | ० | ३ | ६ | १० | १५ | ३० | " | | ७ | १३ | ३.४ |
| | संरक्षित जलाधार क्षेत्रहरु भएको हुने | जलाधार क्षेत्रहरु | संख्या | १० | १२ | १४ | १६ | १७ | १८ | " | | ७ | १३ | ३.४ |

### ७.३ वातावरण तथा स्वच्छता

#### पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रुपमा उल्लेख गरेको छ । वातावरण संरक्षणका लागि सरकारी स्तरबाट प्रभावकारी नीति निर्माण गरी कार्यान्वयन गर्न र स्थानीय समुदायसँग सहकार्य गर्दै मानव अनुकूलको वातावरण निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । वर्तमानमा वन, वातावरण, जलवायु अनुकूलताले दिगो विकासको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

वातावरण संरक्षणका लागि सरकारी स्तरबाट प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक श्रोत साधनको समुचित प्रयोग हुन आवश्यक छ । साथै वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ ।

#### समस्या

फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, प्लाष्टिक जन्य, सिसा जन्य, टिन जन्य, नकुहिने फोहोर मैला अव्यवस्थित हुनु, फोहोर मैला पून प्रयोगः रिसाइकलको प्रयोग नहुनु, अस्पतालको फोहोर व्यवस्थापन नहुनु, सडकहरु कच्ची तथा नाला र ढलको व्यवस्था नहुनाले ढल निकासको समस्या हुनु, फोहोरमैला उत्सर्जन, बोटल तथा प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण वायु र पानीजन्य प्रदूषण हुनु, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, खुल्ला रुपमा दाह संस्कार गर्ने गरकोले वातावरण प्रदूषण हुनु, सार्वजनिक स्थानमा शौचालयको कमी र डस्टबिन संख्या पर्याप्त नहुनु प्रमुख समस्या हुन् ।

#### चुनौति

वातावरण तथा स्वच्छताको विषयमा विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न, वातावरण स्वच्छता कायम सम्बन्धी नागरिकको सचेतना वृद्धि गर्न, फोहोर मैला वर्गीकरण साथै पून प्रयोगः रिसाइकलको प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, फोहोरमैलाको उचित र दीर्घकालिन व्यवस्थापनका निमित्त डम्पिङ साइट छनौट र निर्माण गरी प्रयोगमा ल्याउन, वार्षिक रुपमा वृक्षारोपण गरी हरियाली क्षेत्रको वृद्धि गर्न, बलौटे जमिनमा हरियाली क्षेत्र विस्तार गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

#### अवसर

विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य मार्फत मानव अनुकूलको वातावरण निर्माणमा सहयोग पुग्नु, फोहोरमैला व्यवस्थापनमा गाउँपालिका सक्रिय रहनु, फोहोरमैला व्यवस्थापन र ढल निकास विकासको सुरुवात हुनु, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम गाउँपालिका स्तरमा सञ्चालन हुनु, गुँरासको राजधानी बारे विज्ञापन, प्रचार, प्रसार, फोटो तथा दृष्य प्रचार प्रसार गर्न जस्ता अवसरहरु रहेका छन् ।

#### लक्ष्य

सुरक्षित, वातावरणमैत्री ,जलवायुमैत्री एवम् स्वच्छ गाउँपालिकाको निर्माण गर्ने ।

#### उद्देश्य

१. वातावरणमैत्री दिगो विकास सुनिश्चितता गर्नु ।
२. सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरणमैत्री नीति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय पूर्वाधार निर्माण गर्ने । | • वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।<br>• वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• गाउँपालिकामा डम्पिङ साइट निर्माण गरिनेछ ।<br>• गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड दिईनेछ ।<br>• सबै वडामा टोल सरसफाइ अभियान संचालन गरिनेछ ।<br>• फोहोरमैला संकलन केन्द्रको विस्तार गरिनेछ ।<br>• स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरुमा फलफुल तथा वृक्षारोपण गर्दै पानी पोखरी, हरियाली पार्क क्षेत्रहरु निर्माण गरिनेछ ।<br>• सबै वडाहरु वातावरणमैत्री घोषणाको लागि पूर्वाधारहरु सम्पन्न गरी वातावरणमैत्री वडा घोषणा गर्दै वातावरणमैत्री गाउँपालिका घोषणा गरिनेछ । |
| २. फोहोरमैला व्यवस्थापन र स्वच्छता कायम गर्न गाउँपालिकाको भूमिकामा र नागरिकको सहभागितामा वृद्धि गर्ने । | • फोहोरमैला व्यवस्थापन र सरसफाई अभियानमा आम नागरिकहरुलाई सक्रिय बनाउन जनचेतना अभिवृद्धि र क्षमता विकास गरिनेछ ।<br>• विद्यालयहरुमा बाल क्लब गठन गरी वातावरण तथा स्वच्छताका क्षेत्रमा परिचालन गरिनेछ ।<br>• फोहोरमैला व्यवस्थापनका लागि आवश्यक आधुनिक प्रविधि सहितको गाडी तथा औजार खरिद गरिनेछ । |
| ३. फोहोरमैला व्यवस्थापन, पुन :प्रशोधन तथा पुनःप्रयोग (Reduce, Reuse and Recycle) विधि अवलम्बन गर्ने । | • फोहोरमैला वर्गीकरण गरी संकलन गरिनेछ ।<br>• प्लाष्टिक जन्य, सिसाजन्य फोहोरको वैज्ञानिक तरिकाको व्यवस्थापन गरिनेछ ।<br>• हरेक वडामा मुख्य सार्वजनिक क्षेत्रहरुमा डस्टविन राखिनेछ । |

**विस्तृत कार्यक्रम**

| **विषयगत उपक्षेत्र : वातावरण तथा फोहोर यवस्थापन** | | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | सडकछेउ लगाएत खुल्ला क्षेत्रमा वृक्षारोपण कार्यकम | P2 | वातावरण स्वच्छ, सफा र हराभरा हुने, प्राकृतिक सन्दरता कायम हुने | ५ | १ | १ | १ | १ | १ | | संघ, स्थानीय तह आफै |
| २ | डम्पिङ साइट निर्माण कार्यकम | P2 | प्रदुशण न्यूनिकरण हुने | ४० | | १० | १० | १० | १० | | संघ, स्थानीय तह आफै |
| ३ | सवै वडामा वातावरणमैत्री वाल उद्यान निमार्ण | P1 | वातावरण स्वच्छ, सफा र हराभरा हुने | ३० | ५ | ५ | ५ | ५ | ५ | | संघ, स्थानीय तह आफै |
| ४ | जैविक अजैविक फोहोर व्यवस्थापन | P2 | | २० | | ५ | ५ | ५ | ५ | | प्रदेश, स्थानीय तह आफै |
| ५ | गाउँपालिकालाई वातावरणमैत्री पालिका घोषणा गर्ने | P1 | | १० | ५ | ५ | | | | | |
| | | | | **१०५** | **६** | **२६** | **२१** | **२१** | **२१** | | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | पालिकाले प्रयोगमा ल्याएको फोहोरमैला व्यवस्थापन प्रणालीहरु (जलाउने, गाड्ने, खोल्सामा फाल्ने, ल्याण्डफिल साइटमा विसर्जन) वृद्धि भई वातावरण सफा र स्वच्छ भएको हुने | फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १ | १ | १ | १ | १ | १ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ | २.१ |
| असर | निष्काशित फोहोरमैलाको औषतमा वार्षिक परिमाण घटेको हुने | फोहोरमैलाको परिमाण | मे.टन | ३.६ | ३.४ | ३.२ | ३.१ | ३.० | २.० | " | | ७ | १५ | २.१ |
| प्रतिफल | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण ( जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ | २.१ |
| | फोहोर संकलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टविनहरु राखिएका सार्वजनिक स्थलहरु भएको हुने | डष्टविन | संख्या | ६ | १० | २० | २५ | ५० | ६० | " | | ७ | १५ | २.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन भएको हुने | कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ७ | १५ | २.१ |
| | कम्पोष्ट-विन तथा गार्वेज-पिट प्रयोग गर्ने परिवार | परिवार | प्रतिशत | ० | ० | ० | ० | ० | ० | " | | ७ | १५ | २.१ |
| | फोहोरलाई व्यवस्थित ढंगबाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) भएको हुने | ल्याण्डफिल साइट | संख्या | ० | ० | ० | १ | १ | १ | " | | ७ | १५ | २.१ |
| | ढल निकास व्यवस्था भएको बजार क्षेत्र भएको हुने | ढल निकास भएको बजार क्षेत्र | संख्या | १ | १ | २ | २ | २ | २ | " | | ७ | १५ | २.१ |
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु घटेको हुने | घरधुरी | प्रतिशत | ९८ | ९५ | ९० | ८० | ७० | ६० | " | | ७ | १५ | २.१ |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी घटेको हुने | घरधुरी | प्रतिशत | ९९ | ९८.८ | ९५ | ९३ | ९२ | ९० | " | | ७ | १५ | २.१ |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) भएको हुने | घरधुरी | प्रतिशत | ९७ | ९७.५ | ९७.८ | ९८ | ९८.५ | ९९ | " | | ७ | १५ | २.१ |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र भएको हुने | पार्क र हरित क्षेत्र | संख्या | ८ | ८ | ९ | ९ | १० | १० | " | | ७ | १५ | २.१ |

## ७.४ विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

### पृष्ठभूमि

विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ। यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ।

### समस्या

जोखिम क्षेत्र नक्साकंन नहुनु, विपद जोखिम न्यूनीकरण कार्ययोजना नहुनु, रक्त सञ्चार केन्द्र निर्माण नहुनु, विपद पूर्व सूचना प्रणाली नहुनु, विपदबाट प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण एवं तथ्याङ्क अद्यावधिब नहुनु, सुरक्षित आवास गृह नहुनु, विज्ञताको कमीले गर्दा विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु, स्वास्थ्य संस्थामा पूर्वाधारको कर्मी, आदि प्रमुख समस्या हुन्।

जलवायु परिवर्तनबाट भएको क्षति रकम वार्षिक १०-१५ करोड हुनु, जलवायु परिवर्तनबाट अन्नवालीमा पुगेको नोक्सानी अद्यावधिक नहुनु, जलवायु परिवर्तन सम्बन्धी पूर्वानुमान अध्ययन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन नहुनुजलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन नहुनु आदि प्रमुख समस्या हुन्।

### चुनौति

विपद व्यवस्थापनको महत्वपूर्ण पाटो भूक्षय, बाढी, पहिरो, चट्टयाङ, आगलागी, जोखियूक्त वस्ती, लगायतका विपद पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था गर्न, विपद व्यवस्थापन सम्वन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन, विपदको क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धान गर्न, उच्च जोखिम क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, विपद प्रतिरोधी संरचनाहरुको निर्माण गर्न, विपद व्यवस्थापन क्षेत्रमा काम गर्ने संघसंस्था बीच समन्वय गर्न, विपद व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजी क्षेत्रको संलग्नतामा एकीकृत कार्यक्रम सञ्चालन गर्न, जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यूनीकरण गरी जलाधारको क्षमता वृद्धि गर्न यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### अवसर

विपद व्यवस्थापनका लागि जिल्ला स्तरीय रेडकस, सुरक्षा निकाय तथा चौकीहरु कार्यरत हुनु, विपद व्यवस्थापनका लागि स्थानीय संघ संस्थाहरु कियाशील **हुनु,** विपद व्यवस्थापन कोष तथा सामुदायमा आधारित विपद व्यवस्थापन समिति कियाशील हुनु, सार्वजनिक भवन तथा निजी घरहरु भूकम्प प्रतिरोधी हुनुपर्ने चेतना हुनु, जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि विस्तारै हुनु यस क्षेत्रका प्रमुख अवसर हुन्।

### लक्ष्य

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्ने।

उद्देश्य

१. जोखिम न्यूनीकरण र पुनर्स्थापनाका लागि भरपर्दो पूर्वाधार र संयन्त्रको निर्माण गर्नु।
२. जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्नु।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउने । | • विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन गरिनेछ ।<br>• विपद जोखिम क्षेत्र पहिचान गरी नक्सांकन गर्ने र सोको आधारमा कार्यक्रम तयार गरिनेछ ।<br>• विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गरिनेछ ।<br>• आधुनिक प्रविधि सहितको पहाडी क्षेत्रका लागि उपयोग गर्न मिल्ने दमकलको व्यवस्थापन गरिनेछ ।<br>• विपद पूर्व सूचना प्रणालीलाई अत्याधुनिक प्रविधिमैत्री बनाइनेछ ।<br>• आपतकालीन कार्य संचालन केन्द्रमा आधुनिक प्रविधि, पर्याप्त उपकरण र दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।<br>• विपद व्यवस्थापन सामग्रीहरुको व्यवस्थापन सहित अभिलेख राखी अद्यावधिक गरिनेछ । |
| २. जोखिमबाट क्षति न्यूनीकरण गर्ने । | • भू-उपयोग नीति कार्यान्वयन गरिनेछ ।<br>• जोखिम संवेदनशिल भू-उपयोग योजना निर्माण र जोखिम क्षेत्रको नक्साङ्कन ( जि.आइ.एस सर्वेक्षणको आधारमा) गरिनेछ ।<br>• एकीकृत वस्ती विकासको अवधारणा अनुसार जोखिमयुक्त क्षेत्रवाट वस्ती स्थानान्तरण गर्दै आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलव्ध गरी सुरक्षित वस्ती विकास गरिनेछ ।<br>• भवन निर्माण संहितालाई कडाइका साथ लागु गर्दै भौतिक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री वनाइनेछ ।<br>• आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडक्रस संस्थासंग सहकार्य गरिनेछ ।<br>• नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवं उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज बनाइनेछ ।<br>• विकास पूर्वाधारबाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न सवै उपाय अवलम्वन गरिनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलन गर्ने । | • पूर्वाधारहरुको निर्माण गर्दा जलवायु समानुकुलन हुने गरी निर्माण गरिनेछ ।<br>• Climate Smart गाउँ टोल (जलवायुमैत्री) बनाइनेछ ।<br>• बाँझो छाडिएको निजी तथा पर्ति जग्गा, बाढी पहिरोग्रस्त, भिरालो जमिनमा बहुलाभदायक प्रजातिका रुखहरु वृक्षारोपण गरिनेछ । यसका लागि सामुदायिक वन उपभोक्ताहरुसँग सहकार्य गरिनेछ ।<br>• डढेलो, आगलागीलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ र पानीपोखरी, अग्नीरेखा, माटो तथा पानी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पहिरो, भू-क्षय र खोला कटान नियन्त्रण गरिनेछ ।<br>• एतिहासिक समयरेखाको आधारमा जोखिम न्यूनीकरणका लागि परिणाममुखी कार्यहरु गरिँदै लगिनेछ ।<br>• एतिहासिक बाली पात्रोको आधार अनुकुलन प्रजातिको खेती प्रणलीको विकास गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | जोखिम संवेदनशिल भू उपयोग योजना र जोखिम क्षेत्र नक्शांकन | P2 | जोखिम न्यूनिकरण हुने | २० | | २० | | | | |
| २ | विपद जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | P1 | जनशक्ति विकास हुने चेतना अभिवृद्धि हुने | २० | ४ | ४ | ४ | ४ | ४ | संघ, स्थानीय तह आफै |
| ३ | विपद उद्धार सामाग्री व्यवस्थापन | P1 | उद्धारमा सहजता हुने | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश, स्थानीय तह आफै |
| ४ | बिपद व्यवस्थापन कोष सञ्चालन | P1 | उद्धारमा सहजता हुने | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय तह आफै |
| ५ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | P1 | जलवायु परिवर्तन सम्बन्धी जानकारी प्राप्त हुने | ५ | १ | १ | १ | १ | १ | प्रदेश, स्थानीय तह आफै |
| | | | | **६५** | **१३** | **१३** | **१३** | **१३** | **१३** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै विपदको समयमा आश्रय लिन | खुल्ला स्थान | संख्या | ० | १ | २ | ३ | ४ | ६ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ६ | ११ | ३.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सक्ने संरक्षित खुल्ला स्थान भएको हुने | | | | | | | | | | | | | |
| असर | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक वृद्धि भई जोखिम न्यूनीकरण संयन्त्रको निर्माण भएको हुने | तालिम प्राप्त स्वयंसेवक | संख्या | १५ | २० | २५ | २५ | ३० | ३० | " | | ६ | ११ | ३.१ |
| प्रतिफल | विपद व्यवस्थापन स्थानीय कोषमा रकम भएको हुने | विपद व्यवस्थापन कोष रकम | रु. लाख | १० | १२ | १५ | १५ | २० | २० | " | | ६ | ११ | ३.१ |
| | विपद व्यवस्थापनमा क्रियाशील संघ/ संस्था भएको हुने | क्रियाशील संघ/ संस्था | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | " | अन्तर सरकार सहकार्य भएको हुने | ६ | ११ | ३.१ |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | ६ | ११ | ३.१ |
| | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास भएको हुने | आपतकालीन नमूना अभ्यास | संख्या | १ | १ | १ | १ | १ | ५ | " | | ६ | ११ | ३.१ |
| | प्राकृतिक, गैरप्राकृतिक विपदव्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन भएको हुने | जनचेतनामूलक कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | ४ | " | | ६ | ११ | ३.१ |
| | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम भएको हुने | क्षमता विकास कार्यक्रम | संख्या | १ | १/१ | १/१ | १/२ | १/२ | २/३ | " | | ६ | ११ | ३.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आगो निभाउने उपकरण (इष्टिडगिसर) भएका घरधुरी भएको हुने | इष्टिडगिसर) भएका घरधुरी | संख्या | ० | ५ | १० | २० | ४० | ५० | " | | ६ | ११ | ३.१ |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स  तथा वरुणयन्त्रको व्यवस्था भएको हुने | एम्वुलेन्स तथा वरुणयन्त्र | संख्या | २/० | २/० | २/० | २/० | २/० | २/१ | " | | ६ | ११ | ३.१ |
| | विपदका सम्भावित कारक र न्यूनीकरण का उपाय विषयमा भएका अध्ययन अनुसन्धान भएको हुने | अध्ययन अनुसन्धान | संख्या | १ | २ | २ | २ | २ | २ | " | | ६ | ११ | ३.१ |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु (वनफाडनी, डढेलो, वाढी पहिरो  नियन्त्रण) सम्वन्धी सचेतना कार्यकम सञ्चालन भएको हुने | सचेतना कार्यकम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ६ | ११ | ३.१ |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु ( आकाशेपानी संकलन, कुवा, पोखरी,  इनार निर्माण) सम्वन्धी कार्यक्रमहरु भएको हुने | कार्यक्रम | संख्या | ० | १/१ | १/२ | १/२ | १/२ | १ | " | | ६ | ११ | ३.१ |

# परिच्छेद आठः सुशासन, शान्ति सुरक्षा तथा सुव्यवस्था

## ८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

### पृष्ठभूमि

संविधानले सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूति गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

स्थानीय तह नागरिकका निकटका सरकार हुन् । राज्यका तर्फबाट स्थानीय स्तरमा गरिने सेवा प्रवाह स्थानीय तहको प्रमुख जिम्मेवारी हो । स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरु सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सभागितामूलक हुन आवश्यक छ ।

### प्रमुख समस्या

गाउँपालिकाको आफ्नै सर्वाजनिक खरिद ऐन, नियमावली नहुनु, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन कार्यविधि, ऐन नियमावली नहुनु, अनुगमन मुल्याङ्कन सम्बन्धी ऐन कार्यविधि नहुनु, स्थानीय सडक वयवस्थापन सञ्चालन तथा नियमन सम्बन्धी ऐन, नियम नहुनु, जनप्रतिनिधि कार्मचारी आचरसंहिता नहुनु, कार्य सञ्चालन निर्देशिका नहुनु, सार्वजनिक सुनुवाई नियमित नहुनु, GESI परिक्षण नहुनु, धैरै आयोजनाहमा नागरिक अभिमत नलिनु, नागरिक समाज तथा समुदायको आधारित संस्थाहरुको क्षमता विकासका कायैक्रमहरु सञ्चालन नहुनु, सामाजिक जवाफदेहिता अभिवृद्धी गर्ने सम्बन्धी कार्यक्रम कम हुनु, स्थानीय संस्थाहरुको सक्रिय परिचालन नहुनु साथै प्रोफाईल तयार नहुनु, सबै तिर सञ्चार सुविधा प्रभावकारी हुन नसक्नु, गाउँपालिकाको सेवाको गुणस्तरियता परिक्षण हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

स्थानीय सेवा लगायतका सार्वजनिक प्रशासनका अवयवहरूको निर्माण गर्नु, अन्तरनिकाय समन्वय प्रभावकारी बनाउनु, सबै सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहलाई पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु, सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु, गाउँपालिकाको कार्यक्षेत्र सुस्पष्ट गर्दै बुझाइमा एकरूपता निर्माण गर्नु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, उत्तरदायी प्रशासनिक प्रणालीको विकास गर्नु, गुणस्तरीय, भरपर्दो, विश्वसनीय एवम् सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्दै गाउँपालिका प्रतिको विश्वसनीयता अभिवृद्धि गर्नु, नागरिक समाज र समुदायमा आधारित संस्थाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न, सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्न, स्थानीय स्तरमा रहेका संस्थाहरु परिचालन गरि प्रोफाइल तयार गर्न, उपभोक्ता हित प्रवर्द्धन तथा खाद्य वस्तुमा मिसावट कम गर्न लगायत समस्या न्युनिकरण गर्न, गाउँपालिकाको सेवाप्रवाह गुणस्तरियताको परिक्षण तथा सेवा प्रवाहको अवरोधमा सुधार ल्याउन, गाउँपालिकाका विकासका गतिविधिलाई पालिकावासी सामु सुसुचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउन आदि प्रमुख चुनौती हुन् ।

### अवसर

स्थानीय तहको एकल अधिकार भित्रका कानुन निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार हुनु, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य ऐन कानुनहरु तर्जुमा हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु,स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु क्रियाशील हुनु, स्थानीय सरोकारवालाहरु, विपक्षीय लगायत राजनीतिक दलहरु रचनात्मक, सहयोगि हुनु, विकास निर्माण एवम् स्रोतसाधनको बाँडफाँटमा अन्तरसरकार सहकार्य र साझेदारीको सम्भावना रहनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

सुशासनको अनुभूति हुने गरी सार्वजनिक सेवालाई प्रभावकारी र विकास प्रशासनलाई नतिजामुखी बनाउने ।

### उद्देश्य

१. स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन गर्ने । | • सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>• नीति, कानुन, कार्यविधि एवम् मापदण्ड तर्जुमा गर्दा सरोकारवाला समेतको सहभागितामूलक प्रक्रियाद्वारा समावेशी लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन गरिनेछ ।<br>• नीति, कानुन तथा मापदण्ड सम्वन्धित सवै सरोकारवालाहरुको सहमतिमा र विज्ञहरुसँगको परामर्शको आधारमा निर्माण गरिनेछ । |
| २. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसारका समिति एवं कार्य प्रकृतिका आधारमा बन्ने समितिहरुलाई पूर्णता दिँदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारी ल्याइनेछ ।<br>• संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सवै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई राजपत्रबाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।<br>• गाउँपालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका बारेमा सर्वसाधारण सबैलाई वेवसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।<br>• जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।<br>• सूचनाको हक सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइनेट र गाउँपालिकामा सूचना अधिकृत र गुनासो सुन्ने अधिकृतको व्यवस्था मिलाइनेछ ।<br>• वडाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सजह पहुँच अभिवृद्धिका लागि वडाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• सुशासन प्रवर्द्धनका लागि गाउँपालिकामा जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि आचार संहिता (कोड अफ कण्डक) तयार पारिनेछ र यसलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : सुशासन, ऐन, कानुन तथा न्यायिक व्यवस्था | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | ऐन, नियम निर्माण (खरिद, आन्तरिक नियन्त्रण, अनुगमन मुल्याङ्कन, स्थानिय सेवा, पूर्वाधार आदि) | P1 | स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वय<br><br>सार्वजनिक प्रशासनलाई चुस्त दुरूस्त पारदर्शी | १० | २ | २ | २ | २ | २ | स्थानीय तह आफै |
| २ | सार्वजनिक सुनुवाई | P1 | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| ३ | जेसी रणनीति | P1 | | ५ | ५ | | | | | प्रदेश |
| ४ | जनतासंग जनप्रतिनिधी | P1 | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह आफै |
| ५ | स्थानीय बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम | P1 | | १५० | ५० | ५० | ५० | | | स्थानीय तह आफै |
| ६ | उपभोक्ता हित संरक्षण अभिमुखिकरण | P1 | | ५ | २ | २ | १ | | | स्थानीय तह आफै |
| ७ | गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरियताको परिक्षण | P2 | | ५ | | ५ | | | | |
| | | | | **२२५** | **६९** | **६९** | **६३** | **१२** | **१२** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया, नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु वृद्धि भई सुशासन अनुभूति हुने गरी सार्वजनिक सेवा प्रभावकारी र विकास प्रशासनलाई नतिजामुखी भएको हुने | सुझाव दिने माध्यमहरु | संख्या | ५ | ७ | ७ | ८ | ९ | ९ | गापा | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ | २.३ |
| असर | नियमावली बनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) प्रभावकारी भएको हुने | समिति | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | " | | ८ | १६ | २.३ |
| | नियमावली बनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरु प्रभावकारी भएको हुने | समिति, उपसमितिहरु | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | " | | ८ | १६ | २.३ |
| प्रतिफल | सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु बढेको हुने | औजारका प्रकारहरु | संख्या | १ | २ | ३ | ३ | ३ | ३ | " | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक सुनुवाई नियमित भएको हुने | सार्वजनिक सुनुवाई | संख्या | ४ | ८ | १२ | १६ | २० | २४ | " | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ | २.३ |
| | हेल्प डेष्कबाट लाभान्वित सेवाग्राही बढेको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | " | | ८ | १६ | २.३ |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्र्यौट भएको हुने | गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | ८५ | ८७ | ८८ | ८९ | ९० | ९५ | " | | ८ | १६ | २.३ |
| | कूल दर्ता मध्ये न्यायिक समितिबाट मुद्दाहरु फछ्र्यौट भएको हुने | फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९९ | ९९ | " | | ८ | १६ | २.३ |
| | उपलब्ध अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....) वृद्धि भएको हुने | अनलाइन सेवाका प्रकारहरु | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | " | | ८ | १६ | २.३ |
| | अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही वृद्धि भएको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | १० | २० | २५ | ३० | ४० | ७५ | " | | ८ | १६ | २.३ |

## ८.२ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह

### पृष्ठभूमि

मैवाखोला गाउँपालिकाको वडा कार्यालयहरुको आफ्नै भवन तथा सभाहल रहेको छ । गाउँपालिका कार्यालय तथा केही वडा कार्यालयहरुमा इन्टरनेट सुविधा रहेको छ । यहाँ सवारी साधन लगायत आवश्यक भौतिक उपकरणहरु रहेका छन् । विद्युतिय बोलपत्रको अभ्यास वेबसाइटमा राखिएको छ । सेवा प्रवाहलाई प्रभावकारी पारदर्शि बनाउने सन्दर्भमा अनलाइन सेवाहरु प्रारम्भ भएका छन् । गाउँपालिकाको सेवा प्रवाहबाट सन्तुष्ट हुने सेवाग्राहीहरुको संख्या मध्यम स्तरमा रहेको पाइन्छ । कर्मचारीसँग कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने अभ्यासमा प्रभावकारीताको खाँचो देखिन्छ । व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्यमा सफ्टवेयरको प्रयोग गरिँदै आएको, गाउँपालिका र वडाहरुमा नागरिक वडापत्र प्रकाशित भएका छन् ।

### प्रमुख समस्या

गाउँपालिकाको आफ्नै भवन तथा सभाहल नहुनु, कर्मचारीहरूलाई वृत्ति विकास. प्रोत्साहन तथा पुरस्कारको अभ्यास नहुनु, सबै वडा कार्यालय, सबै विद्यालय, सबै स्वास्थ्य संस्था लगायत पालिका भित्रका सबै निकायहरुमा भरपर्दो इन्टरनेट जडान तथा सिसी क्यामरा नहुनु, कार्यपालिका पदाधिकारी सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन नहुनु, सेवा प्रवाहमा प्राथमिकता तथा सेवाग्राहीका लागि सहायता कक्ष नहुनु, स्वीकृत दरबन्दी अनुसारको कर्मचारी नहुनु र सरुवा भएर जाने प्रवृत्ति हुनु, बालमैत्री अपाङ्गता मैत्री, लैङ्गिक मैत्री, ज्येष्ठ नागरिक मैत्री आवश्यक पूर्वाधारहरु नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

गाउँपालिकाको कार्य जिम्मेवारी अनुसार आवश्यक प्रशासनिक संरचनाको निर्माण तथा संगठनात्मक पुनर्संरचना गर्नु, कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, सार्वजनिक सेवालाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत र समयमा सेवा प्रवाह प्रदान गर्नु, सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि तथा सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि बनाउनु, स्थानीय स्तरमा रहेका केन्द्रिय, प्रादेशिक निकाय/कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न जस्ता चुनौतीहरु छन् ।

### अवसर

निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो रहनु, स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग रहनु, विषयगत समिति तथा उप-समितिहरु गठन र क्रियाशील हुनु, गाउँपालिका केन्द्र एवं वडाहरुमा इन्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था हुन थाल्नु, जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमबाट लाभान्वित हुँदै जानु, e-governance लाई प्रवर्द्धन गर्दै गाउँपालिकाको सम्पूर्ण कार्य प्रणालीलाई अनलाइन सिस्टममा आवद्ध हुँदै जानु, गाउँपालिकाको आर्थिक केन्द्र, बजार क्षेत्र र बैंकसँग सहकार्य गरी नगद रहित कारोबारलाई प्रोत्साहन गर्न जस्ता अवसरहरु छन् ।

### लक्ष्य

प्रभावकारी संगठनात्मक संरचना, दक्ष जनशक्ति र सूचना प्रविधिमा आधारित सेवा प्रवाह भएको हुने ।

### उद्देश्य

१. प्रभावकारी संगठन संरचना निर्माण तथा संस्थागत क्षमता विकास गर्नु ।
२. मानव संशाधनको कार्यदक्षता अभिवृद्धि गर्नु ।
३. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्थागत सुदृढीकरण गर्ने । | • गाउँपालिकाको प्रशासनिक भवन निर्माण गरिनेछ ।<br>• वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ ।<br>• विधि र कानुनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गरिनेछ ।<br>• विषयगत समिति एवं न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिवृद्धि ल्याइनेछ ।<br>• संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण अनुसारको कर्मचारी व्यवस्था गरिनेछ । पालिकामा लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।<br>• कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादन स्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्यसम्पादन करार प्रणाली लागु गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ । |
| २. मानव संशाधन विकास गर्ने । | • तालिम, तथा अभिमुखीकरणबाट पालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रकिया र सेवा प्रवाहमा प्रभावकारी ल्याइनेछ ।<br>• कार्यपालिका तथा सभाका सबै समितिलाई क्रियाशील बनाई उत्तरदायित्व र जिम्मेवार संस्थाका रुपमा विकास गर्दै स्थानीय लोकतन्त्रलाई सुदृढ गरिनेछ ।<br>• पालिका अन्तर्गतका विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।<br>• पालिका अन्तर्गतका सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सबल, सक्षम जनशक्ति विकास गरिनेछ ।<br>• जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा जोड दिइनेछ ।<br>• पालिका कार्यक्रमहरुमा लक्षित समूहको प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ र क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्ता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।<br>• कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चित गरिनेछ । यसका लागि आवश्यकताका आधारमा उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ । |

| | |
|---|---|
| | • कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ । |
| ३. सेवा प्रवाह प्रभावकारी बनाउने । | • गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ ।<br>• पारदर्शी सरकार निर्माणमा जोड दिन गाउँपालिकाको डकुमेन्ट्री निर्माण तथा रेडियो कार्यक्रम मार्फत गाउँपालिकाको कार्यक्रमलाई संस्थागत गरिनेछ ।<br>• स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलव्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रबाट उपलव्ध गराउँदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।<br>• सेवा प्रवाहसँग सम्वन्धित विषयगत शाखाहरुको आवश्यकतानुसार वडा स्तरसम्म पुनः संरचना गरिनेछ ।<br>• नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।<br>• गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ ।<br>• बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : मानव संशाधन, संस्थागत विकाश तथा सेवा प्रवाह | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम | P1 | सार्वजनिक प्रशासनको भौतिक व्यवस्थापन तथा क्षमता अभिवृद्धि भएको हुने<br><br>मानव संशाधनको कार्यदक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी भएको हुने | २० | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह आफै |
| २ | E-Governance प्रवर्द्धन गर्न गा.पा.का सम्पूर्ण सेवालाई अनलाइन प्रणाली आवद्ध गर्ने | P1 | | २० | ५ | ५ | ५ | ५ | | स्थानीय तह आफै |
| ३ | गाउँपालिकाको आर्थिक केन्द्र र व्यस्त बजार क्षेत्रमा बैंकसँग सहकार्य गरी नगद रहित कारोबारलाई प्रोत्साहन गर्न प्रत्येक पसलमा QR-code राखी डिजिटल कारोबार | P1 | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह आफै |
| ४ | निर्माण सम्पन्न भईसकेका पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिमैत्री, जेष्ठ नागरिकमैत्री पूर्वाधारमा विकास गर्ने | P2 | | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह आफै |
| ५ | कर्मचारीहरुका लागि आवास गृह निर्माण | P2 | | २०० | | | ५० | ५० | १०० | स्थानीय तह आफै |
| ६ | सेवा प्रवाह, विकास निर्माण, नीति निर्माण तथा नविनतम कार्य लगायतका विषयमा सफल अनुभवहरु आदनप्रदान गर्दै सहकार्य गर्न जनप्रतिनिधि तथा कर्मचारी अन्य स्थानिय तह तथा अन्य देशको **अवलोकन भ्रमण** | | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह आफै |
| | | | | **३७०** | **३६** | **३६** | **८६** | **८६** | **१३१** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु बढी प्रभावकारी संगठनात्मक संरचना निर्माण भएको हुने | पालिका अन्तर्गत क्रियाशील शाखा, उप शाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | ७<br>१/१ | ७<br>२/२ | ८<br>३/३ | ११<br>४/४ | १२<br>४/४ | १३<br>५/५ | गापा | संस्थागत संरचना प्रभावकारी भएको हुने | २ | ४ | १.२ |
| असर | पालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी कायम भई संस्थागत क्षमता विकास भएको हुने | पालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | ४/२४ | ६/३० | ७/३५ | ८/३७ | ९/३७ | ११/४० | " | | २ | ४ | १.२ |
| | पालिकामा कार्यरत प्राविधिक जनशक्ति ( स्थायी र अस्थायी) कायम भई संस्थागत क्षमता विकास भएको हुने | (स्थायी र अस्थायी) जनशक्ति | संख्या | ७/५ | ९/३ | ११/१ | १२ | १२ | १२ | " | | २ | ४ | १.२ |
| प्रतिफल | कार्यसम्पादन करार गरिएका कूल कर्मचारीहरु घटेको हुने | कर्मचारी | संख्या | ६३ | ५३ | ४२ | २० | १५ | १० | " | संस्थागत संरचना | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी शत प्रतिशत भएको हुने | कर्मचारी | संख्या | २ | १० | ३० | ४१ | ४१ | ४१ | ” | प्रभावकारी भएको हुने | २ | ४ | १.२ |
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने र पदपूर्ति भएका कर्मचारी भएको हुने | कर्मचारी | संख्या | २१/२० | ३०/११ | ३५/६ | ४१ | ४१ | ४१ | ” | | २ | ४ | १.२ |
| | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | घण्टा | २ | १ | १/२ | १/२ | १/२ | १/२ | ” | | २ | ४ | १.२ |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी वृद्धि भएको हुने | लाभान्वित जन प्रतिनिधि र कर्मचारी | संख्या | - | ३० | ३५ | ४० | ६० | ७५ | ” | | २ | ४ | १.२ |
| | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क बढेको हुने | स्वमूल्याङ्कन | प्राप्ताङ्क | ६१.६० | ७० | ७५ | ८० | ८५ | ९५ | ” | | २ | ४ | १.२ |
| | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन भएको हुने | भवन | संख्या | ६ | ७ | ७ | ७ | ७ | ७ | ” | | २ | ४ | १.२ |

## ८.३ वित्तिय श्रोत परिचालन

### पृष्ठभूमि

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखा परीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु स्थानीय सरकारको दायित्व हो । सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै राजश्व व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ ।

### प्रमुख समस्या

गाउँपालिकाको वित्तीय व्यवस्थापन गर्ने निकायको सुदृढिकरण नहुनु, गाउँपालिकामा आउने वार्षिक बजेट केन्द्रीकृत हुनु, विकास खर्च कम हुनु, चालु खर्च समयमा भएपनि पुँजिगत खर्च पूर्ण रुपमा हुन नसक्नु, वित्तिय साक्षरता कार्यक्रम सञ्चालन नहुनु, बेरुजु फछ्र्योट सम्बन्धी ध्यान नपुग्नु, सम्झौता अघि काम गर्ने र सम्झौता अघिको बिल ल्याउने प्रवृतिमा सुधार नहुनु, पर्याप्त मात्रमा राजश्वका स्रोतहरु नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा वृद्धि नहुनु, राजश्व अध्ययन सुधार कार्ययोजना कार्यन्वयन नहुनु, विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु, विद्युतीय वोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु र आर्थिक वर्षको अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

लेखा परीक्षण गर्ने क्रममा आवश्यक तयारी पुग्न गाह्रो, लेखाको क्रममा सुत्र सिस्टमको प्रयोग गर्नुपर्नेमा केही कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृति हुनु, गाउँपालिकाबाट विभिन्न शिर्षकमा गर्ने खर्चहरुमा प्रभावकारिता, मितव्ययीता र नियमितता कायम गर्न, संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यथार्थ परक बनाई कार्यान्वयन गर्न, राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन, खरिद प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### अवसर

संघ र प्रदेश सरकारवाट अनुदानहरु प्राप्त हुनु, आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना हुनु, वेरुजु फछ्र्योटमा उल्लेख्य प्रगति हुनु, लक्षित वर्ग तथा लैङ्गिक उत्तरदायी वजेटको अभ्यास हुनु, लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न सकिने, विकास साझेदार संस्था एवं निजी क्षेत्रसंग सहकार्य गर्न सकिने, राजश्व सङ्कलन, लेखा अभिलेखीकरण कम्प्युटराइज हुनु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली विकास भई वित्तीय सुशासन कायम भएको हुने ।

### उद्देश्य

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।
२. दिगो तथा नियमित र अधिकतम उपलव्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वित्तीय सुशासन प्रवर्द्धन गर्ने । | • गाउँपालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।<br>• लेखा प्रणालीलाई आइसिटिमा जोड्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम, प्रभावकारी बनाइनेछ ।<br>• आर्थिक प्रशासन प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाइनेछ ।<br>• वार्षिक खरिद योजना बनाउँदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रकियागत ढङ्गबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।<br>• नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>• निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ । |
| २. वित्तीय श्रोत परिचालन गर्ने र यस सम्बन्धी स्थानीय नीति निर्माण गर्ने । | • वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ ।<br>• आन्तरिक श्रोत परिचालनका लागि राजश्व सुधार कार्ययोजना तयार पारी गाउँपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।<br>• स्थानीय राजश्व परामर्श समितिको क्षमता अभिवृद्धि गरी राजश्व सुधार कार्य योजना लागु गरिनेछ ।<br>• सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन) का क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।<br>• सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा विस्तार ल्याइनेछ ।<br>• उपभोक्ता समितिहरुसँग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी गाउँपालिकाको लागत भारलाई न्यून गरिनेछ ।<br>• गाउँपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : वित्तीय स्रोत परिचालन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | करदाता शिक्षा कार्यक्रम | P1 | क्षमता वृद्धि | ६ | २ | | २ | | २ | स्थानीय तह आफै |
| २ | राजश्व संकलन गर्न दाताहरुबाट **कर भुक्तानीका लागि प्रविधि** जडान | P1 | संस्थागत विकास | ८ | ८ | | | | | स्थानीय तह आफै |
| ३ | **करदाता डाटाबेस. तयारी** | P1 | | ५ | ५ | | | | | स्थानीय तह आफै |
| | | | | **१९** | **१५** | ० | २ | ० | २ | |

**नतिजा खाका**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **इकाई** | **आधार वर्ष २०७९/८०** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइको आधार** | **जोखिम पक्ष तथा अनुमान** | **दिगाल संकेत** | **दिविल संकेत** | **प्रसस संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | | | | | |
| प्रभाव | पालिकाको कूल वार्षिक बजेट वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | पालिकाको कूल वार्षिक बजेट | रु.करोड | ३७.५४ | ४० | ४३ | ४४ | ४६ | ४८ | गापा | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ | २.३ |
| | प्रति व्यक्ति बजेट खर्च | प्रति व्यक्ति बजेट खर्च | रु.हजार | २९३५ | ३२२९ | ३५५१ | ३९०६ | ४२९७ | ४३४० | " | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | (विकास तर्फ) वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | | | | | | | | | | | | | |
| असर | कूल बजेटको वास्तविक खर्च वृद्धि भई वित्तीय सुशासन कायम भएको हुने | वास्तविक खर्च | प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ | ९६ | " | | ८ | १६ | २.३ |
| प्रतिफल | कूल बजेटको पूँजीगत खर्च वृद्धि भएको हुने | पूँजीगत खर्च | प्रतिशत | ८५ | ९० | ९१ | ९२ | ९३ | ९४ | " | | ८ | १६ | २.३ |
| | लैङ्गिक उत्तरदायी वजेट विनियोजन भएको हुने | लैङ्गिक उत्तरदायी बजेट | प्रतिशत | २ | ५.१ | ७.५ | ८ | ९.५ | १५ | " | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने | ८ | १६ | २.३ |
| | कूल बजेटमा वाह्य श्रोतको हिस्सा भएको हुने | वाह्य श्रोतक | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | " | | ८ | १६ | २.३ |
| | आन्तरिक राजश्व अभिवृद्धि हुने क्षेत्रमा लगानी भएको हुने (कूल वजेटको) | लगानी | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | " | | ८ | १६ | २.३ |
| | कूल वेरुजुमध्येको रकम फछ्र्यौट भएको हुने | वेरुजु फछ्र्यौट | प्रतिशत | २८ | ७० | ८० | ८५ | ९५ | ९९ | " | | ८ | १६ | २.३ |
| | संघीय सरकारबाट राजश्व बाँडफाँड रकम प्राप्त भएको हुने | रकम | रु.लाख | ६६२ | ६५५ | ७०० | ८०० | ९०० | १००० | " | | ८ | १६ | २.३ |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट रकम प्राप्त भएको हुने | रकम | रु.लाख | २०.९ | २२ | २४ | २६ | २८ | ३० | " | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघीय सरकारवाट वित्तीय समानीकरणबाट अनुदान प्राप्त भएको हुने | अनुदान | रु. लाख | १०४२ | ९२६ | ११०० | १२०० | १३५० | १५०० | " | | | ८ | १६ | २.३ |
| | प्रदेश सरकारवाट वित्तीय समानीकरणबाट अनुदान प्राप्त भएको हुने | अनुदान | रु. लाख | ५५.५४ | ५५.६५ | ६० | ६५ | ७० | ८० | " | | | ८ | १६ | २.३ |
| | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा वृद्धि भएको हुने (वार्षिक कूल खर्चमा) | उपभोक्ता समूहको योगदान | प्रतिशत | २० | २२ | २५ | ३० | ३० | ३० | " | | | ८ | १६ | २.३ |
| | निजी क्षेत्रसँगको सहकार्यमा लगानी भएको हुने | लगानी | रु.लाख | ० | १ | २ | ३ | ५ | १० | " | | | ८ | १६ | २.३ |
| | सहकारी संस्था तथा सामुदायिक संस्थासँगको सहकार्यमा लगानी भएको हुने | लगानी | रु.लाख | ० | १ | २ | ५ | १० | १५ | " | | | ८ | १६ | २.३ |
| | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या वृद्धि भएको हुने | करदाता | संख्या | ५०० | ६०० | ७०० | ८५० | ९०० | १००० | " | | | ८ | १६ | २.३ |
| | आयोजनाहरुको मर्मत सम्भारका लागि व्यवस्था गरिएको कोषमा रकम जम्मा भएको हुने | रकम | रु. लाख | ५ | १० | १५ | २० | ३० | ४० | " | | | ८ | १६ | २.३ |

## ८.४ योजना व्यवस्थापन

### पृष्ठभूमि

विकास प्रयासलाई व्यवस्थित र प्रणालीगत रुपमा सञ्चालन गरी अपेक्षित उपलब्धि हाँसिल गर्न योजनावद्ध विकासको आवश्यकता पर्दछ । भरपर्दो तथ्याङ्क कार्यान्वयनयोग्य योजनाको आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, पार्श्वचित्र तथा श्रोत नक्सा अद्यावधिक बनाउने, सूचना तथा अभिलेख केन्द्र सञ्चालन गर्ने, जनशक्तिको तथ्याङ्क संकलन गर्ने आदि कार्य स्थानीय तहको काम, कर्तव्य र अधिकारको दायरामा राखेको छ । यस गाउँपालिकाले घरधुरी सर्वेक्षण वस्तुगत विवरण तयार गरेको छ ।

योजना तर्जुमा सम्बद्ध समितिहरु गठन भई कार्यरत छन् । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता हुँदै आएको पाइन्छ तापनि स्थानीय संस्थाहरु, गैसस लगायत निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन सकेको देखिदैन । आयोजनाहरु कार्यान्वयन पश्चात सहभागितामूलक अनुगमन मूल्याङ्कन गर्ने अभ्यास हुँदै आएको छ । सबै विषयक्षेत्रगत गुरु योजनाहरु तर्जुमा हुन सकेको छैन । केहि विषय क्षेत्रगत योजना रहेको, केहि विषय क्षेत्रगत गुरु योजना बनेको, वार्षिक योजनाहरु नियमित बनेको, पूर्वाधारमा धेरै आयोजनाहरु भएको (सडक ट्रयार खोल्ने काम), आयोजनाहरु अनुगमन हुने गरेको, टुक्रे आयोजना मार्फत काम हुने गरेको, लाभान्वित को अनुकुल केहि योजना बन्ने गरेको पाइन्छ । सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हालसालै आरम्भ भएका छन् ।

### प्रमुख समस्या

कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु, आयोजनाहरुको दिगोपना, व्यवस्थित तथा मर्मत सम्भारका लागि लाभान्वितबाट उपभोग शुल्क सङ्कलन हुन नसक्नु, नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु, आयोजना र योजनाहरु योजनावद्ध ढंगबाट विकास नहुनु, आयोजनाहरु छनौट गर्दा पर्याप्त सरोकारवालाहरुसँग समन्वय नहुनु एवं योजना बमोजिम कार्यन्यिन नहुनु, समावेशी तथा सहभागितामुलक योजना र्तजुमा नहुनु, आयोजनाहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, जेष्ठ नागरिकमैत्री नहुनु, धेरै आयोजनाहरु नागरिक स्तरमा प्रभावकारी नहुनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादात्म्यता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न, आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु, आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व श्रृजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

### अवसर

वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनु, आयोजनाहरुको वार्षिक समीक्षा हुनु, आवधिक योजना, गौरव आयोजना, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने क्रममा रहेको, आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुनु, योजना तर्जुमामा स्थानीय सरोकारवाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता हुनु, हरेक सार्वजानिक संरचानहरु GESI मैत्री बनाउने कार्यको थालनी हुनु, सहभागिता मुलक तथा प्रभावकारी ढँगबाट हुने अभ्यास हुनु, प्रत्येक नागरिकले सबै आयोजनामा आफ्नो भाव सृजना गर्न र स्वामित्व ग्रहण गर्न सकिने, लाभान्वित मार्फत सहभागिताको सुनिश्चित तथा योगदान गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

नतिजामुखी योजना र उत्तरदायी विकास प्रशासन भएको हुने ।

**उद्देश्य**

१. स्थानीय जनसहभागिता एवं सरोकारवालाहरुको सहभागितामा योजनाहरुको तर्जुमा गर्नु ।

२. प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनबाट योजना व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने । | • योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ । |
| २. योजना तर्जुमामा सहभागिता अभिवृद्धि गर्ने । | • स्थानीय सरोकारवालाहरुको सहभागितामा आवधिक विकास योजना तर्जुमा गरिनेछ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना बनाइनेछ ।<br>• आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजना बीच तादत्म्यता स्थापित गरिनेछ ।<br>• आवश्यकताका आधारमा सरोकारवालाहरुको वृहत सहभागितामा विषयक्षेत्रगत गुरुयोजनाहरु बनाई कार्यान्वयनमा ल्याइनेछ ।<br>• सहभागितामूलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्वन गर्दै वस्ती स्तरबाटै वार्षिक योजना तर्जुमा गरिनेछ ।<br>• उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण बनाउन प्रोत्साहन गरिनेछ । |
| ३. योजना कार्यान्वयनमा प्रभावकारीता कायम गर्ने । | • गाउँपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।<br>• योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।<br>• आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवं बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।<br>• उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत सशक्तीकरण गरिनेछ ।<br>• गाउँपालिका अन्तर्गतका क्षेत्रमा विद्यमान विकास साझेदार, गैर सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तर्जुमा गर्दै विकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ ।<br>• योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा परिचालनका लागि गाउँपालिकामा योजना शाखालाई साधन सम्पन्न बनाइनेछ । |

| | |
|---|---|
| ४. तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | • वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।<br>• वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।<br>• गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।<br>• भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायता विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ । |

**विस्तृत कार्यक्रम**

| विषयगत उपक्षेत्र : योजना व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | प्राथमिकता | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | योजना तर्जुमा एवं कार्यान्वयनमा सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम | P1 | जनसहभागिता एवं सरोकारवालाहरुको सहभागितामा योजनाहरुको तर्जुमा | १० | २ | २ | २ | ४ | ४ | प्रदेश, स्थानीय तह आफै |
| २ | तेस्रो पक्षबाट ठूला आयोजनाहरुको दिगोपना तथा गुणस्तरीय परीक्षण | P1 | | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश |
| ३ | आयोजनाहरुको अनुगमन मूल्यांकन | P1 | प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश |
| ५ | मध्यमकालीन खर्च संरचनाको अद्यावधिक | P2 | | २.५ | | ०.५ | ०.५ | ०.५ | ०.५ | प्रदेश, स्थानीय तह आफै |
| ६ | आवधिक योजना मध्यावधि समीक्षा. | P2 | | ५ | | | ५ | | | स्थानीय तह आफै |
| ७ | आयोजनाहरुको मर्मत संहार कोष | P1 | | १०० | २० | २० | २० | २० | २० | स्थानीय तह आफै |
| | | | | **१६२.५** | **३१** | **३१.५** | **३६.५** | **३३.५** | **३३.५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | | | | |
| प्रभाव | आयोजना वैंकमा समावेश भएका कूल आयोजनाहरु डिपिआर हुन वाँकी समेत समयमा सम्पन्न भएको हुने | कूल आयोजना | संख्या | - | १०० | ७५ | ७० | ४०० | ५०० | गापा | | ८ | १६ | २.३ |
| | विषय क्षेत्रगत गुरुयोजना (कृषि, पर्यटन, यातायात गुरुयोजना...) तर्जुमा भई प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन भएको हुने | विषय क्षेत्रगत गुरुयोजना | संख्या | १ | ४ | ६ | ८ | १० | १० | " | समाजसँग सहकार्य भएको हुने | ८ | १६ | २.३ |
| असर | विषयगत क्षेत्र श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण (प्रोफाइल) तयारी तथा अद्यावधिक भई नतिजामुखी योजना र उत्तरदायी विकास भएको हुने | श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण | संख्या | ० | ० | १ | २ | २ | २ | " | | ८ | १६ | २.३ |
| प्रतिफल | स्थानीय गौरवका आयोजनाहरु कार्यान्वयन भएको हुने | गौरवका आयोजनाहरु | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसँग सहकार्य भएको हुने | ८ | १६ | २.३ |
| | वार्षिक नीति कार्यक्रम अनुसार पालिकाको आन्तरिक आयमा अभिवृद्धि ल्याउन सक्ने आयोजनाहरु भएको हुने | आन्तरिक आयमा अभिवृद्धि ल्याउन सक्ने आयोजना | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूँजीगत तर्फका कूल आयोजनाहरु सम्पन्न भएको हुने | सम्पन्न भएका पूँजीगत तर्फका कूल आयोनाहरु | प्रतिशत | ९० | ९५ | ९८ | ९९ | ९९ | ९९ | " | | ८ | १६ | २.३ |
| | निर्धारित समय वा सो अगावै सम्पन्न आयोजनाहरु भएको हुने | आयोजनाहरु | प्रतिशत | ९० | ९५ | ९८ | ९९ | ९९ | ९९ | " | | ८ | १६ | २.३ |
| | प्रस्तावित आयोजनाहरु मध्ये यथार्थमा सम्पन्न भएका आयोजनाहरु बढेको हुने | आयोजना | संख्या | ४५ | ९० | १८५ | २८५ | ३७५ | ४६५ | " | | ८ | १६ | २.३ |
| | आयोजना/कार्यक्रमको अनुगमन भएको हुने (पटके, मासिक, चौमासिक, वार्षिक) | अनुगमन प्रतिवेदन | संख्या | १२ | २४ | ३६ | ४८ | ६० | ७२ | " | | ८ | १६ | २.३ |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व भएको हुने | लक्षित वर्ग/ समुदाको प्रतिनिधित्व | संख्या | २०० | | | | | ३०० | " | | ८ | १६ | २.३ |
| | तेश्रो पक्षवाट आयोजनाहरुको अनुगमन तथा मूल्यांकन भएको हुने | अनुगमन तथा मूल्यांकन | संख्या | १ | ३ | ५ | १० | १२ | १५ | " | | ८ | १६ | २.३ |
| | निजी क्षेत्रसँगको सहकार्यमा आयोजनाहरु सम्पन्न भएको हुने | आयोजना | संख्या | ० | ० | १ | २ | २ | २ | " | | ८ | १६ | २.३ |
| | सार्वजनिक, निजी र सहकारीको सहकार्यमा आयोजनाहरु सम्पन्न भएको हुने | आयोजना | संख्या | ० | ० | १ | २ | २ | २ | " | | ८ | १६ | २.३ |
| | अन्तरपालिका समन्वय र सहकार्य आयोजनाहरु सम्पन्न भएको हुने | आयोजना | संख्या | ० | ० | १ | १ | २ | ३ | " | | ८ | १६ | २.३ |

# परिच्छेद ९ : श्रोत व्यवस्थापन

## ९.१ श्रोत व्यवस्थापन

आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्बोधन गर्न सकिँदैन। तसर्थ आगामी पाँच वर्षमा उपलव्ध हुन सकिने गाउँपालिकाको विकास बजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्ने योजना, लक्षित वर्ग/समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी योजनाहरू तयार गरिएको छ।

गाउँवासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास बजेट अति नै न्यून भएको हुँदा गाउँपालिकाको विद्यमान विकास बजेटले ठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन। विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रिय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ।

यसको अतिरिक्त, गाउँपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलव्ध हुन सकिने गाउँपालिका कार्यालयको विकास बजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी योजना तयार गरिएको छ। गाउँपालिकाको आर्थिक श्रोत अति न्यून रहेकोले यस श्रोतवाट धेरै कम मात्र गाउँस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ। तसर्थ गाउँपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष जस्ता सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ। यस शीर्षक अन्तर्गत प्राप्त गाउँपालिकाको विकास बजेट तथा विगत आर्थिक वर्षमा केन्द्रवाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तीय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको सूची तयार गरिएको छ। योजना तर्जुमा समिति, गाउँपालिका गाउँ सभाको निर्णय अनुसार गाउँपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ।

आ. व. २०७९/८० मा कुल रु. ४२,४४,६१,४५५ राजश्व परिचालन भएको थियो। आगामी ५ वर्षमा गाउँपालिकाको प्रक्षेपित कुल राजश्व परिचालन रु. ३,३३,४८,७५,५९० हुने प्रक्षेपण गरिएको छ। कुल परिचालित राजश्वमध्ये चालु खर्चको शीर्षकमा आवश्यक प्रतिशत घटाई पुँजीगत खर्चको शीर्षकमा खर्च हुने देखिन्छ।

गाउँपालिकाको गौरवका आयोजना सहित गाउँपालिकालाई सामाजिक, आर्थिक लगाएत विभिन्न विकास निर्माणका लागि कम्तीमा **रु.५.९२ अर्ब** लाग्ने प्रारम्भिक अनुमान छ।

**श्रोत व्यवस्थापन तालिका**

| विषय क्षेत्र/उपक्षेत्र | बजेट अनुमान (रु लाखमा) |
|---|---|
| समष्टिगत विकास | ४४६७५ |
| आर्थिक विकास | २२९ |
| सामाजिक विकास | ४४८७ |
| पूर्वाधार विकास | ८९८५ |
| वातावरण तथा विपद व्यवस्थापन | २६५ |
| सुशासन तथा संस्थागत विकास | ५६५.५ |
| **कुल बजेट (रु लाखमा)** | **५९१९७.५** |

## परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आवधिक योजना तर्जुमाका लागि विभिन्न चरणगत प्रकृया र पद्धति बनाइएको छ । विभिन्न चरणगत प्रक्रिया र पद्धति अपनाउँदा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी अपनाइएको छ । आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को व्यवस्था तथा गाउँपालिकाको आर्थिक ऐन, २०७४ को अधिनमा रही तर्जुमा गर्दा गाउँपालिकाले आफ्नो आवश्यकता र क्षमताका आधारमा आवधिक योजनाको स्वरुपको तयार तथा स्वीकृत कार्यविधि बमोजिम तथा प्रक्रिया अनुसार तर्जुमा गरी पारित गरिएको हो । आवधिक योजना तर्जुमा गर्दा दुईवटा मूलभूत मान्यता लिइएको थियो ।

१. श्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयगत समितिको अवधारणामा योजना तर्जुमा

२. सहभागितात्मक पद्धतिबाट योजना तर्जुमा

आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस् भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा निर्देशक समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको समिश्रणबाट योजना तर्जुमा गरिएको हो ।

### १०.१ योजनाको कार्यान्वयन

'आवधिक योजना तर्जुमा निर्देशिका २०७५' ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हाँसिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

१. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशक समिति र विषयगत समितिहरुलाई स्थायित्व दिने ।

२. भौतिक विकास योजना कार्यान्वयन गर्दा गाउँ विकास ऐनले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा सहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरुसँग समन्वय राख्ने ।

३. केन्द्रिय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र सहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

४. बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेश भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान पुऱ्याउने ।
- आवधिक योजनाले अगिंकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- गाउँपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।
- आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बीच सन्तुलन कायम राख्ने ।
- योजना सञ्चालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।
- कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन समेत गर्ने प्रणालीको विकास गर्ने ।

### १०.२ अनुगमन तथा मूल्याङ्कन

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्याङ्कन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा गाउँपालिकाका निम्ति आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिनेछ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रकृयाहरू समेतको अवलम्बन गरिनेछ । त्यस्तै सञ्चालित आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्याङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिनेछ । त्यस्तै सम्पन्न योजनाहरूको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरूको प्रभाव मूल्याङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरूको प्रभाव मूल्याङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरू समेतको संलग्नता गराइनेछ ।

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जुन आयोजना कार्यान्वयनको चरणमा गरिन्छ । यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा

हिँडाउनु हो । अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनिकरण गर्ने उपायको खोजी गर्नुका साथै समिक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुऱ्याउँछ । त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैर सरकारीले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जब कि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुऱ्याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन् ।

आवधिक विकास योजनाको अनुगमन गर्दा प्रभाव तहमा लक्ष एवं विषयगत लक्षहरुको र नतिजातहमा सञ्चालित कार्यक्रमहरुको विभिन्न तहमा गरिने भएकोले मैवाखोला गाउँपालिकाको अनुगमन प्रणाली आफ्नो संस्थागत क्षमता र आवश्यकताका आधारमा नतिजा तहमा गरिनेछ । अनुगमन गर्नका लागि तयार गरिएको ढाँचा प्रचलित सोच तालिका ( log frame) लाई आधार मानी उपलब्ध हुन सक्ने तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा तयार गरिएको हो । अनुगमनमा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य पूरा गर्ने दिगो विकास लक्ष्य सम्बन्धी नेपालले पूरा गर्ने लक्ष्य राखेका सूचकहरु समेतको अनुगमन व्यवस्थापन गरिएको छ ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी भए तथा के कस्ता उपलब्धि एवं प्रभावहरू हाँसिल भए भन्ने कुराको उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट गराइनेछ । यस्तो मूल्याङ्कन मध्यावधि अवधिमा गरिनेछ र लगानी योजना अनुरुप वार्षिक लगानीहरु निर्देशित रहे नरहेको र उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरुको परिमार्जन सम्बन्धी आवश्यकता रहे नरहेको आधारमा आगामी आवधिक योजना तर्जुका लागि उपयोग गरिनेछ ।

### १०.३ मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएका बारे मध्यावधि मूल्याङ्कन २०८१ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मूल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सीफारिसमा गरिनेछ । सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छ :

- आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिँदैन ?
- निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?
- आवधिक योजना कार्यान्वयनमा जनचासो, जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?
- आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?
- सम्पन्न योजनाहरूको उपयोग र दिगोपना के कस्तो छ ?
- सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ? यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारहरूको लागि सीफारिस गर्नेछ ।

### १०.४ अनुगमन मूल्याङ्कन खाका

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन् :

- गाउँकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन्।

- स्थलगत अनुगमन।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना।
- नागरिक अनुगमन।
- सहभागितामूलक मध्यावधि समिक्षा।
- सहभागितामूलक अन्तिम समिक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)।

आवधिक विकास योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ :

| **आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** | | | |
|---|---|---|---|
| **के अनुगमन गर्ने?** | **कसले अनुगमन गर्ने?** | **कहिले अनुगमन गर्ने?** | **कसरी अनुगमन गर्ने?** |
| **कार्यक्रम वा प्रक्रिया अनुगमन** | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गै.स.सं., परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| **प्रतिफल अनुगमन** | गाउँकार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| **असर तह अनुगमन** | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने |
| **प्रभाव तह अनुगमन** | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने |

## अनुसूचीहरु

## अनुसूची १: वडागत आयोजनाहरु

### वडा नं. १ ढुङ्गेसाँघु

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. जैविक खेती प्रणालीको प्रवर्द्धन गरी हरेक पकेट क्षेत्रमा आइपिओ पाठशाला निर्माण गर्ने ।<br>२. स्थानीय जमिनहरूको माटो परीक्षण, उन्नत जातको विउ विजनमा अनुदान तथा तालिमको आयोजना तथा कृषि JTA भेट्नरी जोड्ने व्यवस्थापन गर्ने ।<br>३. स्थानीय स्तरमा कृषि प्रशोधन केन्द्र र शीत भण्डार केन्द्र निर्माण गर्ने र कृषि बजारको व्यवस्था गर्ने ।<br>४. साक्फारा, सुरवीरे, फट्याङग्रे, पाठकडाँडा खोला खेतमा तोरी, धान, मकै, गहु, लिची पकेट क्षेत्र निर्माण गर्ने ।<br>५. खानी टोल, चित्रे गाउँमा अलैंची, किवी पकेट क्षेत्र निर्माण गर्ने र तेलाबुङ, खानी टोल, वरर्भाङमा सुन्तला र कागती पकेट क्षेत्र निर्माण गर्ने । |
| पशुपालन | १. पशुहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने ।<br>२. दुध, माछा, मासुमा आत्मनिर्भर बनाउने । |
| उद्योग | १. बाँसजन्य सामाग्रीको उद्योग सञ्चालन गर्ने ।<br>२. साबुन उद्योग सञ्चालन गर्ने ।<br>३. जुस, तोरी तथा मह उद्योगहरू सञ्चालन गरी बजार व्यवस्थापन गर्ने. । |
| पर्यटन | १. बाघधारालाई संरक्षण गरी बालमैत्री उद्यान स्थापना गरी पर्यटकीय स्थल बनाउने ।<br>२. बोर्भेपोखरीलाई संरक्षण, निर्माण तथा पर्यटकीय स्थल बनाउने । |
| सहकारी | १. माछापोखरी महिला सहकारीलाई व्यवस्थित गरी कृषि क्षेत्रमा लगानीयोग्य बनाउने । |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| शिक्षा | १. वडा भित्रका विद्यालयहरुमा आवश्यकताको आधारमा भवन निर्माण गर्ने ।<br>२. आवश्यक शिक्षकको दरबन्दी तथा शैक्षिक सामग्रीहरु उपलब्ध गराउने ।<br>३. आधारभूत तहमा शिक्षण कक्षा विधि सञ्चालन गर्ने ।<br>४. जनकल्याण माध्यमिक विद्यालय र पार्टी आधारभूत विद्यालयमा घेराबार तथा मैदान निर्माण गर्ने । |
| स्वास्थ्य | १. सामुदायिक स्वास्थ्य इकाई अपग्रेड गरी स्वास्थ्य चौकी निर्माण तथा प्रसूति सेवा सञ्चालन गर्ने ।<br>२. चित्रेमा खोप केन्द्र भवन निर्माण गर्ने । |
| खानेपानी | १. पुजारे मुहान, बबुधारा, देवीथान, माछापोखरी, बाघधारा, च्याक्से, च्याने खोल्सा मुहानलाई एकीकृत गरी १ घर १ धारा कार्यक्रम सञ्चालन गर्ने । |
| सरसफाई | १. वडा स्तरीय डम्पिङ साइट ठाउँ पहिचान गरी निर्माण गर्ने ।<br>२. सार्वजनिक स्थल, बजार तथा मुख्य चोकहरूमा सार्वजनिक धारा तथा शौचालय निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. दलित पिछडिएका गरिब तथा अपाङ्गहरुमा क्षमता विकास तथा सीपमूलक तालिम मार्फत आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. सामुदायिक स्तरमा भलिबल तथा फुटबल प्रशिक्षकको व्यवस्था गर्ने ।<br>२.पाटी आधारभुत विद्यालयमा 7 size को खेलमैदान निर्माण गर्ने ।<br>३.जनकल्याण माध्यमिक विद्यालयमा खेलमैदान विस्तार गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीय भाषा तथा धार्मिक स्थलहरूको संरक्षण तथा प्रवर्द्धन तथा जातीय अनुसारको कला संस्कृतिको जगेर्ना गर्ने । |

| | |
|---|---|
| सुरक्षा | १. सशस्त्र बेस क्याम्प ढुङ्गेसाँघुलाई व्यवस्थित गर्न समन्वय गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायात | १. खोलाखेतदेखि फट्याङग्रे, सुरवीरे, डाँडागाउँ, माभ्फगाउँ, तेलाबुङ, खानीटोल. चित्रेसम्म सडक आयोजना स्तरोन्नति गर्ने ।<br>२. तिरतिरे, तेलाबुङ हुँदै पालिका जोड्ने सडक स्तरोन्नति तथा कालोपत्रे गर्ने ।<br>३. आवश्यकता अनुसार वडा भित्रको सडक मर्मत तथा नयाँ ट्र्याक निर्माण गर्ने ।<br>४. सार्वजनिक स्थलसम्म पुग्ने पदमार्ग निर्माण गर्ने । |
| पुल | १. |
| सिंचाई | १. जैयाखोला मुहान हुँदै.च्याने माभ्फगाउँ, डाँडागाउँ, सोसीनाला सिंचाई आयोजना निर्माण गर्ने ।<br>२. माङमाया मुहान हुँदै चित्रे, बरबोटे, तारागाउँ, गैरीगाउँ, तेलाबुङ सिँचाइ कुलो निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. एकीकृत वस्ती विकासका लागि पहल गर्ने ।<br>२. वडा स्तरमा सुविधा सम्पन्न सार्वजनिक भवन निर्माण गर्ने ।<br>३. ऐतिहासिक संग्रहालय तथा वडास्तरीय कभर्डहल निर्माण गर्ने । |
| विद्युत तथा बैकल्पिक उर्जा | १. वायो ग्याँस, वायोमास विद्युतीय चुलो लगायतका वैकल्पिक ऊर्जालाई प्रोत्साहन तथा अनुदान दिने । |
| सूचना तथा प्रविधि | १. इन्टरनेटलाई विस्तार गर्ने ।<br>२. विद्यालयमा अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गर्ने ।<br>३. सरकारी कार्यालय तथा मुख्य चोकमा सिसिटिभी जडान र आपतकालीन साइरनको व्यवस्था गर्ने । |

## वन, वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. खाली ठाउँमा उन्नत जातको वृक्ष रोपन कार्यक्रम सञ्चालन गर्ने ।<br>२. वन क्षेत्रमा अग्निरेखा तथा घेराबारको व्यवस्था गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. मेलटार पघरैगाउँ, आहाले पहिरो तथा गाउँहरू संरक्षण गर्ने ।<br>२. ठाडो खोला नियन्त्रण तथा बाँध निर्माण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने । |
| विपद व्यवस्थापन | १. वडा स्तरीय आपतकालीन कोष निर्माण गर्ने । |

## वडा स्तरीय गुरु योजना

१. जैयाखोला मुहान हुँदै.च्याने माभ्फगाउँ, डाँडागाउँ, सोसिनाला सिंचाई आयोजना गर्ने ।
२. सुरवीरे, साक्फारा, फट्याङग्रे, सोसीनाला क्षेत्रमा तोरी, धान, मकै, लिची, आप पकेट क्षेत्र स्थापना गर्ने ।
३. बेसार उत्पादनमा वृद्धि सँगै प्रसोधन गर्नउद्योग स्थापना गर्ने ।

## वडा नं.२. लेकुवा

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम के गर्ने |
|---|---|
| कृषि | १. वडाको तल्लो भाग सुन्तला, किवी, कागती, एभोकाडो तथा धान उत्पादनको लागि पकेट क्षेत्र बनाउने ।<br>२. गर्दै आएको अलैची, आलु, तरकारी खेती व्यवसायलाई व्यवस्थित गर्ने ।<br>३. कृषि उत्पादनको लागि कोल्ड स्टोर निर्माण, उन्नत जातको विउ विजन, मल, किटनाशक औषधि तथा अनुदानको व्यवस्था गर्ने । |
| पशुपालन | १. उन्नत जातको गाईपालन व्यवसायलाई प्रोत्साहन गरी दूध सङ्कलन केन्द्र स्थापना गर्ने ।<br>२. उन्नत जातको बाखापालन व्यवसाय सञ्चालन गर्ने ।<br>३. पशुपालनको लागी अनुदान तथा विमा कार्यक्रम सञ्चालन गर्ने । |
| उद्योग व्यापार | १. कपास/अल्लो प्रशोधन तथा खाडी कपडा उद्योग स्थापना गर्ने । |
| पर्यटन | १. मैवाखोला २ लेकुवामा बास्थला झरनालाई पर्यटकीय स्थलको रूपमा निर्माण गरी होमस्टे सञ्चालन गर्ने । |
| सहकारी | १. वडा स्तरीय कृषि सहकारी निर्माण गर्ने.। |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| शिक्षा | १. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सानो तहका भाई बहिनीहरुमा आधुनिक शिक्षा प्रणाली शिक्षकहरुमा समय सापेक्ष तालिम जस्ता कार्यक्रमहरुलाई पहल गर्ने ।<br>२. वडा भित्रका सबै विद्यालयहरुमा खेल मैदान, घेराबारा, तथा. आवश्यकताको आधारमा भवन निर्माण गर्ने.।<br>३. अंग्रेजी भाषा तथा शिक्षा क्षेत्रलाई सुधार गर्न लगानीमा वृद्धि गर्ने । |
| स्वास्थ्य | १. स्वास्थ्य चौकी भवनको निर्माण तथा स्वास्थ्यकर्मीको अभावलाई पूरा गर्ने ।<br>२. औषधी तथा स्वास्थ्य उपकरणको व्यवस्था तथा भ्याक्सिनेशनको लागि भवन निर्माण गर्ने ।<br>३. ल्याब सेवालाई व्यवस्थित तथा स्वास्थ्य कर्मचारी वृद्धि गर्ने ।<br>४. स्वास्थ्य इकाईमा घेराबारा तथा पानीको व्यवस्था गर्ने । |
| खानेपानी | १. सोक्पे खोला, माङमाया खोला, दोभान मुहान हुँदै लाली, युडे, भुषुने, हातिखावा, लेगुवा, तेम्बे ठोट्ने तथा वडा न. २ भित्र खानेपानी आयोजना निर्माण गर्ने । |
| सरसफाई | १. लेकुवा सिवाली चोक र तेम्बे चोकमा दुई-दुई वटा सार्वजनिक शौचालय निर्माण गर्ने ।<br>२. हरेक गाउँको इन्सिन्रेटरको क्षमता बढाउने । |
| सामाजिक समावेशीकरण | १. अपाङ्गमैत्री, भौतिक संरचना, छात्रावास तथा विद्यालयको निर्माण गर्ने ।<br>२. दलित पिछडिएका अपाङ्ग तथा फरक क्षमता भएका व्यक्तिहरुमा क्षमता. विकास. र सीपमूलक तालिम दिई आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. मैवाखोला माध्यमिक विद्यालयमा खेलमैदान निर्माण गर्ने ।<br>२. वडा स्तरमा कभर्ड हल सहितको सुविधासम्पन्न खेल मैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानीयले बोल्दै गरेको जातीय भाषा, चाडपर्व, मठमन्दिर, गुम्बा जस्ता ऐतिहासिक वस्तुहरूलाई व्यवस्थित गर्ने । |
| शान्ति सुरक्षा | १. अस्थायी प्रहरी चौकीलाई स्थायी बनाई घेरा बार गर्ने ।<br>२. प्रहरी चौकीको भवन बनाउने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायत | १. पेरुङ्गे देखि तेम्बे, लेकुवा, भुसुने, मुडे हुँदै खावाचौर पोइन्ट सडक स्तरोन्नति, ग्रावेल र नालाको निर्माण गर्ने ।<br>२. लुङ्गचोक्या हुँदै चिहाने हुँदै सिमसारे दवाडी कान्छाको घर कृषि सडकसम्म जोड्ने नयाँ ट्र्याक निर्माण गर्ने ।<br>३. लाली देखि मुलपानी सडक नयाँ ट्र्याक निर्माण गर्ने । |
| पुल | १. लाली देखि बुङ्थाक सडकअन्तर्गत मङ्गमाया खोलामा पक्की पुल निर्माण गर्ने । |
| सिंचाई | १. मङ्गमाया खोला मुहान हुँदै सोक्पेखोला, पात्लेखोला हुँदै मुलपानी देवीबाट नाली हुँदै झरना झर्दै लेकुवा, हात्तीखावा, तेम्बे, ठोट्ने, लाली सबै समेटने गरी सिँचाइ कुलो निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. निर्माणाधिन सामुदायिक भवन सम्पन्न गर्ने ।<br>२. ७ वटा टोल विकास समितिको लागि टोल विकासको भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडाभित्र केन्द्रीय लाइन विस्तार र मर्मत गर्ने । |
| सूचना तथा प्रविधि | १. मैवाखोला माध्यमिक विद्यालयमा आईसीटी प्रविधि सञ्चालनमा ल्याउने ।<br>२. वडा भित्र भएका अरु आधारभभुत विद्यालयहरुमा पनि आईसीटी प्रविधि सञ्चालन गर्ने । |

## वन, वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. लाली पातल मङ्गमाया सामुदायिक वनमा रहेको सिमसारे ड्याम निर्माण गरी सिँचाइ गर्ने ।<br>२. मङ्गमाया सामुदायिक वनमा वृक्षरोपण तथा अग्निरेखा निर्माण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. हात्तीखावा स्वास्थ्य इकाई नजिक चके गैरोमा पहिरो संरक्षण तथा ढुंगा व्यवस्थापन गर्ने ।<br>२. छेङ्घुर झिङ् ताल संरक्षण गर्ने ।<br>३. पेरुङ्गे पुछारमा नेरुवा खोला र मङ्गमाया खोला दोभानसम्म ड्याम बाँध्ने ।<br>४. साउने हात्तीखावा खोला जोखिम क्षेत्र तटबन्धन गर्ने । |
| वातावरण तथा स्वच्छता | १. वातवरण सफा राख्न जनचेतनाका लागी तालिम गोष्ठी गराउने । |
| विपद व्यवस्थापन | १. वडा न. २ मा विपद व्यवस्थापन सामग्री स्टोर गर्ने ।<br>२. वडा स्तरमा आपतकालिन कोष खडा गर्ने ।<br>३. पालिका स्तरमा विपद व्यवस्थापन तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने । |

## वडा स्तरीय गुरु योजना

१. खानी देखी तेम्वे, लेकुवा हुँदै भुसुने, मुडे जोड्ने सडक नाली सहितको सोलिङ गर्ने ।

२. मङ्गमाया मुहानको पानी लाली, रमिते, मुडे, भुसुने, लेकुवा कोक्साली, हात्तीखावा, तेम्वे सम्म खानेपानी सञ्चालन गर्ने ।

## वडा नं. ३ साँघु

### आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| कृषि | १. स्थानिय स्तरमा उत्पादित अलैंची, आलु उत्पादन गर्ने ।<br>२. उत्पादित वस्तुहरुको बजार व्यवस्थापन तथा मूल्य निधारण गर्ने ।<br>३. लगानीको आधारमा बढी प्रतिफल लिनको लागि आवश्यक तालिम, समयमा किटनाषक औषधी तथा अनुदानको व्यवस्था, नर्सरी उत्पादन गर्ने । |
| पशुपालन | १. दूध उत्पादनको सम्भावना भएकोले गाई तथा भैसी पालन व्यवसायको लागि अनुदानको व्यवस्था तथा विमा प्रकृया अगाडि बढाउने ।<br>२. उन्नत जातको विउ विजन अनदानको मार्फत वितरण गने । |
| उद्योग | १. स्थानिय बाँस प्रजातिका कच्चा पदार्थ प्रयोग गरि कुर्सि, मुडा, कुर्चा, टेबल निर्माणका लागि उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. लान पोखरीलाई व्यवस्थित गरि पर्यटकिय क्षेत्र बनाउने ।<br>२. हाँगोटार तथा रमिते ढुङ्गा स्थललाई व्यवस्थित गरि पर्यटकिय स्थलको रुपमा प्रोत्साहन गर्ने ।<br>३.बुङघाङ देखि रमिते डाँडा सम्म पदमार्ग निर्माण गर्ने (भ्यूटावर बनाउने) । |
| सहकारी | १.मिल्के कृषि सहकारीलाई व्यवस्थित गरि कृषिमा लगानीको लागि पहल गर्ने ।<br>२.सहकारी मार्फत विकि वितरण केन्द्र स्थापना गर्ने । |

### सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| शिक्षा | १. नारायणी माध्यमिक विद्यालयलाई उच्च शिक्षा (स्नातक) सम्म स्तरोन्नति गरि प्राविधिक शिक्षालय बनाउने ।<br>२. सरस्वती आधारभुत विद्यालय र मानेडाँडा आधारभुत विद्यालयमा शिक्षाको गुणस्तर सुधार गरी व्यवस्थित गर्ने ।<br>३. नमुना माध्यमिक विद्यालयलाई व्यवस्थित गर्ने । |
| स्वास्थ्य | १. साघुँ स्वास्थ्य चौकीमा नर्सिङ्ग सहितको सुविधा सम्पन्न भवन निर्माण गर्ने ।<br>२. आवश्यकताका आधारमा स्वास्थ्य सामाग्री उपलब्ध गर्ने । |
| खानेपानी | १. थलथले बृहत खानेपानी आयोजनालाई व्यवस्थित गरि एक घर एक धाराको अवधारणा ल्याउने ।<br>२. माङ्गमाया खानेपानी योजना सम्पन्न गरि प्रत्येक घरमा वितरण गर्ने । |
| सरसफाई | १. सातवर्ग डाँडामा डम्पिङ्ग साइट निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १. गरिब पिछडिएका अपाङ्ग तथा फरक क्षमता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम प्रदान गरी आर्य आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा नम्बर ३ को मदन भण्डारी रङ्गशाला निर्माण कार्यलाई पूरा गर्ने ।<br>२. जलजले युवा क्लबलाई व्यवस्थित गरी क्लब भवन निर्माण गर्ने तथा प्रशिक्षकको व्यवस्था गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानिय भाषा, कला तथा संस्कृतिको जगेर्ना गर्ने खालको कार्यक्रम सञ्चालन गर्ने ।<br>२. वडा नम्बर ३ भित्र रहेका मठ मन्दिर, गुम्बा, माङहिम निर्माण तथा संरक्षण गर्ने । |

| | |
|---|---|
| सुरक्षा | १. कोलडाँडामा रहेको साँस्कृतिक संग्रहालय भवन मर्मत तथा संरक्षण गर्ने ।<br>२. प्रहरी चौकी भवन मर्मत तथा सम्भार गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायात | १. वडा कार्यालयबाट तुम्वे हुँदै माङमाया खोला सम्म स्तरोन्नती र ग्राबेल सडक निर्माण गर्ने ।<br>२. साँघु बजारबाट याङमा डाँडा हुँदै. याङदेली सम्म सडक स्तरोन्नती र ग्राभेल निर्माण गर्ने । (४ कि.मि.)<br>३. आंशिके घुम्तीबाट कागती खोला सडक निर्माण गर्ने । (२ कि.मि.)<br>४. चिस्यान केन्द्रबाट बुङधाक हुँदै मानेडाँडा. स्तरोन्नति गर्ने । (३ कि.मि.) |
| पुल | १. मुम्वे हुँदै माङमाया जाने रोड माङमाया खोला पक्की पुल निर्माण गर्ने । ( डि.पि.आर भएको )<br>२. सांघु बजारबाट. पाङ्मा डाँडा रोड अन्तर्गत याङदेली खोलामा पक्की पुल निर्माण गर्ने ।<br>३. पाङ्मा देखि घिमिरे गाउँ जोड्ने सडक अन्तर्गत निर्वाह खोला पक्की पुल निर्माण गर्ने । |
| सिंचाई | १. नेरूवा खोला देखि नलीडाँडा बाङ्गेलाम हुँदै मानेडाँडा सिचाई आयोजना निर्माण गर्ने ।<br>२. माङमाया खोला घुम्ति मुहान चल्ने नेरा सम्म कुलो मर्मत तथा निर्माण गर्ने ।<br>३. कागते खोलाबाट बोभ्केगाउँ सांघु हुँदै नेरा सम्म कुलो मर्मत तथा निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा स्तरमा सुविधा सम्पन्न सार्वजनिक भवन निर्माण गर्ने ।<br>२. वडा कार्यालय भवन निर्माण गर्ने ।<br>३. साँघु बजार निर्माण सहित व्यवस्थित गर्ने ।<br>४. हरेक टोलमा टोल विकास भवन निर्माण गर्ने ।<br>५. पालिका स्तरमा एउटा कभर्ड हल निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडाभित्र भएका सबै घरमा केन्द्रिय लाइन मर्मत तथा विस्तार गर्ने ।<br>२. सरकारी कार्यालयहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने । |
| सूचना तथा प्रविधि | १. इन्टरनेट सेवा व्यवस्थित गर्ने । |

## वन, वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. सामुदायिक वन संरक्षण, वृक्षारोपण तथा अग्निरेखा निर्माण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. नेरूवा खोलाको याङदेलीमा बाँध निर्माण तथा खोला नियन्त्रण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. वृक्षरोपण कार्यक्रमलाई प्राथमिकता दिने ।<br>२. उत्पादित फोहोरहरू प्लाष्टिक, प्लाष्टिकको बोटल, सिसा जन्य पदार्थको उचित व्यवस्थापन गर्ने.। |
| विपद व्यवस्थापन | १. जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२. मृग, दुम्सी, बाँदर जस्ता आतङ्क नियन्त्रणको लागि पहल गर्ने । |

## वडा नं. ४ ताम्राङ
## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| कृषि | १. वडा नं. ४ भित्रका सबै भुभागहरुमा अलैंची खोतीलाई व्यवस्थित तथा पकेट क्षेत्र बनाउन पहल गर्ने ।<br>२. अलैंची खेतीका लागि आवश्यक माटो परिक्षण, उन्नत विउ विजन, किटनाशक औषधी तथा अनुदानको व्यवस्था गर्ने । |
| पशुपालन | १. पशुपालन अन्तर्गत बाखा, गाई, भैसी, माछा तथा कुखुराको लागि व्यवसायिक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२. उन्नत जातका विउ विजन, अनुदान तथा विमाको ब्यवस्था गर्ने तथा बजार व्यवस्थापन गर्ने । |
| उद्योग | १. वडा स्तरमा कागज उद्योग सञ्चालन गर्ने ।<br>२. मिनिरल वाटर उद्योग सञ्चालन गर्ने ।<br>३. अल्लो प्रशोधन केन्द्र स्थापना गर्ने ।<br>४. काठ उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. वडा भित्र भएका मिल्के, झयाउँपोखरी, पहिरे, दोबाटे जस्ता ठाउँहरुलाई व्यवस्थित गरि पर्यटकीय स्थल बनाउने तथा लालिगुँरासको संरक्षण गर्ने ।<br>२. निर्माणाधिन झयाउँपोखरी रिसोर्टलाई सञ्चालनमा ल्याउने ।<br>३. मालिङगेनि देखि खरिडाँडा खोपिङ पोखरी सम्म गोरेटो बाटो निमार्ण गर्ने ।<br>४. वडा भित्र रहेका अन्य पर्यटकीय स्थलहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।<br>५. तङमादेन पार्क निर्माण गर्ने । |
| सहकारी | १. |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| शिक्षा | १. वडा भित्र रहेका ५ वटा आधारभुत विद्यालयहरुमा विद्यार्थीहरुको आधारमा भवन निर्माण तथा खेल मैदान निर्माण गर्ने ।<br>२. गंगा आधारभुत विद्यालयलाई स्तरोन्नति गरि १० कक्षासम्म सञ्चालन गर्ने । |
| स्वास्थ्य | १. वडा नं. ४ भित्र स्वास्थ्य चौकी नभएको कारण स्वास्थ्य चौकी स्थापनाको लागि पहल गर्ने । |
| खानेपानी | १. लुवो मजुवा खाने पानी हुँदै ताम्राङ खानेपानी आयोजना तथा निर्माण ।<br>२. ठोसेनी मुहान हुँदै खाम्सादेम टिम्मुरे खानेपानी आयोजना तथा निर्माण ।<br>३. नेरुवा खोला मुहान हुँदै गारै भालुखोप बाङगेलास खानेपानी आयोजना निर्माण ।<br>४. पाखेमुहान हुँदै ओदक सम्म खानेपानी आयोजन निर्माण । |
| सरसफाई | १. वडा नं. ४ भित्र एउटा डम्पिङ्ग साईट निर्माण गर्ने । |
| सामाजिक समावेशीकरण | १.लक्षित बर्गहरुका लागि सिपमुलक तालिमा व्यवस्था र आय आर्जनमा प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. गंगा आधारभुत विद्यालय नजिकै वडा भित्र सुविधा सम्पन्न खेल मैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. स्थानिय भाषा भाषी, जातजातिका आधारमा बनेका मठमन्दिर, गुम्बा, माङहिम, चर्च तथा एतिहासिक वस्तुहरुको संरक्षण गर्ने ।<br>२. तवाथली छ्योलिङ गोन्पा संरक्षण गर्ने ।<br>३. सोनाम पेमा छ्योलिङ गोन्पा संरक्षण गर्ने । |
| शान्ति सुरक्षा | १. वडा नं. ४ मा प्रहरी चौकी निर्माण गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायत | १. मजुवा, ताम्राङ, टिम्मुरे सडक आयोजना स्तरोन्नति गर्ने । (१६ कि.मि)<br>२. मदन भण्डारी मार्ग हुँदै जरबुट्टे सौरेनी पाटी सम्म स्तरोन्नति गर्ने ।<br>३. अशिको टर्निङ्ग देखि वडा कार्यलय हुँदै खाम्सादेन ओदक काम्साङसम्म स्तरोन्नति गर्ने । (१० कि.मि)<br>४. नेरुवा खोला, घिमिरे गाउँ, भित्ते, गौरी मौलो डाँडा सम्म ट्र्याक स्तरोन्नति गर्ने । |
| पुल | १. मांहिमे देखि वडा नं. ४ टिमुरे देखि ५ जोड्ने पक्की पुल निर्माण ।<br>२. नेरुवा खोला पक्की पुल ३ र ४ लाई जोड्ने ।<br>३. चाम्फेवा खोला पक्की पुल खाम्सादिन र ओदक जोड्ने ।<br>४.लुदुङवा खोला मोटरेवल पुल ओदक र काम्साङ्ग जोड्ने ।<br>५.नेरुवा खोला मोटरेवल पुल घिमिरे गाउँ, पाङमा गाउँ जोड्ने । |
| सिंचाई | १.नेरुवा खोला हुँदै एक बाँसे रानी वनसम्म सिचाई कुलो नयाँ निर्माण गर्ने ।<br>२.नयाँ वन कुलो खाम्सादिन हुँदै टिम्मुरे सम्म सिचाई कुलो निर्माण ।<br>३. नलिडाँडा देखि बाङगेलाम सम्म सिचाई कुलो निर्माण ।<br>४. नेरुवा खोला देखि राना गाउँ हुँदै देवी खोला सिचाई योजना निर्माण ।<br>५. लुदुङवा खोला सिचाई कुलो निर्माण । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा स्तरीय सामुदायिक भवन निर्माण गर्ने ।<br>२. एकिकृत वस्ती बिकासको लागि पहल गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडा भरि केन्द्रिय लाईन विस्तार गर्ने ।<br>२. सरकारी कार्यलय तथा विद्यालयहरुमा वैकल्पिक उर्जाको व्यवस्था गर्ने |
| सूचना तथा प्रविधि | १. इन्टरनेट विस्तार गर्ने ।<br>२.विद्यालय स्तरमा आवश्यकताको आधारमा कम्प्युटरको व्यवस्था गर्ने ।<br>३. साथै ECD कक्षा सञ्चालन गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. वडा भित्र रहेका प्रभावित क्षेत्रहरुमा पहिरो नियन्त्रण गर्ने ।<br>२. खुला तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. |
| वातावरण तथा स्वच्छता | १. वडाको मुख्य ठाउँमा सार्वजनिक धारा तथा शौचालय निर्माण । |
| विपद व्यवस्थापन | १. विपद व्यवस्थापन समितिलाई व्यवस्थित गरि आपतकाालिन सामाग्री खरिद गर्ने । |

## <u>वडा स्तरीय गुरु योजना</u>

१. मदन भण्डारी राजमार्ग देखि मजुवा, ताम्राङ, टिम्मुरे सम्म सडक स्तरोन्नति गर्ने ।
२. नयाँ वन कुलो मुहान खाम्सादिन, ताम्राङ, टिम्मुरे सम्म कुलो निर्माण गर्ने ।
३. जोरबुट्टे देखि सौरेनी पाटी सम्म सडक स्तरोन्नति गर्ने ।

## वडा नं. ५ देवलढुंङ्गा
## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| कृषि | १. वडा नम्बर ५ का सबै भूभागमा अलैंची खेतीका लागि माटो परिक्षण किटनाशक औषधि उन्नत जातको विउ विजन तथा अनुदानको व्यवस्था गर्ने ।<br>२. वडा भित्र एउटा चिस्यान केन्द्र निर्माण गर्ने ।<br>३. नम्लाक टोल विकास समिति अन्तर्गत गाउँहरूमा धान, मकै, आलु खेतीका लागि पकेट क्षेत्र बनाउने ।<br>४. देवलढुंङ्गा र फाखोङदेनलाई मकै, कोदो तथा सुन्तला फलफुललाई पकेट क्षेत्र निर्माण गर्ने । |
| पशुपालन | १. महादेव र काम्साङ्ग टोल विकास संस्था अन्तर्गत गाउँहरूमा बाखा, भेडाहरूको पकेट क्षेत्र निर्माण गर्ने ।<br>२. उन्नत जातका पशुपालन बाखा, सुँगुर जस्ता पशुहरू उत्पादन गर्ने तथा पकेट क्षेत्र बनाउने ।<br>३. उन्नत जातको गाई तथा भैसी पकेट क्षेत्र बनाउने । |
| उद्योग | १. कागज उद्योग सञ्चालनमा ल्याउने ।<br>२. फर्निचर तथा बाँस उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. ऐतिहासिक फाखोङदेनमा (साविक फाकुम्वा -१) रहेको धार्मिक स्थललाई पर्यटकीय स्थल निर्माण गर्ने ।<br>२. वडा भित्र रहेका गोरुजुरे, हात्तीसुरे जस्ता ठाउँहरुलाई पर्यटकीय स्थल बनाउने ।<br>३. खार्ते गोरुजुरे पदमार्ग निर्माण गर्ने.। (सुमेलुक) |
| सहकारी | १. वडा भित्र एउटा कृषि सहकारी व्यवस्था गरि कृषि क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| शिक्षा | १. वडा भित्रका सार्वजनिक विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा भवन निर्माण तथा घेराबारा निर्माण गर्ने ।<br>२. शिक्षाको गुणस्तर सुधारका लागि खाली दरबन्दी पूरा गर्ने तथा महादेव आधारभूत विद्यालयमा ८ कोठा पक्की भवन निर्माण गर्ने ।<br>३. हिमालय आधारभुत विद्यालयमा ४ कोठे पक्की भवन निर्माण गर्ने । |
| स्वास्थ्य | १. फाकुम्बा स्वास्थ्य चौकी भवन तथा जनसंख्याको आधारमा चिम्फाक स्वास्थ्य इकाई गाउँघर क्लिनिक र खोप क्लिनिक व्यवस्थित गर्ने ।<br>२. एम्बुलेन्सको व्यवस्था गर्ने ।<br>३. फाकुम्बा स्वास्थ्य भवन निर्माण गर्ने । |
| खानेपानी | १. काम्साङ टोल खानेपानी आयोजना खुम्बुखर्क मुहान निर्माण गर्ने ।<br>२. सिसुवा र चैया मुहान व्यवस्थित गरी फाकुम्देन टोलमा १ घर १ धारा कार्यक्रम सञ्चालन गर्ने ।<br>३. देविथान मुहान हुँदै तुम्लोक टोल विकास खानेपानी आयोजना मर्मत सम्भार गर्ने । |
| सरसफाई | १. पाहाखोला मुहान हुँदै महिमडाँडा, बासगठे, घोडेटार, लाङ्सेम्बा टोल सम्म खानेपानी आयोजना मर्मत सम्भार गर्ने ।<br>२. गाउ घर सफा राख्न एक घर एक चर्पीको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. लक्षित वर्गमा होटल सम्बन्धी सीपमूलक तालिम दिने ।<br>२. घरेलु उद्योग निर्माण गर्न प्रोत्साहन गर्ने । |
| युवा तथा खेलकुद | १. वडा भित्र एउटा वडा स्तरीय सुविधासम्पन्न खेल मैदान निर्माण गर्ने । |

| | |
|---|---|
| | २. मैवाखोला वडा नम्बर ५ को साविक वडा नम्बर १ मा रहेको खेलमैदानलाई सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने । |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. जातीय आधार अनुसार आवश्यकताको आधारमा गुम्बा तथा मठ मन्दिर निर्माण गर्ने ।<br>२. छ्योलिङ्ग गुम्बा भवन विश्वकर्मा मन्दिर निर्माण गर्ने ।<br>३. स्थानिय भाषा, कला, संस्कृति, साम्यो मन्धुमहिम व्यवस्थित गर्ने । |
| सुरक्षा | १. वडा स्तरीय एउटा प्रहरी चौकी निर्माण गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायात | १. खार्ते देखि महादेव आधारभुत विद्यालयसम्म सडक स्तरोन्नति तथा ग्राभेल गर्ने ।<br>२. सेम्फू देखि चिम्फाक हुँदै साम्तुङ्ग जोड्ने सडक स्तरोन्नती गर्ने ।<br>३. याङदेली खोला देखि वडा नम्बर ५ हुँदै वडा नम्बर ६ जोड्ने मोटरेवल बाटो स्तरोन्नति गर्ने ।<br>४. खारे खोला देखि वन सामुदायिक भवन सम्म नयाँ ट्र्याक निर्माण गर्ने ।<br>५. फुन्चेबुङ्ग हुँदै पाटी डाँडा माध्यमिक विद्यालय सम्म नयाँ ट्र्याक निर्माण गर्ने ।<br>६. डाँडागाउँ देखि याङदेली जोड्ने सडक नयाँ ट्र्याक निर्माण गर्ने । |
| पुल | १. गाउँपालिका देखि वडा कार्यालय जोड्ने सडक अन्तर्गत जमुने खोलामा पक्की पुल निर्माण गर्ने ।<br>२. सिम्फू देखि साम्तुङ्ग जाने रोड अन्तर्गत लोदुम्बा खोलामा पक्की पुल निर्माण गर्ने । |
| सिंचाई | १. लोदुम्बा नक्कली र सिम्फू खोला मुहान हुँदै वडा नम्बर ५ सबै पुग्ने गरी सिचाई आयोजना निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. वडा स्तरीय सुविधा सम्पन्न महिला भवन निर्माण गर्ने ।<br>२. वडा स्तरमा प्रत्येक टोलमा टोल विकास समितिको भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडाभित्र सबै गाउँमा केन्द्रीय लाइन विस्तार गर्ने । |
| सूचना तथा प्रविधि | १. वडा भित्र इन्टरनेटलाई विस्तार गर्ने ।<br>२. विद्यालय स्तरमा आइसिटी सञ्चालनको लागि कम्प्युटर व्यवस्थापन गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १. सामुदायिक वन तथा खाली ठाउँमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ।<br>२. सामुदायिक वनमा अग्नी रेखा निर्माण गर्ने ।<br>३.सामुदायिक वनमा तारजाली गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. खारेखोला आसपास बाँध तथा तटबन्धन गर्ने ।<br>२. डापटोलमा पहिरो नियन्त्रण गर्ने ।<br>३. लुम्लोक टोल नजिकै नविनको घर छेउमा सडक कटानलाई नियन्त्रण गर्ने । |
| वातावरण तथा स्वच्छता | १. सिसाजन्य बोटल तथा प्लाष्टिकजन्य फोहरहरुको उचित व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| विपद व्यवस्थापन | १. वडा स्तरीय आपतकालीन कोष निर्माण गर्ने । |

## वडा स्तरीय गुरु योजना

१. सिचाई :- लोदुम्बा नक्कली र सिम्फू खोला मुहान हुँदै वडा नम्बर ५ सबै पुग्ने सिँचाइ आयोजना निर्माण गर्ने ।

२. सडक :-  खार्ते देखि वडा कार्यलय हुँदै वडा नम्बर ४ साविक चिम्फाक सम्मको सडक स्तरोन्नति गर्ने ।

३. खेलमैदान :- मैवाखोला वडा नम्बर ५ को साविक वडा नम्बर १ मा रहेको खेलमैदानलाई सुविधा सम्पन्न गरी निर्माण गर्ने ।

## वडा नं. ६ साङलुपा
## आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| कृषि | १. माङलक्सु टोल, रानी वन टोल, फुन्छिन्देन टोलमा अलैंची, आलु पकेट क्षेत्र स्थापना गर्ने ।<br>२. वडा भित्र एउटा चिस्यान केन्द्र निर्माण गर्ने ।<br>३. सामतुङ्ग टोलमा जडिबुटी जस्तैः चिराईतो, सतुवा आदि पकेट क्षेत्र र हाङफाबुङ टोल विकास संस्था वरपर धान, गँहु, मकै पकेट क्षेत्र बनाउने । |
| पशुपालन | १. सामतुङ्ग टोल विकास समिति अन्तर्गतका भू-भागमा बाखा, भेडा पालन व्यवसायलाई प्रोत्साहन गर्ने ।<br>२. बँगुर पालनको लागि पकेट क्षेत्र निधारण गर्ने ।<br>३. उन्नत जातको बिउ बिजन आवश्यक तालिम, अनुदान तथा विमा प्रकृया शुरु गर्ने । |
| उद्योग | १. बाँस, लोक्ता, अङघेली, अल्लो जस्ता वस्तुहरुको उत्पादन बढी हुने भएकोले बाँस उद्योग तथा कागज उद्योग सञ्चालनमा ल्याउने ।<br>२.साबुन उद्योग सञ्चालन गर्ने ।<br>३. अल्लो, ढाका सिलाई बुनाई कार्यक्रम सञ्चालन गर्ने ।<br>४. जडिबुटी प्रशोधन तथा दुध, डेरी, नेपाली हाते कागज उद्योग सञ्चालन गर्ने । |
| पर्यटन | १. वडा नं. ६ भित्र सामतुङ्ग, सिन्दोलुङ्ग, मैवाझरना, वासाङ्गलुङ, फुङवाङ्ग झरना जस्ता एतिहासिक स्थललाई पर्यटकीय क्षेत्रमा विस्तार गर्ने ।<br>२. होमस्टे स्थापना, भेषभुषाको व्यवस्थापन गर्ने ।<br>३. अर्गानिक वस्तुहरुको उत्पादन र विक्रि केन्द्र स्थापना गर्ने ।. |
| सहकारी | १. वडा भित्र एउटा कृषि सहकारी संस्था स्थापना गरि सञ्चालनमा ल्याउने ।<br>२. वडा स्तरीय सहकारी संस्थामा कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्ने ।<br>३. कृषि सम्बन्धी उन्नत जातको विउ विजनको व्यवस्था गर्ने । |

## सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| शिक्षा | १. १ वटा माध्यमिक विद्यालय र ४ आधारभुत विद्यालयमा कृषि विषय समावेश गर्ने ।<br>२. महेन्द्र माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनमा ल्याउने र निर्माणाधिन भवनहरु सम्पन्न गर्ने ।<br>३. विद्यालयहरु बालमैत्री बनाउन आवश्यक सामाग्रीहरु उपलब्ध गर्ने । |
| स्वास्थ्य | १. वडा स्तरीय स्वास्थ्य चौकी व्यवस्थापन गर्ने तथा निर्माणाधिन स्वस्थ्यको भवन सम्पन्न गर्ने ।<br>२ स्वस्थ्यको चौकी इकाईलाई व्यवस्थित गर्ने ।<br>३. स्वस्थ्य कर्मचारीहरुको व्यवस्था गर्ने । |
| खानेपानी | १. वडा भित्रका सबै खानेपानीका मुहानहरुलाई व्यवस्थित गर्ने ।<br>२. वडा भित्रका प्रत्येक घरधुरीका धाराहरु सुधार गर्ने । |
| सरसफाई | १. प्लाष्टिक जन्य पदार्थ तथा सिसाका बोटलहरुको मुख्य समस्यालाई समाधान गर्ने ।<br>२. मुख्य चोक तथा सार्वजनिक स्थलहरुमा शौचालय तथा खानेपानीको धारा र डस्टबिनको व्यवस्था गर्ने । |
| सामाजिक समावेशीकरण | १. महिलाहरुको लागि सिप विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्ने ।<br>२. महिलाहरुको लागि छुट्टै भवन निर्माण गरी सो भवनमा सचेतना सम्बन्धी तालिमहरु प्रदान गर्ने । |
| युवा तथा खेलकुद | १.धुपो चौरलाई वडा स्तरीय खेल मैदानको रुपमा विकास गर्ने ।<br>२. युवाहरुलाई प्रशिक्षण तथा तालिमको व्यवस्था गर्ने । |

| | |
|---|---|
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | १. वडा भित्रका सबै जातजातिहरुको धार्मिक स्थलहरु मर्मत तथा संरक्षण गर्ने ।<br>२. पुजारी, फेदाङ्माहरुको लागि माङहीमको निर्माण गर्ने |
| शान्ति सुरक्षा | १. वडा भित्र प्रहरी चौकी स्थापना गर्ने । |

## पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| सडक तथा यातायत | १. खार्ते वडा कार्यलय हुँदै काफले चौतारा सडक आयोजना स्तरोन्नती तथा ग्रावेल तथा फुङफाङ अजिरुवा खानी फुलबारी साम्तुङ्ग सम्म नयाँ ट्रयाक निर्माण गर्ने ।<br>२. मैवाखोला गाउँपालिका देखि वडा नं. ६ जोड्ने बाटो स्तरोन्नती गर्ने ।<br>३. वडा कार्यलय देखि रानी वन सडक खण्ड स्तरोन्नती गर्ने । |
| पुल | १. फुङफाङ हुँदै फुलबारी जाने सडक अन्तर्गत नेङवा खोलामा पक्की पुल निर्माण गर्ने ।<br>२.नेवा खोला अन्तर्गत बगैचा तिनतले झोलुङ्गे पुल निर्माण गर्ने ।<br>३. फुङफाङ हुँदै अजिरुवा नेङवा खोलामा पक्की पुल निर्माण गर्ने । |
| सिंचाई | १.नेङवा खोला मुहान हुँदै खोपेखोला हुँदै साविकको ८, ७, ६, ९ वडा सिचाई आयोजना निर्माण गर्ने ।<br>२.मजुवा खोला मुहान हुँदै न्यौपाने साम्तुङ्ग गुम्बा सुम्फेबुङ सिचाई आयोजना निर्माण गर्ने । |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | १. बछेछेरे मुहान हुँदै थुम्पाङ आरबोटे मुर्ड सिचाई कुलो निर्माण ।<br>२.वडा स्तरीय महिला समुह भवन निर्माण गर्ने । |
| विद्युत तथा वैकल्पिक उर्जा | १. वडा भित्रमा सार्वजनिक भवन तथा चोकमा केन्द्रिय लाईन विस्तार गर्ने ।<br>२. वडा नं. ६ को प्रत्येक टोल वस्तीमा केन्द्रिय लाईन विस्तार गर्ने । |
| सूचना तथा प्रविधि | १. इन्टरनेट सुविधा विस्तार गर्ने ।<br>२. मोबाइल टावर निर्माण गर्न पहल गर्ने । |

## वन वातावरण तथा विपद व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने |
|---|---|
| वन तथा जैविक विविधता | १.खाली ठाऊँहरुमा वृक्षारोपण कार्यकम तथा तिनतले मानेभञ्ज्याङ्ग सामुदायिक वन भित्र अग्निरेखा निर्माण गर्ने ।<br>२. वडा भित्र जैविक विविधता कायम गर्न वृक्षारोपण कार्यक्रम गर्ने । |
| भूमी तथा जलाधार व्यवस्थापन | १. मैवाखोलाको वडा नं.६ पूछारमा खोलाको कारण जाने पहिरो नियन्त्रण गर्ने ।<br>२. मैवाखोला बाँध निर्माण गरी पहिरो रोकथाम गर्ने । |
| वातावरण तथा स्वच्छता | १. सरसफाई तथा वातावरण स्वाच्छता सम्बन्धि जनचेतना मुलक कार्यकमहरु सञ्चालन गर्ने । |
| विपद व्यवस्थापन | १. वडा स्तरीय आपतकालिन कोष स्थापना गर्ने ।<br>२. विपद व्यवस्थापन समाग्री खरीद गर्ने तथा तालिमको व्यवस्था गर्ने । |

## संस्थागत विकास

१. वडा प्रतिनिधि तथा कर्मचारीलाई सुशासन सम्बन्धी तालिम दिने ।


२. वडाको भौतिक पूर्वाधार व्यवस्थापन गर्ने

३. वडा प्रतिनिधि तथा कर्मचारीलाई लैङ्गिक र समावेशी सम्बन्धी तालिम प्रदान गर्ने ।

## वडा स्तरीय गुरु योजना

१. वडा स्तरीय कृषि तथा पशुपक्षी सम्बन्धी गुरु योजना निर्माण गर्ने ।


## अनुसूची २: आवधिक योजना निर्माणको चरणगत फोटोहरु


DATE २०८१/१२/२३

आज मिति २०८१/१२/२३ गते मैवाखोला गाउँपालिकाको आयोजनामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान [illegible] आवधिक विकास योजना [illegible] इन्जिनियरिङ कम्पनी प्रा.लि. पुरानो बानेश्वर काठमाडौंको प्राविधिक सहजीकरणमा मैवाखोला गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा (आ.व. २०८०/८१ – २०८४/८५ पञ्चवर्षीय) प्रारम्भिक कार्यशाला गोष्ठी मैवाखोला गाउँपालिकामा गाउँपालिका अध्यक्ष श्री विजय प्रकाश वनेमको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति:

१. विजय प्रकाश वनेम (गा.पा. अध्यक्ष)
२. कमला कुमारी लिम्बु (गा.पा. उपाध्यक्ष)
३. [illegible] (प्र.प्र.अ.)
४. चन्द्रकुमार [illegible] (१ नं. वडा अध्यक्ष)
५. नरेन्द्र लिम्बु (२ नं. वडा अध्यक्ष)
६. [illegible] (३ नं. वडा अध्यक्ष)
७. [illegible] (४ नं. वडा अध्यक्ष)
८. [illegible] लिम्बु (५ नं. वडा अध्यक्ष)
९. [illegible] लिम्बु (६ नं. वडा अध्यक्ष)
१० [illegible] सुवेदी (पूर्व [illegible] अध्यक्ष)
११ [illegible] (पूर्व गा.पा. अध्यक्ष)
१२ रिता शेर्पा (कार्यपालिका सदस्य)
१३ पासाङ ग्यालु शेर्पा ( — " — )
१४ [illegible] लिम्बु ( — " — )
१५ तुलसा [illegible] ( — " — )
१६ सुनिता [illegible] ( — " — )
१७ [illegible]कुमारी लिम्बु ( — " — )
१८ [illegible] (पूर्व [illegible] अध्यक्ष)
१९ [illegible] लिम्बु ( — " — )
२० गोपाल [illegible] (पूर्व गा.वि.स. अध्यक्ष)
२१ [illegible] (गाउँसभा सदस्य)
२२ चन्द्र[illegible] लिम्बु ( — " — )
२३ मदन तिवारी (सूचना प्रविधि अधिकृत)
२४ [illegible] (रोजगार संयोजक)
२५ [illegible] (आ.लै.प.)


DATE

२६. ममता घिमिरे (२ नं. वडा सचिव)
२७. माइला बहादुर थापा (१,२,६ नं. वडा सचिव)
२८. देवी प्र. चापागाईं (प्रशासन शाखा)
२९. पूर्ण थापा (स्वास्थ्य संयोजक)
३०. सुरजा न्यौपाने (कृषि स्नातक)
३१. तमकुमार माइदेन (एम.आई.एस. अपरेटर)
३२. सुरेन्द्र राई (ना.प्रा.स.)
३३. अनिल तामाङ (फिल्ड सहायक)
३४. तारानाथ ढकाल (४ नं. वडा सचिव)
३५. सुजन लिम्बु (३ नं. वडा सचिव)
३६. कौशल भट्टराई (कृषि प्रा.)
३७. ध्रुव बस्नेत (लेखा.)
३८. अर्जुनकुमार घिमिरे (प्रा.स.)
३९. भक्त ब. थेबे (मैवाखोला गा.पा. प्र.प्र.)
४०. दिपराज लिम्बु (इन्जिनियर)
४१. तारानाथ ढकाल मैवाखोला ४ नं. वडा सचिव
४२. [illegible] मैवाखोला - ६
४३. [illegible] मैवाखोला - १
४४. मिना कुमारी लिम्बु मैवाखोला - १
४५. मिला [illegible] मैवाखोला - १
४६. इन्द्र कुमार लिम्बु मैवाखोला - ४
४७. आकृति खतिवडा (मैवाखोला गा.पा. १)
४८. मोहन लिम्बु (उ.प्र. / साथी चौको)
४९. शिवानी श्रेष्ठ
५०. [illegible] महिला उत्थान [illegible]
५१. [illegible] लिम्बु [illegible] महिला [illegible]
५२. [illegible] मुखाङ्ग संघीय लोकतान्त्रिक [illegible] संघीय किराँत प्रान्तीय [illegible] नेपाल मैवाखोला गाउँपालिका [illegible] मैवाखोला २ [illegible]
५३. [illegible] मैवाखोला - ३
५४. [illegible] लिम्बु [illegible]
५५. डा. नवराज चापागाईं

DATE

५६. शर्मिला गुरुङ (स्वास्थ्य शाखा) मैवाखोला गा.पा. Surveyor
५७. बम प्रसाद वनेम पञ्चथर आमे
५८. प्र.इ. बिष्णु हरि व कटुवाल प्रमुख प्रशासकीय अधिकृत
५९. जनकराज थोङ मैवाखोला–४
६०. मेन बहादुर लिम्बु
६१. रुपनारायण बिरुवाई प्रशासकीय अधिकृत
६२. पुनम शर्मा (अप्रमविकाशप्रयास)
६३. लक्ष्मी प्रसाद भण्डारी (स्ट्रेन्थ इन्जिनियरिङ क.प्रा.लि.)
६४. सुदर्शन अधिकारी स्ट्रेन्थ इन्जिनियरिङ प्रा.लि. अर्थशास्त्री
६५. राहुल वज्राचार्य स्ट्रेन्थ इन्जिनियरिङ क.प्रा.लि. सहायक विज्ञ
६६. अर्चना महर्जन स्ट्रेन्थ इन्जिनियरिङ क.प्रा.लि.

प्रस्तावहरू:

१. निर्देशक समिति, विषयगत समिति, सहजीकरण समिति तथा फोकल पर्सन तोक्ने सम्बन्धमा।
२. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मैवाखोला गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने प्रयोजनार्थ निम्नानुसार निर्णय गरियो।
(क) यस अघि मैवाखोला गाउँपालिकाको १६ औं कार्यपालिकाको बैठकबाट गठन गरिएको निर्देशक समितिलाई निरन्तरता दिने निर्णय गरियो।
(ख) मैवाखोला गाउँपालिकाको कार्यपालिका अन्तर्गत रहेका विषयगत समितिहरू आर्थिक विकास समिति, वन-वातावरण तथा विपद् व्यवस्थापन समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति र संस्थागत विकास तथा सुशासन विकास समितिलाई नै आवधिक विकास योजना तर्जुमाको लागि निरन्तरता दिने निर्णय गरियो।
(ग) मैवाखोला गाउँपालिकाको आवधिक योजना तर्जुमा सहजीकरण समिति देहायबमोजिम हुने गरि निर्णय गरियो।

अ. लक्ष्मीमाया गौतम – संयोजक
आ. देवी प्रसाद चापागाई – सदस्य
इ. अर्जुनकुमार घिमिरे – सदस्य
ई. प्रेम बहादुर कार्की – सदस्य

DATE

३. मदन तिवारी - सदस्य
३. अर्पण पोठाक लिम्बु - सदस्य सचिव

(ख) मैवाखोला गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि Focal person को जिम्मेवारी श्री मदन तिवारीलाई तोक्ने निर्णय गरियो।

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा मैवाखोला गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धी वडा स्तरिय अभिमुखिकरण तथा छलफल कार्यक्रम देहाय बमोजिमको मितिमा गर्ने निर्णय गरियो।

वडा नं. १ मिति २०७९ चैत्र २७ गते
वडा नं. २ मिति २०७९ चैत्र २४ गते
वडा नं. ३ मिति २०७९ चैत्र २५ गते
वडा नं. ४ मिति २०७९ चैत्र २६ गते
वडा नं. ५ मिति २०७९ चैत्र २९ गते
वडा नं. ६ मिति २०७९ चैत्र २८ गते

Mahalaxmi

## अभिमुखीकरण कार्यक्रम








# वडागत छलफल





## योजना तर्जुमा कार्यशाला











## मस्यौदा प्रतिवेदन छलफल

